सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७३

An Audit Report on Right to Information, 2016

राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७३

प्रकाशक : राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल ।
फोन : ०१-४४६४४१२, ०१-४४९६५४४
फ्याक्स : ०१-४४९६५४५
इमेल : info@nic.vog.np
वेबसाइट : www.nic.gov.np
प्रकाशन मिति : २०७३ असोज १२ गते
सूचनामा सर्वव्यापी पहूँचका लागि अन्तरराष्ट्रिय दिवस, २०७३
International Day for the Universal Access to Information,
28 September 2016
प्रति : ८००
मुद्रक : सिमोन प्रिन्टर्स एण्ड ट्रेडर्स, अनामनगर, काठमाडौं
फोन नं. ५२६००३०

आयोगको भनाई

राष्ट्रिय सूचना आयोगले मुलुकमा विद्यमान ३१ वटा मन्त्रालयको सूचनाको हकको कार्यान्वयन अवस्थाको लेखाजोखा (आरटिआई अडिट) गरेको छ । आयोगले अन्तर्राष्ट्रिय अनुभव र आफ्नो मुलुकको परिवेशलाई मनन गरी सूचनाको हकको प्रचलनमा मन्त्रालयहरू प्रतिबद्ध र क्रियाशील छन् भनी सकारात्मक सन्देश प्रवाह गर्दै संविधान प्रदत्त नागरिकको सूचनाको हक प्रत्याभूत गराउने काममा सरकारी निकायमा उत्साह पैदा गर्ने ध्येयले यो अडिट गरिएको हो । यस अडिटमा विज्ञहरूसमेतसँग परामर्श गरी २० वटा सूचकाङ्कका माध्यमद्वारा मन्त्रालयहरूलाई पहिलो चरणमा सूचनाको हकको प्रचलनमा आफ्नो सामान्यभन्दा सामान्य भूमिकाका बारेमा सचेतना गराउने लक्ष्य राखिएको थियो । साथै मन्त्रालयहरू यस परीक्षणबाट हतोत्साही नहुन् भनी सम्भव भएसम्म सम्बन्धित मन्त्रालयबाटै अवकाश भएका सचिवलाई परीक्षण (आरटिआई अडिट) गर्ने जिम्मेवारी दिइएको थियो । यस अध्ययनमा मन्त्रालयहरूले सूचनाको हकको कार्यान्वयनमा हासिल गरेको अंक आयोगका तर्फबाट प्रदान गरिएको होइन । यो अंक अवकाशप्राप्त विशिष्ट श्रेणीका पदाधिकारीले सम्बन्धित मन्त्रालयको स्थलगत अनुगमन गरी, छलफल एवं अन्तर्क्रियाको माध्यम र सम्बन्धित निकायका पदाधिकारीको प्रतिबद्धताका आधारमा प्रदान गरिएको हो । सम्बन्धित मन्त्रालयबाट अवकाश प्राप्त सचिवलाई नै अडिटको जिम्मेवारी दिँदा यथार्थभन्दा फरक ढंगले अंक हासिल हुने अध्ययनको सीमाबारे अनुमान हुँदाहुँदै पनि हासिल गरेको अंकबाट उत्प्रेरित भई भविष्यमा प्राप्त अंक अनुसार नै सूचनाको हक कार्यान्वयनमा मन्त्रालयहरु लागुन् भन्ने पवित्र उद्देश्य राखेर आयोगले यस्तो निर्णय लिएको थियो । राष्ट्रिय सूचना आयोगले यसपछि गर्ने दोस्रो चरणको आरटिआई अडिटमा सूचनाको हकको कार्यान्वयनको पाटोलाई उजागर गर्ने प्रश्नावली तयार गर्नेछ । यसरी साधारणबाट कठिन (Simple to complex) तर्फको अनुसन्धान गरी सरकारी निकायको निरन्तर प्रतिबद्धता हासिल गरी नागरिकको सूचना पाउने हकको अधिकतम कार्यान्वयनको अवस्था मापन पार्ने कार्यलाई निरन्तरता दिइनेछ ।

यस सर्वेक्षणमा मन्त्रालयहरूले प्राप्त गरेको अंक अनुसन्धानकर्ता पूर्व सचिवहरूले दिनुभएको कुरा माथिल्लो अनुच्छेदमा नै उल्लेख भैसकेको छ । पूर्व सचिवहरुले संकलन गरी ल्याउनु भएको तथ्य, तथ्याङ्करुपी विवरणलाई टेबुलेसन गर्ने कामको जिम्मेवारी पनि आयोगले विज्ञलाई दिएको छ । वरिष्ठ पत्रकार एकराज पाठकले संकलित तथ्याङ्कलाई प्रस्तुत अध्ययनको अध्याय-१ मा अध्ययन विधि र अध्याय-२ मा २० वटा सूचकाङ्कको नतिजा तुलनात्मक रुपमा तयार गर्नुभएको छ । यसैगरी, उहाँले अध्याय-३ मा मन्त्रालयहरुको संक्षिप्त परिचय, आयोगले तयार गरेको अध्ययन फारममा समावेश भएका ५ वटा प्रश्नको परिमार्जित उत्तर र पूर्व सचिवहरुको सुझावलाई पठनीय तुल्याई प्रस्तुत गर्नुभएको छ । यसैगरी उहाँले प्रस्तुत अध्ययनको अध्याय-४ मा पूर्व सचिवहरुले संकलन गरेका टिप्पणीलाई एकीकृत गरी सर्वेक्षणको निष्कर्षका रुपमा प्रस्तुत गर्नुभएको छ भने अध्याय-५ मा पूर्व सचिवहरुका छरिएका सुझावहरुलाई ४ वटा खण्डमा सर्वेक्षणका सुझावका रुपमा प्रस्तुत गर्नुभएको छ । यसरी समष्टीगत तथ्याङ्क संकलन पूर्व सचिवहरुले गर्नुभयो र त्यसको विश्लेषण/विवेचना/टेबुलेसन एकराज पाठकले गर्नुभएकाले यी अध्ययनमा आयोगको प्रत्यक्ष संलग्नता छैन । तर, यी १ देखि ५ अध्यायको अध्ययनबाट आयोग मौन रहन सकेन र अध्याय ६ मा आफ्नो टिप्पणी र सुझावसहित आयोग उपस्थित भएको छ । यसरी आयोगको तर्फबाट अध्याय ६ मा प्रस्तुत गरिएका

सुझावहरूले यस क्षेत्रको समष्टिगत पक्षलाई समेटेको छैन । केवल आयोगबाट तयार गरिएका २० वटा प्रश्न र तिनको नतिजामा आधारित भई आयोगका सुझावहरू प्रस्तुत भएका छन् ।

यस सर्वेक्षणमा प्रत्यक्ष सघाउने अवकाशप्राप्त सचिवहरू पूर्णतः धन्यवादका पात्र हुनुहुन्छ । उहाँहरूले संकलन गरी ल्याउनुभएको तथ्य-तथ्याङ्करूपी कच्चा पदार्थलाई प्रस्तुत पुस्तकाकार रूप दिने वरिष्ठ पत्रकार एकराज पाठकप्रति आयोग धन्यवाद ज्ञापन गर्दछ । यसैगरी प्रस्तुत अध्ययनमा प्रत्यक्ष सघाउने सम्बन्धित मन्त्रालयका सचिवहरू, सूचना अधिकारी र अन्य पदाधिकारीलाई पनि हार्दिक साधुवाद छ । अन्त्यमा, यस प्रतिवेदन तयार गर्न आयोगका सचिव शरदराज विष्ट, सहसचिव महेन्द्र थापा, उपसचिव वेदनिधि अधिकारी लगायतका कर्मचारीहरुको मेहनतका लागि पनि आयोगका तर्फबाट धन्यवाद ज्ञापन गर्न चाहन्छौँ ।

यशोदादेवी तिम्सिना	किरणकुमार पोखरेल	कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त	सूचना आयुक्त	प्रमुख सूचना आयुक्त

राष्ट्रिय सूचना आयोग

कृष्णहरि बाँस्कोटा
प्रमुख सूचना आयुक्त

किरणकुमार पोखरेल
सूचना आयुक्त

यशोदादेवी तिम्सिना
सूचना आयुक्त

शरदराज विष्ट
सचिव

विषयसूची

	पेज नं.
अध्याय १ : प्रारम्भिक	**१**
१. पृष्ठभूमि	१
२. आरटीआई अडिट	३
३. अध्ययन विधि	५
४. अध्ययनको औचित्य	६
५. अध्ययनका सीमाहरू	६
६. सर्वेक्षणमा समेटिएका मन्त्रालयहरू	६
७. अध्ययनको नतिजा	७
अध्याय २ : सूचकाङ्कको मन्त्रालयगत तुलनात्मक अध्ययन	**९**
२.१ सूचना अधिकारी	९
२.२ स्वतः प्रकाशन	१०
२.३ सूचना मागको दर्ता किताब	११
२.४ सचिव/महाशाखा प्रमुखको प्रतिबद्धता	१३
२.५ सूचना अधिकारीको प्रतिबद्धता	१४
२.६ सूचना अधिकारी तोकिएको बोर्डको व्यवस्था	१५
२.७ सूचना माग र सूचना दिएको विवरण अद्यावधिक गरिएको	१६
२.८ कानुनले तोकेको अवधिभित्र सूचना दिनुपर्ने कुरामा सजग	१७
२.९ मागेका सूचना उपलब्ध गराएको	१८
२.१० सूचना अधिकारीको तालिम	१९
२.११ सूचनाको प्रचार प्रसार	२०
२.१२ सूचना शाखाको स्थापना	२२
२.१३ सूचना अधिकारी उच्च पदको तोकिएको	२३
२.१४ उजुरी पेटिका	२४
२.१५ सार्वजनिक सुनुवाई	२६
२.१६ पत्रकार भेटघाट (मिट द प्रेस)	२७
२.१७ वेबसाइटमा प्रेस विज्ञप्ति	२८
२.१८ वेबसाइट अद्यावधिक रहेको	२९
२.१९ सूचनाको हक सम्बन्धमा छलफल	३०
२.२० सूचनाको हक प्रचलनमा तत् निकायको अग्रसरता	३१

अध्याय ३ : मन्त्रालय र मातहतका निकायहरूको अवस्था अध्ययन **३३**
३.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ३३
३.२ अर्थ मन्त्रालय ३४
३.३ आपूर्ति मन्त्रालय ३५
३.४ उद्योग मन्त्रालय ३६
३.५ ऊर्जा मन्त्रालय ३७
३.६ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ३८
३.७ कृषि विकास मन्त्रालय ४०
३.८ खानेपानी तथा सरसफाइ मन्त्रालय ४१
३.९ गृह मन्त्रालय ४३
३.१० जनसंख्या तथा वातावरण मन्त्रालय ४४
३.११ परराष्ट्र मन्त्रालय ४६
३.१२ पशुपंक्षी विकास मन्त्रालय ४७
३.१३ भूमिसुधार तथा व्यवस्था मन्त्रालय ४८
३.१४ भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय ५०
३.१५ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ५१
३.१६ युवा तथा खेलकुद मन्त्रालय ५२
३.१७ रक्षा मन्त्रालय ५३
३.१८ वन तथा भू-संरक्षण मन्त्रालय ५५
३.१९ वाणिज्य मन्त्रालय ५६
३.२० विज्ञान तथा प्रविधि मन्त्रालय ५७
३.२१ सहकारी तथा गरिबी निवारण मन्त्रालय ५९
३.२२ सहरी विकास मन्त्रालय ६०
३.२३ सामान्य प्रशासन मन्त्रालय ६१
३.२४ सिंचाइ मन्त्रालय ६२
३.२५ सूचना तथा सञ्चार मन्त्रालय ६४
३.२६ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ६५
३.२७ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ६७
३.२८ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ६८
३.२९ शान्ति तथा पुनर्निर्माण मन्त्रालय ७०
३.३० शिक्षा मन्त्रालय ७१
३.३१ श्रम तथा रोजगार मन्त्रालय ७३
अध्याय ४ : सर्वेक्षकको निष्कर्ष **७५**
अध्याय ५ : सर्वेक्षकका सुझावहरू **७८**
अध्याय ६ : राष्ट्रिय सूचना आयोगको सुझाव **८१**

कार्यकारी सारांश

नेपालमा सूचनाको हकसम्बन्धी ऐन लागू भएको करिब नौ वर्षको इतिहासमा राष्ट्रिय सूचना आयोगले पहिलो पटक सूचनाको हक कार्यान्वयनको परीक्षण (आरटिआई अडिट) मार्फत नेपालका मन्त्रालय र केन्द्रीय तहका विभागको स्थिति मापन गरिएको छ । सर्वेक्षण विधिबाट गरिएको यस परीक्षणमा संलग्न तथ्याङ्क संकलक वा सर्वेक्षकमा ती मन्त्रालयमा सचिवको जिम्मेवारी बहन गरी सेवानिवृत्त भएका व्यक्तित्वहरू हुनुहुन्छ। बीसवटा प्रश्नहरू पहिले नै तय गरेर ती प्रश्नलाई तीन भागमा प्राप्ताङ्कको मूल्याङ्कन गरिएको छ। ०, २.५ र ५ गरी तीनवटा अंकभारमा एउटा प्रश्न सोधिएको छ र प्रत्येक प्रश्नको पूर्णाङ्क ५ दिइएको छ। प्रश्नको जवाफ बमोजिम प्रत्येक प्रश्नमा बढीमा पाँच अंक प्राप्त गर्ने विधि तय गरिएको छ। सर्वेक्षकहरूले स्थलगत भ्रमण गरेर नै प्रश्नावली भर्नु वा भराउनु भएको छ। यसरी २० वटा प्रश्नमा प्रत्येक प्रश्नको अंकभार ५ का दरले १०० मा मापन गरिएको छ। यही आधारमा शतप्रतिशत अथवा १०० अंक प्राप्त गर्ने मन्त्रालयहरू पनि परेका छन्। यहि आधारमा दिइएको अंकले ती मन्त्रालयहरु सूचनाको हकको कार्यान्वयनमा ठ्याक्कै त्यो तहमा नपुगेको यथार्थ हुँदाहुँदै पनि तुलनात्मक रुपमा शतप्रतिशत अंक हासिल गर्ने मन्त्रालयहरु अन्य मन्त्रालयभन्दा माथि रहेको कुरालाई भने संकेत गरेको बुझ्न मद्दत पुग्छ।

यो परीक्षण सूचनाको हकसम्बन्धी ऐन, २०६४ को कार्यान्वयनको प्रारम्भिक अवस्था पत्ता लगाउने र कार्यान्वयनको प्रतिवद्धता व्यक्त गराउने उद्देश्यमा केन्द्रित छ। खासगरी देशको केन्द्रीय प्रशासनिक निकायका रूपमा रहेका मन्त्रालय र तिनका कम्तिमा पनि केन्द्रीय तहका विभागहरूमा यो कानुनको कार्यान्वयनको अवस्था मात्र नभएर सूचनाको हकसम्बन्धी कानुनको बुझाइकै बारेमा पनि सर्वे गरिएको छ। सूचना माग भई आएको विषयमा दर्ता किताब राख्नेदेखि सूचना अधिकारीलाई तालिम दिए नदिएको जस्ता विषयमा अनुसन्धान गरिएको छ। सूचना अधिकारीकै व्यवस्था भए नभएको विषयदेखि कुन तहका व्यक्तिलाई सूचना अधिकारी राखेको भन्ने विषयको जानकारी यस सर्वेक्षणमा लिइएको छ।

तथ्याङ्क संकलकले हरेक मन्त्रालयको बारेमा जानकारी पनि दिनुभएको छ। सर्वेक्षणपछि उक्त मन्त्रालयको सेवाको प्रकृति र वर्तमान अवस्थालाई उहाँहरूले प्रस्तुत गर्नुभएको छ। साथै उहाँहरूले सर्वेक्षणका क्रममा पाएको अवस्था र त्यस अवस्थाको सुधारका लागि सुझाव दिनुभएको छ। सर्वेक्षणपछि उहाँहरूले हरेक मन्त्रालयको अवस्थाको बारेमा निष्कर्ष पनि प्रस्तुत गर्नुभएको छ। उहाँहरूबाट मन्त्रालयगत रूपमा प्राप्त निष्कर्ष तथा सुझावहरूलाई पनि यस अध्ययनमा समेटिएको छ। अध्ययनको अन्त्यमा समग्र निष्कर्ष र सुझाव पनि एकीकृत रूपमा प्रस्तुत गरिएको छ। अध्ययनको निष्कर्ष र सुझावको अर्को अध्यायमा यस सूचना परीक्षणकर्ता निकाय राष्ट्रिय सूचना आयोगका सुझावहरू प्रस्तुत गरिएको छ। परीक्षणका क्रममा सर्वेक्षकको सुझाव र निष्कर्ष तथा यस क्रममा भेटिएका संख्यात्मक तथ्याङ्कबाट मात्र अपुग हुने ठानी आयोगले पनि समग्र वस्तुस्थितिको मूल्याङ्कन गरी आफ्नो तर्फबाट सुझाव प्रस्तुत गरेको हो।

परीक्षण विधि विधागत रूपमा ठीक छ। यसले अनुसन्धानको आफ्नो अनुशासन र आचार संहिताभित्र बसेर आवश्यक सबै सूचकहरू तयार गर्ने र तिनका आधारमा प्राप्त भएका अंकहरूलाई यथार्थ रूपमा प्रस्तुति र विश्लेषण गरेको छ। कतिपय अवस्थामा संख्या मात्र समेट्दा यसको भावना र गुणात्मकता छुटेको पनि हुन सक्दछ, जस्तो कि सूचनाको हकको कानूनबमोजिम सूचना अधिकारी राखेकोले पाँच अंक प्राप्त गर्न पाउने

अनुसन्धानको नियमबमोजिम त्यस निकायले पूर्णाङ्क नै पाएको छ, तर सूचना अधिकारी राखिएको भएपनि निजलाई सबैले देख्ने वा चिन्नेगरी राखे/नराखेको, उनी पहुँचयोग्य अवस्थामा रहे/नरहेको वा उनले गर्ने गरेका कार्यसम्पादनको बारेमा त्यस सूचकमा अंक नआउने भएकोले यी भित्री भावनाका पक्षहरू छुटेको हुन सक्दछ । त्यसैले बाहिरबाट व्यावहारिक रूपमा हेर्दा कानुनको कार्यान्वयनमा त्यति उल्लेखनीय कार्य नगरेको भनिएका कतिपय निकाय पनि अंकको हिसाबले राम्रो कार्यसम्पादनको स्थानमा पुगेका छन् । यो गुणात्मक (Qualitative) नभएर संख्यात्मक (Quantitative) अनुसन्धान भएकोले यसमा त्यो गुणस्तरीयताको पक्ष सुषुप्त अवस्थामा रहेको पनि हुन सक्दछ । तर यो पनि यस्ता निकायका लागि उत्प्रेरणाको रूपमा रहन सक्दछ ।

त्यसैले पनि अध्ययनको निष्कर्ष सोचेभन्दा राम्रो आएको छ । नेपालमा सूचनाको हकको कार्यान्वयनको सम्बन्धमा अधिकांश सरकारी निकाय र त्यहाँका सार्वजनिक ओहदाधारी व्यक्तित्वहरू उदासिन छन् भन्ने आमधारणा पाइन्छ । त्यसैले पनि यस अनुमानको यथार्थ मापनका लागि राष्ट्रिय सूचना आयोगले यो परीक्षणको बाटो लिएको हो । तर निष्कर्ष भने यो आमधारणाको विपरित छ । मन्त्रालयहरूले यसअघिको सो धारणाजस्तै त्यति धेरै नगरेको अवस्था देखिने खालको निष्कर्ष निस्किएको छैन । सूचनाको हकको कार्यान्वयनका लागि आवश्यक पर्ने धेरैजसो कामहरूमा मन्त्रालय र विभागहरू परीक्षणमा धेरै अघि देखिए । कैयौँ मन्त्रालयले प्राप्त गरेको अंक हेर्दा कमजोर पक्षहरू अति देखिएका छन् । यस कानुनको बुझाई, कार्यान्वयनको प्रतिबद्धता र यसको प्रवर्द्धनात्मक कार्यक्रमहरू यस सर्वेक्षणबाट धेरै रहेको देखिएको छ । प्राप्ताङ्कको आधारमा गरिएको मूल्याङ्कन तथा तथ्याङ्क प्रस्तुतिको अवस्था राम्रो छ ।

सूचनाको मागका सम्बन्धमा दर्ता किताब राख्ने गरेको कुराबाट अंक प्राप्त गरेको भएपनि यसमा अद्यावधिक रूपमा लेख्नुपर्ने र यस्ता तथ्याङ्कलाई पनि समय समयमा कानुनले तोकेबमोजिम सार्वजनिक गर्नुपर्ने भन्ने पक्षलाई सुझाव अध्यायमा प्रस्तुत गरिएको छ । सार्वजनिक निकायले स्वतः खुलासाको प्रावधान पूरा गरेको जनाएका छन् भने उनीहरूलाई यस्तो खुलासाको प्रभावकारिता र वैधानिकताका लागि सुझाइएको छ । सूचना अधिकारी राखेको भनी त्यसमा पूर्णाङ्क प्राप्त गरेका मन्त्रालय वा विभागलाई ती सूचना अधिकारीलाई सूचना दिने काममा पनि उत्प्रेरित बनाउनेतर्फ लाग्न सुझाइएको छ । यसरी समग्रमा नेपालको प्रमुख प्रशासनिक निकाय मन्त्रालय मात्र नभई तिनका मातहतका समग्र सार्वजनिक निकायलाई पनि यस ऐनको कार्यान्वयनमा तदारूकताका लागि यस अध्ययनले महत्वपूर्ण सुझाव प्रस्तुत गरेको छ । संख्यात्मक रूपमा अथवा अंक प्राप्तिको आधारमा राम्रो परिणाम प्राप्त गरेका सम्बन्धित मन्त्रालयका लागि आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ । तथ्याङ्क संकलकले स्थलगत रूपमा संकलन गरेका तथ्याङ्क र त्यस अवसरमा उहाँहरूले देखेका वास्तविकतालाई सुझावका रूपमा प्रस्तुत गर्नुभएको छ । अध्ययनमा तथ्याङ्क संकलकका सुझावका रूपमा यो खण्डमा प्रस्तुत गरिएको छ । त्यसैगरी अर्को सुझाव यस अध्ययनको समग्र अध्ययनको सुझावका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै राष्ट्रिय सूचना आयोगले प्रस्तुत गरेका सुझावहरुलाई पनि यस अध्ययनको अर्को अध्यायमा राखिएको छ ।

अध्याय १ : प्रारम्भिक

१. पृष्ठभूमि

नेपालमा सूचनाको हकसम्बन्धी नागरिक अधिकारको ढोका तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ ले खोलिदिएको हो । वि.सं. २०४६ को जनआन्दोलनपछि पुनर्स्थापित प्रजातन्त्रको उपलब्धिका रूपमा जारी यस संविधानले नागरिकको मौलिक हकमा नै सूचनाको हकको व्यवस्था गरेको थियो । उक्त संविधानको धारा १६ मा प्रत्येक नेपालीले सार्वजनिक महत्वको कुनैपनि विषयको सूचना माग्ने र पाउने अधिकार हुनेछ भनी उल्लेख गरिएको थियो । यसरी 'सूचनाको हक' लाई संविधानमा व्यवस्था गरिएको दक्षिण एसियामा नै सम्भवतः यो पहिलो अवसर थियो ।

संविधानमा मौलिक हकमा सूचनाको हकलाई समावेश गरेपछि त्यस बेलै यो संवैधानिक अधिकारको प्रयोग नागरिकले गरेको पाइन्छ । सञ्चार माध्यम समेतका कतिपय संस्था र प्रबुद्ध वर्गले जनचासोका र राज्यसँग सम्बन्धित सार्वजनिक महत्वका विषयमा सूचना माग्ने र पाउने अधिकारको महत्वका बारेमा देशैभर बहस चलाए ।

यहीबीच विश्वभर सूचनाको हकसम्बन्धी छुट्टै कानुन बन्ने अभियान पनि सुरू भयो । संविधानमा र विशेषतः नागरिकको मौलिक हक अन्तर्गत सूचनाको हकको व्यवस्था गरेका प्रजातान्त्रिक देशहरूमा पनि सूचनाको हकसम्बन्धी छुट्टै कानुनको निर्माण हुन थाल्यो । सन् १७६६ मा नै स्वीडेनले नागरिकको सूचना अधिकारका पक्षमा यो कानुन बनाएको थियो । सूचनाको हक सम्बन्धी अलग्गै कानुन बनाउने स्वीडेन नै विश्वको पहिलो देश हो । त्यो अभियानले नेपाललाई छुन करिव अढाई सय वर्ष लाग्यो । समयक्रममा पत्रकारहरूका सभा, सम्मेलन र संसद् अधिवेशनमा सूचनाको हकसम्बन्धी कानुनको आवश्यकताका बारेमा छलफल सुरू हुन थाल्यो । यो अभियानको करिब दुई दशकपछि नेपालले पनि सूचनाको हकसम्बन्धी अलग्गै कानुन पायो । विसं २०६२/६३ को जनआन्दोलन पश्चात् नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो, र त्यस संविधानले सूचनाको हकसम्बन्धी व्यवस्थालाई नागरिकको मौलिक हकका रूपमा व्यवस्था गऱ्यो । त्यसलगत्तै गठित सरकारले ल्याएको सूचनाको हकसम्बन्धी ऐनलाई विसं २०६४ साउन ५ गते बसेको तत्कालीन व्यवस्थापिका संसद्ले प्रमाणीकरण गऱ्यो र यो कानुन पारित भएको ३० दिन अर्थात २०६४ भदौ ३ गतेदेखि कार्यान्वयनमा आयो ।

नेपालले सूचनाको हक सम्बन्धी ऐन पाएको नौ वर्ष नाघिसकेको छ । यो कानूनको कार्यान्वयनका सन्दर्भमा अब मूल्याङ्कन गर्ने समय आएको छ ।

सूचनाको हकसम्बन्धी ऐन जारी भएको नौ महिनासम्म राष्ट्रिय सूचना आयोग गठन हुन सकेन । आयोगको अभावमा सूचना प्राप्त गर्न नसकेका सूचनाग्राहीहरूले उजुरी गर्न जाने ठाउँ भएन । यस अवधिमा महत्वपूर्ण सूचना माग भएका र त्यस्तो सूचना प्राप्त हुन नसकेपछि सर्वोच्च अदालत जानुपरेका उदाहरण पनि

छन् । सूचना मागको अभियानमा संलग्न अभियन्ता, नागरिक समाज एवम् पत्रकारहरूको व्यापक मागपछि यो आयोग गठन भएको हो ।

आयोगको गठनपछि केही समय आयोगको कार्यालय सूचना तथा सञ्चार मन्त्रालयभित्र राखियो । सिंहदरबार नेपालको प्रमुख प्रशासनिक केन्द्र रहेको र देशका प्रायः सबै मन्त्रालय तथा केन्द्रीय सचिवालयहरू पनि यसैभित्र रहेकोले सुरक्षाका कारणले भन्दै सर्वसाधारण नागरिकका लागि सिंहदरबार प्रवेशमा निकै कडाई थियो । यहीकारण सूचनाग्राहीहरू र सूचना प्राप्त गर्न नसक्नेहरूलाई उजुरी वा पुनरावेदन दिन राष्ट्रिय सूचना आयोगसम्म पुग्न कठिन भयो । यही वस्तुतथ्यलाई मनन गरी आयोगलाई प्रशासनिक एवम् भौतिक रूपमा नै पहुँचयोग्य बनाउन सिंहदरबारबाट बाहिर ल्याइयो । यसबाट आयोग जनताको सहज पहुँचमा आयो र यसबाट आयोगको स्वतन्त्रता स्थापित पनि भयो ।

नेपाल मौन सामाजिक संस्कारमा आधारित समाज हो । "नजाने गाउँको बाटो नसोध्नु", "मौनं सम्मति लक्षणं अर्थात् मौन रहनु नै सहमति हो", "आफूभन्दा ठूलासँग सवाल जवाफ नगर्नु" भन्ने त हाम्रो समाजको मूल संस्कार नै भएको छ । यसबाट के देखिन्छ भने नेपाली समाजलाई खुलाउन गाह्रो छ । अर्कातर्फ हाम्रो प्रशासनिक संयन्त्र पनि बढी गोपनीयतामा विश्वास गर्दछ र सकेसम्म आफ्नो कार्यसम्पादनका कुराहरू बाहिर नआउन् भन्ने चाहन्छ । यो सामाजिक परिवेशका कारण पनि देशको प्रशासनिक संयन्त्रलाई पारदर्शी बनाउनु गाह्रो काम हो । यसका कारण पनि गएको नौ वर्षमा आयोग जेजति अपेक्षित खुल्न सक्थ्यो त्यति खुल्न नसकेको हुन सक्छ ।

जनताले पनि अपेक्षित संख्यामा सूचना मागेनन्, र सूचना माग्ने अभियानले पनि अभियानको रूप लिन सकेन कि भन्नेजस्तो विश्लेषण हुने गरेको छ । यसर्थ, पत्रकारहरू यो कानुनको निर्माणका लागि जे जसरी बिगतमा लागिपरेका थिए त्यही कानुन आएपछि यसको प्रयोग मार्फत मुलुकमा व्याप्त अनियमितता एवम् भ्रष्टाचारलाई बाहिर ल्याउनेतर्फ अग्रसर हुनु पर्दछ । नागरिकका पक्षमा यति महत्वपूर्ण कानुन आएको छ र यसले जनतालाई निकै बलियो बनाएको छ भन्ने बारेमा देशव्यापी रूपमा गाउँघर जगाउने कार्यक्रमहरू पनि सञ्चालन गर्नु पर्दछ ।

हुनतः यस अवधिमा सूचनाको माग गर्ने नागरिकको संख्या यतिधेरै भएन । यस कानुनको बारेमा नागरिक तहमा सचेतनाको अभावमा पनि त्यसो भएको हुनसक्छ । यसका लागि सरकारका साथै नागरिक समाजका तहहरूमा पनि यसको प्रचार प्रसारका कार्यक्रमहरू कम भएको हुनसक्छ । तर थोरै नै सही, केही महत्वपूर्ण उपलब्धिहरू भने यस अवधिमा हासिल भएको मान्न सकिन्छ । विद्यार्थीले विश्वविद्यालयमा दिएको परीक्षाको उत्तरपुस्तिका, कुनै पनि सार्वजनिक निकायले गरेको खर्च रकमको बिल भौचर, लोकसेवा आयोगले लिएका परीक्षाको प्राप्ताङ्क हेर्न पाउनेजस्ता महत्वपूर्ण नजिरहरू राष्ट्रिय सूचना आयोगका आदेशबाटै स्थापित भएका छन् ।

तर, अहिले पनि नेपालीको मन मस्तिष्कमा सरकारी कार्यालयहरूले नै सूचना दिँदैनन् भन्ने धारणा छ । यो सोचमा परिवर्तन ल्याउन आवश्यक छ । नेपालको सूचनाको हकसम्बन्धी ऐन विश्वका अरू देशहरूको तुलनामा प्रजातान्त्रिक नै छ । यस कानुनले सूचना दिनुपर्ने दायित्वभित्रका सार्वजनिक निकायलाई बढी

फराकिलो पनि बनाएको छ। जस्तो कि सरकारी निकायहरूमात्र नभएर राजनीतिक दल, गैरसरकारी संघसंस्थाहरू र निजी क्षेत्र पनि यस कानुनले सूचना दिनुपर्ने दायित्व भित्रका सार्वजनिक निकायका रूपमा परिभाषित गरेको तथा गैरसरकारी संस्थाहरु पनि नागरिकको सूचनाको पहुँचभन्दा बाहिर जान सक्दैनन् भन्ने मान्यता स्थापित गर्न आयोग सफल भएको छ ।

नेपालमा सूचनाको हकको प्रचलन र प्रयोगका लागि बढी उत्तरदायित्व भएका देशको केन्द्रीय प्रशासनिक निकायहरूको अवस्थाको अध्ययनका लागि यो सर्वेक्षण गरिएको हो । खासगरी देशमा सूचनाको हकसम्बन्धी ऐन जारी भएपछि यसलाई देशव्यापी बनाउने, यो कानुन पत्रकारका लागिमात्र नभई मूलतः जनताका लागि हो र यसबाट जनताले अधिकार मात्र प्राप्त गर्दैनन् उनीहरूको अवसरको पनि प्राप्ति हुन्छ भन्ने अभियानलाई जनताको घरआँगनसम्मै पुऱ्याउने काम हुन सकेन । देशको प्रशासनिक निकाय र राजनीतिक नेतृत्वले पनि यस कुराको बोध निकै कम गरेको गुनासो अहिले सुन्ने गरिन्छ । सूचना अधिकारकर्मीहरूका सभा सम्मेलन, सूचनाग्राहीका अभियानहरू तथा नागरिक समाजको क्षेत्रका व्यक्तिहरूका गोष्ठी आदिमा पनि सरकारी निकायले नै सूचना दिएनन् भन्ने गुनासो आउँछ । यसका कारण पनि सूचना दिने तथा आफ्नो मातहतका निकायलाई समेत यस कार्यका लागि बढी प्रतिबद्ध बनाउने मन्त्रालय र केन्द्रीय निकायहरूकै अवस्थाको बारेमा यो सर्वेक्षण केन्द्रित गरिएको छ ।

यस अध्ययनले विशेषतः नेपाल सरकारको केन्द्रीय प्रशासनिक निकायका रूपमा रहेका मन्त्रालयहरूमा सूचनाको हकसम्बन्धी कानुनको बुझाई र यसप्रतिको व्यवहारको मापन गरेको छ। ती निकायका पदाधिकारीमा सूचनाको हकसम्बन्धी ऐनको बुझाई के छ ? उनीहरूले सूचनाको हकसम्बन्धी ऐन बमोजिम सूचना दिने प्रयोजनका लागि सूचना अधिकारी नै राखेका छन् कि छैनन् ? भन्नेसम्मको अति साधारण तर नगरी नहुने कामका बारेमा बुझ्ने काम गरिएको छ ।

२. आरटीआई अडिट

सामान्यतया अडिट भनेको कुनै निश्चित समयमा सम्पादन गरिएको कार्यको लेखाजोखा, मूल्याङ्कन, अनुगमन वा निरीक्षण गरी गर्ने कार्य हो । यस्तो अडिट सरकारी वा गैरसरकारी सबै क्षेत्रको हुने गर्दछ । अडिट प्रायः बजेट वा कुनै सरकारी कार्यक्रम वा योजनाको हुने गर्छ । बजेट वा आर्थिक हिसाबकिताबको अडिट महालेखा परीक्षकको कार्यालयले गर्ने गर्छ भने अन्य कार्यक्रम वा योजनाहरूको अडिट तालुक कार्यालय वा राष्ट्रिय योजना आयोगले पनि गर्ने गर्छ । पछिल्ला दिनहरूमा यस्तो अडिटको काम सामाजिक वा गैरसरकारी संघसंस्थाहरूले पनि गर्ने गरेका छन् । यस्ता संस्थाहरूले सरकारी कामकारबाहीहरूलाई त्यसका सरोकारवाला वा उपभोक्ताहरूबाट अनुमोदन गराउने वा सार्वजनिक सुनुवाईका माध्यमबाट जनसहभागितामा गर्ने गरेका छन् । यसलाई आजभोलि चलनचल्तीमा सामाजिक लेखापरीक्षण (Social Audit) भन्ने गरिन्छ । अर्कातर्फ प्रस्तावित वा सञ्चालित कार्यक्रमहरू वा बजेटका बारेमा गरिने अडिट हुन्छन् जस्तोकि लैंगिक बजेट, गरिबमुखी बजेट, वातावरणमैत्री बजेट वा कार्यक्रम आदि ।

अडिटको यो प्रचलनमा पछिल्लो समयमा संसारमा प्रचलित अर्को प्रक्रिया हो आरटीआई अडिट। सूचनाको हकसम्बन्धी ऐनका बारेमा गरिने यस्तो अडिट विभिन्न विषय र विधामा गर्न सकिन्छ र यसको उद्देश्य भने

यस ऐनको प्रयोगमा नै केन्द्रित हुने गर्दछ । यो ऐन पनि देशमा सुशासनको स्थापनाका लागि एक औजार नै हो । अनियमितता रोक्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, विकृति र विसंगतिलाई उजागर गरी समाजलाई पारदर्शी बनाउने तथा शासकहरूलाई जनताप्रति उत्तरदायी बनाउने दरिलो हतियारका रूपमा संसारमा सूचनाको हकलाई प्रचलनमा ल्याउन थालिएकोले यसको प्रयोग र प्रचलनका तौरतरिकाको खोजी गर्ने प्रक्रियाको थालनी भएको हो । यसैलाई नै आरटीआई अडिट भन्ने गरिएको छ ।

हाल संसारमा प्रचलनमा रहेका आरटीआई अडिटका स्वरूपमध्ये बढी प्रचलित यसको प्रयोगमा नै आधारित हुने गरेको भेटिन्छ । सूचनाको हकसम्बन्धी ऐनको प्रयोग कुन रूपमा भयो अथवा कत्तिको सक्रिय रूपमा यस कानुनलाई प्रयोगमा ल्याइयो भन्ने विषयमा केन्द्रित यस अडिटले सूचनाको मागकर्ता र उनीहरूको संख्या समेत खोज्ने गर्दछ । सूचनाको माग कस्तो देखियो, कति मानिसले यसको प्रयोग गरेर सूचना मागे र के कति पाए भन्ने बारेमा खोजी गर्ने गर्दछ । यसरी गरिएका मागका बारेमा पनि अझ सूक्ष्म रूपमा खोजी गर्न सकिन्छ । जस्तो कि पुरूष वा महिलाले मागे, कुन जातिका मानिसले बढी मागे, कुन पेसाका मानिसले बढी वा घटी मागे भन्ने बारेको खोजी बढी गरिन्छ । अथवा क्षेत्रगत रूपमा पनि कुन क्षेत्रका नागरिकले बढी यो ऐनको प्रयोग गरे भनेर गरिने अध्ययन यसमा पर्दछ । यसको विधि सर्वेक्षण हुने गर्दछ र यसै विधिबाट तथ्याङ्क संकलन गर्ने गरिन्छ ।

दोस्रो, आरटीआई अडिटको प्रचलन भनेको सूचनाको हकसम्बन्धी ऐनको प्रयोगको प्रयोजनमा गर्ने गरिएको पाइन्छ । यो कानुन के प्रयोजनका लागि बढी प्रयोगमा ल्याइएको छ भन्ने विषयको खोजी यस अन्तर्गत पर्दछ । मानिसले आफ्नो व्यक्तिगत प्रयोजनमा सूचनाको हक प्रयोग गऱ्यो वा सार्वजनिक हित तथा भ्रष्टाचार विरूद्धमा भन्ने विषयमा यसमा खोजीनिती गर्ने गरिन्छ । नागरिकले आफ्नो अधिकारको प्रयोगको प्रयोजनमा मात्र गर्‍यो कि पेशागत आफ्नो अप्ठेरो सल्टाउने काममा भन्ने बारेका विभिन्न प्रयोजन र प्रकृतिहरू यसमा पर्दछ । यस अन्तर्गत सूचनाको हकसम्बन्धी ऐनको प्रयोगको प्रयोजन वा उद्देश्य खोज्ने काम गरिन्छ ।

त्यसैगरी, यस अडिटको तेस्रो प्रचलन त्यस देशका सञ्चारमाध्यमले यस ऐनको बारेमा के कसरी कभरेज गरे अथवा यस बारेको समाचार कसरी दिए भन्ने पक्षको खोजी हो । सूचनाको हकको विषयलाई मिडियाले 'प्रो एक्टिभ' प्रयोग अर्थात ऐनको बढीभन्दा बढी प्रयोगका लागि जनता जगाउने पक्षमा समाचारको कभरेज दिएका छन् कि घटनाप्रद समाचार मात्र दिएका छन् भन्ने विषयमा बढी खोज्ने गरिन्छ । ऐनको प्रचार प्रसारमा मिडियाले समाचार दिए वा नागरिकले सूचनाको हकको प्रयोग गरेर भेटेका तथ्यहरूलाई समाचारमा दिने काम गरे अथवा समाचार बन्ने घटनाको मात्र समाचार बनाए भनेर पनि सर्वेक्षण गर्ने गरिन्छ । अथवा मिडियाले नै समाचारको प्रयोजनमा यो ऐनको प्रयोग गरी सूचना माग्ने काम गरे कि भनेर पनि यसै अन्तर्गत अनुसन्धान गर्ने गरिन्छ ।

अर्कातर्फ मिडियाले आरटीआइको समाचार कहाँ दिए भनेर पनि छापिएका सामग्रीको अध्ययन (content analysis) गर्न सकिन्छ । समाचारले अखबारको प्रमुख समाचारको स्थान ग्रहण गर्न सक्यो या सकेन, बाहिरी पेजमा मात्र आयो कि वा सम्पादकीय, लेख वा आलेखका रूपमा आयो भन्ने विषयमा खोजी गरिन्छ ।

अनुसन्धानमूलक वा खोजमूलक समाचारका लागि यो ऐनको प्रयोग गरिएको छ या छैन भन्ने बारेमा पनि यसमा खोज्न सकिन्छ । यसका लागि निश्चित अवधिका दैनिक वा साप्ताहिक पत्रिका, टिभी, रेडियो अथवा अनलाइन्लाई नै पनि लिन सकिन्छ । त्यस अवधिका सञ्चारमाध्यमले सूचनाको हकसम्बन्धी ऐनको प्रयोग के कसरी गरेका छन् र यस विषयको समाचार कसरी दिएका छन् भनेर खोजी गर्ने गरिन्छ ।

विश्वव्यापी रूपमा आरटीआई अडिटको पछिल्लो उदाहरण क्यानाडामा मुख्यालय रहेको सेन्टर फर ल एण्ड डेमोक्र्यासीको विश्वव्यापी सर्वेक्षणलाई लिन सकिन्छ । यसमा विश्वमा १०३ देशको कानुनी व्यवस्थाको बारेमा सर्वेक्षण गरिएको छ । सूचनाको हकसम्बन्धी अलग्गै कानुन बनेका विश्वका १०३ देशमा सूचनाको हकसम्बन्धी कानुन र यसको प्रयोगको विषयमा यो सर्वेक्षण केन्द्रित रहेको छ । यसले पनि अडिटकै विधि र सूचकको मापनमा ती कानुनको तुलनात्मक अध्ययन गरेको छ । यसमा ती देशको सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयनको अवस्थाको पनि मापन गरिएको छ । यसका लागि विभिन्न ६१ वटा सूचक तयार पारिएको छ र तिनलाई सात वटा फरक फरक खण्डमा नापिएको छ । सूचनामा नागरिकको पहुँच, यस कानुनको क्षेत्र, सूचना मागका लागि मागपक्षको सूचना मागको प्रक्रिया, अपवाद र यसका दायरा तथा सूचना नदिने अवस्थाहरू, पुनरावेदन, सूचना दिने विधि, सूचनादाताको संरक्षण र सूचनाको हकसम्बन्धी नागरिक अधिकारका लागि आवश्यक पर्ने प्रवर्द्धनात्मक उपायहरू गरी मापदण्डहरू तय गरिएको छ । ती मापदण्डमा प्राप्त हुने अंकलाई १५० पूर्णांकमा बाँडिएको छ । यसरी प्राप्त भएको अंकको आधारमा देशहरूको सूची तयार गरी विश्व वरियता तोकिएको छ र देशहरूलाई १ देखि १०६ औँ स्थानमा राखिएको छ । यो सूचकाङ्कका आधारमा नेपाल पनि १०६ देशमध्ये २३ औँ स्थानमा परेको छ ।

३. अध्ययन विधि

यस अध्ययनमा तथ्याङ्क संकलनका लागि अंक सहितको संख्यात्मक प्रश्नावली विधि (Quantitative Questionnaire Method) प्रयोग गरिएको छ (**अनुसूची १**) । तथ्याङ्क संकलकले बन्द तथा पहिले नै तयार गरिएका प्रश्नहरूमार्फत तथ्याङ्क संकलनको काम गर्नुभएको छ । उहाँहरूलाई राष्ट्रिय सूचना आयोगद्वारा तयार गरिएका २० वटा प्रश्नावली दिइएको थियो । संकलकहरूले प्रत्यक्ष एवम् स्थलगत अध्ययन गरी तथ्याङ्क संकलन गर्नुभएको छ । सबै मन्त्रालय र मातहतका विभागलाई एकैखाले प्रश्न गरिएको छ । हरेक प्रश्नमा तीनवटा रोजाई (Option) दिइएको छ ।

सर्वेक्षणका क्रममा सोधिएका २० वटा प्रश्नको उत्तरलाई निम्न बमोजिम तीन वर्गमा वर्गीकृत गरी अंक दिइएको थियो :

सोधिएका प्रश्नको पूर्ण उपलब्धि भएको-	५ अंक
सोधिएका प्रश्नको उपलब्धि आंशिक भएको -	२.५ अंक
सोधिएका प्रश्नको उपलब्धि हासिल नभएको -	० अंक

प्राप्त अंकका आधारमा तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा तिनै प्राप्ताँकको अवस्था र प्रकृतिको व्याख्या गरिएको छ । कुन मन्त्रालयले के कति अंक पाए भनेर संख्यात्मक गणना (Quantitative) विधिबाट प्राप्त तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ । यस अध्ययनको क्षेत्र मुख्यतः नेपालका सबै ३१ वटै मन्त्रालय र ती मन्त्रालयअन्तर्गतका केही केन्द्रीय विभागहरू हुन् ।

४. अध्ययनको औचित्य

नेपालमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनमा आएको आठ वर्षभन्दा बढी भइसकेको छ । यसबीचमा यस ऐनको कार्यान्वयनका पक्षमा गरिएका समीक्षाहरूको मूल्याङ्कन गर्दा कार्यान्वयनको अवस्थाको गति, प्रवृत्ति र प्रकृति अपेक्षा अनुसार नभएको भन्ने नै सुन्ने गरिएको छ । यिनै जनगुनासाहरूका आधारमा सूचनाको हक सम्बन्धी कानून कार्यान्वयनमा तदारुकता आओस, यो बाध्यकारी हो भन्ने बोध होस् र कानून कार्यान्वयनमा उत्प्रेरणा जागृत होस् भनेर अध्ययन गरिएको हो । देशको केन्द्रीय प्रशासनिक निकायमा गरिएको यस अध्ययनबाट मुलुकका सरकारी निकायमा यस कानुनप्रतिको व्यवहार र प्रचलनको सामान्य अवस्था बाहिर आउने र त्यस क्रममा देखिएका सफलता र असफलतालाई सूचना प्राप्तिको अभियानमा नै देशव्यापी रूपमा प्रयोग गर्न पाइने अवस्था अध्ययनले उपलब्ध गराउँछ । साथै, सूचनाको हकसम्बन्धी कानुन के कसरी पालना र प्रचलन गरिएको छ भन्ने अवस्था बुझ्न यसले सहयोग गरेको छ ।

५. अध्ययनका सीमाहरू

यस अध्ययनमा तथ्याङ्क संकलन नेपाल सरकारका ३१ वटा मन्त्रालय र यस अन्तर्गतका केही केन्द्रीय स्तरका विभागमा गरिएको छ । ती मन्त्रालय र विभागका लागि २० वटा पहिल्यै तयार पारिएका प्रश्न (Structural Questions) सोधिएको छ र ती प्रश्नका लागि तोकिएको अंक दिइएको छ । यसरी संकलित तथ्याङ्कका आधारमा तथ्य प्रस्तुत गरिएको छ । तथ्याङ्क संकलकका रूपमा ती मन्त्रालयमा एक पटक कार्य गरी सेवा निवृत्त हुनुभएका नेपाल सरकारका सचिवहरू रहनुभएको छ । उहाँहरूले स्थलगत रूपमा तथ्याङ्क संकलन गर्नुभएको हो । उहाँहरूले संकलन गर्नुभएको तथ्याङ्कको आधारमा नै प्रत्येक प्रश्नमा अंक दिनुभएको छ र यसरी प्राप्त भएको अंकको योग हेर्दा कुनै मन्त्रालयले पूर्णांक नै पनि प्राप्त गरेका छन् । साथै, उहाँहरूले मन्त्रालयगत रूपमा संकलन गर्नुभएको तथ्याङ्क र दिनुभएका सुझावहरूलाई यहाँ हुबहु प्रस्तुत गरिएको छ । यसैगरी मन्त्रालयगत रूपमा एवम् समग्रमा प्राप्त निष्कर्ष पनि उहाँहरूले नै निकालेको हो । यसरी प्राप्त अंक, यस अध्ययनको निष्कर्ष र सुझावमा समेत राष्ट्रिय सूचना आयोगको प्रत्यक्ष संलग्नता छैन । यो नै यस अध्ययनको मुख्य सीमा हो । यस अध्ययनको अन्तिममा दिइएको 'राष्ट्रिय सूचना आयोगको सुझाव' शीर्षकका सुझाव मात्र आयोगको आफ्नो भनाइ हो । अध्ययनबाट निस्किएको निष्कर्ष र सुझावहरूबाट आगामी दिनमा थप मार्गदर्शन प्राप्त गर्न सहयोग पुगोस् भनेर आयोगले आफ्नो सुझाव राखेको हो ।

६. सर्वेक्षणमा समेटिएका मन्त्रालयहरू

सूचनाको हक कार्यान्वयनका सन्दर्भमा ३१ वटा मन्त्रालयको अध्ययन गरिएको थियो । साथै, मन्त्रालय मातहतका कतिपय केन्द्रीय निकायहरूबाट सूचनाको हकका सन्दर्भमा भएगरेका कार्यहरूको सूची र प्राप्त अंक समेटिएको छ । सर्वेक्षणमा समेटिएका मन्त्रालयहरूको नाम **अनुसूची २** मा दिइएको छ ।

७. अध्ययनको नतिजा

सर्वेक्षणका सूचकहरूको गणनालाई कूल १०० पूर्णाङ्क मानी सूचना परीक्षणको अवस्था अध्ययन गरिएको छ। अध्ययनमा समेटिएका ३१ वटा मन्त्रालयमध्ये तीन वटा मन्त्रालयले पूर्णाङ्क (१०० अंक) अर्थात् शतप्रतिशत अंक प्राप्त गरेका छन्। ती हुन्- शिक्षा मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालय।

जनतासँग प्रत्यक्ष जोडिएका आमसरोकारका धेरै मन्त्रालयको सूचना प्रवाहको अवस्था नाजुक देखिन्छ। सूचना सार्वजनिक गरेको आधारमा पूर्ण अंक पाएका मन्त्रालयहरूले पनि बजेट अभावमा नियमित किसिमबाट राष्ट्रिय स्तरका पत्रपत्रिकामा मन्त्रालयहरूका कार्यसम्पादन विवरण सार्वजनिक गरेको पाइन्न। सूचना सार्वजनिक गर्नेक्रममा अधिकांश मन्त्रालयले वेबसाइटको सहारा लिएको पाइन्छ।

सूचना प्रवाहको तुलनात्मक स्थिति

क्र.सं.	अंक प्राप्तीको विवरण	मन्त्रालयको संख्या
१.	५० वा सोभन्दा कम अंक प्राप्त गर्ने	१
२.	५१ देखि ६० अंक	-
३.	६१ देखि ७० अंक	४
४.	७१ देखि ८० अंक	८
५.	८१ देखि ९० अंक	८
६.	९१ देखि १०० अंक	१०
	मन्त्रालयको कूल संख्या	**३१**

मन्त्रालयहरूको सूचना प्रवाहको सर्वेक्षणले निम्न किसिमको अवस्था देखाएको छ जहाँ केही मन्त्रालयले निकै राम्रो गरेको पाइएको छ। केही मन्त्रालय नयाँ गठन भएको र संगठन संरचना पूर्ण रूपमा कार्यान्वयनमा आइनसकेका कारण सूचना परीक्षणमा कमजोर देखिएका छन्।

मन्त्रालयहरूले प्राप्त गरेको अंकको तुलनात्मक अवस्था

क्र.सं.	मन्त्रालयहरूको नाम	कूल अंक
१	शिक्षा मन्त्रालय	१००
२	शान्ति तथा पुनर्निर्माण मन्त्रालय	१००
३	वन तथा भूसंरक्षण मन्त्रालय	१००
४	रक्षा मन्त्रालय	९७.५
५	गृह मन्त्रालय	९५
६	सहकारी तथा गरिबी निवारण मन्त्रालय	९५
७	कृषि विकास मन्त्रालय	९५

८	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	९५
९	सिँचाइ मन्त्रालय	९२.५
१०	स्थानीय विकास मन्त्रालय	९२.५
११	खानेपानी तथा सरसफाइ मन्त्रालय	९०
१२	युवा तथा खेलकुद मन्त्रालय	९०
१३	जनसंख्या तथा वातावरण मन्त्रालय	९०
१४	परराष्ट्र मन्त्रालय	९०
१५	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	९०
१६	विज्ञान तथा प्रविधि मन्त्रालय	८७.५
१७	सूचना तथा संचार मन्त्रालय	८५
१८	सामान्य प्रशासन मन्त्रालय	८५
१९	महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय	८०
२०	उद्योग मन्त्रालय	८०
२१	स्वास्थ्य मन्त्रालय	७७.५
२२	आपूर्ति मन्त्रालय	७७.५
२३	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	७५
२४	अर्थ मन्त्रालय	७२.५
२५	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	७२.५
२६	बाणिज्य मन्त्रालय	७२.५
२७	पशुपंक्षी विकास मन्त्रालय	७०
२८	ऊर्जा मन्त्रालय	७०
२९	कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय	६५
३०	श्रम तथा रोजगार मन्त्रालय	६२.५
३१	सहरी विकास मन्त्रालय	५०

मन्त्रालयहरूको विस्तृत सूचकाङ्क अनुसूची - ५ मा दिइएको छ ।

अध्याय २ : सूचकाङ्कको मन्त्रालयगत तुलनात्मक अध्ययन

राष्ट्रिय सूचना आयोगले तयार पारेको २० वटा सूचकाङ्क वा प्रश्नावलीका आधारमा समष्टीगत तुलनात्मक अवस्था यस अध्यायमा विश्लेषण गरिएको छ ।

२.१ सूचना अधिकारी

नेपाल सरकारका सबै मन्त्रालयमा सूचना अधिकारीको व्यवस्था गरिएको अध्ययनले देखाएको छ । मन्त्रालयका सूचना अधिकारीहरूले सीमित स्रोत साधन र सूचना अद्यावधिक गर्ने कमजोर प्रणालीका बाबजूद माग गरिएका सूचना उपलब्ध गराउन सकारात्मक भूमिका निर्वाह गरेका छन् । अध्ययनका क्रममा निम्न मन्त्रालयमा सूचना अधिकारीको व्यवस्था गरिएको छ :

सूचना अधिकारीको व्यवस्था गरिएका मन्त्रालयहरु

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१७. रक्षा मन्त्रालय
२. अर्थ मन्त्रालय	१८. वन तथा भूसंरक्षण मन्त्रालय
३. आपूर्ति मन्त्रालय	१९. वाणिज्य मन्त्रालय
४. उद्योग मन्त्रालय	२०. विज्ञान तथा प्रविधि मन्त्रालय
५. ऊर्जा मन्त्रालय	२१. सहकारी तथा गरिबी निवारण मन्त्रालय
६. कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय	२२. सहरी विकास मन्त्रालय
७. कृषि विकास मन्त्रालय	२३. सामान्य प्रशासन मन्त्रालय
८. खानेपानी तथा सरसफाइ मन्त्रालय	२४. सिंचाइ मन्त्रालय
९. गृह मन्त्रालय	२५. सूचना तथा सञ्चार मन्त्रालय
१०. जनसंख्या तथा वातावरण मन्त्रालय	२६. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
११. परराष्ट्र मन्त्रालय	२७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
१२. पशुपंक्षी विकास मन्त्रालय	२८. स्वास्थ्य मन्त्रालय
१३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२९. शान्ति तथा पुनर्निर्माण मन्त्रालय
१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	३०. शिक्षा मन्त्रालय
१५. महिला,बालबालिका तथा समाज कल्याण मन्त्रालय	३१. श्रम तथा रोजगार मन्त्रालय
१६. युवा तथा खेलकुद मन्त्रालय	

२.२ स्वतः प्रकाशन

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ मा व्यवस्था भएअनुसार सार्वजनिक निकायहरूले आ-आफ्नो निकायसँग सम्बन्धित सूचना हरेक तीन महिनामा सार्वजनिक गर्नुपर्ने प्रावधान छ । अध्ययनमा समेटिएका ३१ वटा मन्त्रालयमध्ये एकभन्दा बढी पटक सूचना जारी गर्ने मन्त्रालयको संख्या १२ र नियमित रूपमा सूचना प्रकाशन गर्ने मन्त्रालयको संख्या १९ रहेको छ ।

क्र.सं.	एक पटक	एकभन्दा बढी पटक सूचना जारी गर्ने मन्त्रालयहरू	नियमित रूपमा सूचना प्रकाशन गर्ने मन्त्रालयहरू
१.		➢ आपूर्ति ➢ ऊर्जा ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ जनसंख्या तथा वातावरण ➢ पशुपंक्षी विकास ➢ परराष्ट्र ➢ वाणिज्य ➢ विज्ञान तथा प्रविधि ➢ सहरी विकास ➢ सिंचाइ ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ श्रम तथा रोजगार	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ अर्थ ➢ उद्योग ➢ कृषि विकास ➢ गृह ➢ खानेपानी तथा सरसफाइ ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ➢ सहकारी तथा गरिबी निवारण, ➢ सामान्य प्रशासन ➢ सूचना तथा सञ्चार ➢ स्वास्थ्य ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा
		१२	१९



२.३ सूचना मागको दर्ता किताब

सूचना मागकर्ता अधिकांश आवेदकको गुनासो नै मन्त्रालय र सम्बन्धित विभागहरूबाट निवेदन हराउने वा त्यसमाथि आवश्यक कारबाही नहुने गरेको भन्ने रहन्छ। सूचनाको हकसम्बन्धी कानूनमा माग गरिएको सूचनाको निवेदन अनिवार्य रूपमा दर्ता गर्नुपर्ने र त्यसका लागि अलग दर्ता किताब खडा गर्नुपर्ने प्रावधान रहेको छ। मन्त्रालयहरूको सर्वेक्षणले १ वटा मन्त्रालयले दर्ता किताब खडा नगरेको, ४ वटा मन्त्रालयले निवेदनहरूलाई अलग राख्ने गरेको र २६ वटा मन्त्रालयले अलग दर्ता किताब खडा गरेको देखाएको छ।

क्र.सं.	दर्ता किताब खडा नगर्ने मन्त्रालय	निवेदनलाई छुट्टै राख्ने मन्त्रालयहरू	छुट्टै दर्ता किताब खडा गर्ने मन्त्रालयहरू
१.	➢ सहरी विकास	➢ पशुपंक्षी विकास ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ वाणिज्य ➢ श्रम तथा रोजगार	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ अर्थ ➢ आपूर्ति ➢ ऊर्जा ➢ उद्योग ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ कृषि विकास ➢ खानेपानी तथा सरसफाइ ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ परराष्ट्र ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ विज्ञान तथा प्रविधि ➢ सहकारी तथा गरिबी निवारण ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ सूचना तथा सञ्चार ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ➢ स्वास्थ्य ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा
	१	४	२६

२.४ सचिव/महाशाखा प्रमुखको प्रतिबद्धता

सूचनाको हकको कार्यान्वयनमा कुनै पनि कार्यालय, विभाग वा मन्त्रालयका प्रमुखको प्रमुख भूमिका रहन्छ । उनीहरूको सक्रियताले मात्र सूचना आमजनताले सहज रूपमा प्राप्त गर्न सक्छन् र सूचना मागकर्ताले पनि सहजता महसुस गर्न पाउँछन् । नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालयहरू मात्र होइन संवैधानिक निकायहरूका मुख्य नेतृत्वको क्रियाशीलताले सूचनामा सबैको पहुँच स्थापित भएका उदाहरण छन् । सर्वेक्षणका क्रममा आंशिक प्रतिबद्धता जनाउने १ मन्त्रालय रहेको छ, जबकी ३० वटा मन्त्रालयमा त्यस्तो प्रतिबद्धता पूरै छ ।

	नरहेको	आंशिक प्रतिबद्धता रहेको मन्त्रालय	पूरै प्रतिबद्धता रहेका मन्त्रालयहरू
१.		➢ अर्थ	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ आपूर्ति ➢ उद्योग ➢ ऊर्जा ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ कृषि विकास ➢ खानेपानी तथा सरसफाइ ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ परराष्ट्र ➢ पशुपंक्षी विकास ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ विज्ञान तथा प्रविधि ➢ वाणिज्य ➢ सहरी विकास ➢ सहकारी तथा गरिबी निवारण ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ सूचना तथा सञ्चार ➢ श्रम तथा रोजगार ➢ स्वास्थ्य ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा
		१	३०

२.५ सूचना अधिकारीको प्रतिबद्धता

मन्त्रालयको नेतृत्वमा सचिव नै रहेपनि सूचना अधिकारीको व्यवस्थाले सहजता आउन सक्छ । सूचना अधिकारीहरूले मन्त्रालयका सूचनालाई नियमित रूपमा प्रवाह गर्न र सूचना मागकर्ताका आवेदनको यथोचित सम्बोधन गर्न सघाउ पऱ्याउँछन् । सर्वेक्षणमा सूचना अधिकारीहरू सूचना उपलब्ध गराउन प्रतिबद्ध रहेको देखाएको छ, र १ मन्त्रालयको अध्ययनमा मात्र सूचना अधिकारी आंशिक प्रतिबद्ध रहेको तर ३० वटा मन्त्रालयका सूचना अधिकारीहरू सूचना उपलब्ध गराउन प्रतिबद्ध रहेको पाइएको छ ।

क्र.सं.	नरहेको	आंशिक प्रतिबद्धता रहेको मन्त्रालय	पूरै प्रतिबद्धता रहेका मन्त्रालयहरू
१.	-	➢ कानुन न्याय तथा संसदीय मामिला	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ अर्थ ➢ आपूर्ति ➢ उद्योग ➢ ऊर्जा ➢ कृषि विकास ➢ खानेपानी तथा सरसफाइ ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ परराष्ट्र ➢ पशुपंक्षी विकास ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ विज्ञान तथा प्रविधि ➢ वाणिज्य ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण ➢ सहरी विकास ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ सूचना तथा सञ्चार ➢ श्रम तथा रोजगार ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ➢ स्वास्थ्य
	-	१	३०

२.६ सूचना अधिकारी तोकिएको बोर्डको व्यवस्था

सूचना अधिकारीको व्यवस्था मन्त्रालयहरूमा गरिए पनि ती कहाँ ? कहिले ? र कसरी ? भेटिन्छन् भन्ने प्रश्न मुख्य हो । मन्त्रालयहरूमा सूचना अधिकारीको बोर्ड स्पष्ट देखिने ठाउँमा राखिनु आवश्यक छ । त्यस्तो बोर्ड २५ वटा मन्त्रालयमा राखेको पाइयो भने ६ वटामा आंशिक राखेको पाइयो ।

क्र.सं.	बोर्ड नराखेको मन्त्रालय	बोर्ड आंशिक राखेका मन्त्रालयहरू	बोर्ड राखेका मन्त्रालयहरू
१.		➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ अर्थ ➢ आपूर्ति ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ वाणिज्य ➢ सहरी विकास	➢ उद्योग ➢ ऊर्जा ➢ कृषि विकास ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ खानेपानी तथा सरसफाइ ➢ गृह ➢ परराष्ट्र ➢ पशुपंक्षी विकास ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ विज्ञान तथा प्रविधि ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण ➢ सामान्य प्रशासन ➢ सिंचाइ, जनसंख्या तथा वातावरण ➢ सूचना तथा सञ्चार ➢ श्रम तथा रोजगार ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ➢ स्वास्थ्य
	०	६	२५

२.७ सूचना माग र सूचना दिएको विवरण अद्यावधिक गरिएको

सूचना माग गर्नु र सूचना दिएको विवरण अद्यावधिक गरिराख्नु निश्चित रूपमा कुनै पनि मन्त्रालयका लागि आवश्यकीय कार्य हो । सर्वेक्षणका ३ वटा मन्त्रालयले सूचना माग र सूचना दिएको विवरणलाई आंशिक रूपमा अद्यावधिक गरेको पाइयो भने २८ वटा मन्त्रालयले त्यस्तो विवरणलाई अद्यावधिक गरेको पाइयो । तर, आपूर्ति मन्त्रालयले सूचना माग र विवरणलाई अद्यावधिक गरेको छैन ।

क्र.सं.	नगरेको	विवरण आंशिक अद्यावधिक गर्ने मन्त्रालयहरू	विवरण पूर्ण रूपमा अद्यावधिक गर्ने मन्त्रालयहरू
१.		➢ परराष्ट्र ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ वाणिज्य	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ अर्थ ➢ आपूर्ति ➢ उद्योग ➢ ऊर्जा ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ कृषि विकास ➢ खानेपानी तथा सरसफाइ ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ पशुपंक्षी विकास ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ विज्ञान तथा प्रविधि ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण ➢ सहरी विकास ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ सूचना तथा सञ्चार ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ➢ श्रम तथा रोजगार ➢ स्वास्थ्य
		३	२८

२.८ कानुनले तोकेको अवधिभित्र सूचना दिनुपर्ने कुरामा सजग

सूचनाको हकसम्बन्धी ऐनले तोकेका कुराहरू स्वःस्फूर्त रूपमा कार्यान्वयनमा लैजानु आजको सर्वाधिक महत्वपूर्ण पक्ष हो । तोकिएको समयमै सूचना उपलब्ध गराउन सकिए त्यसले सूचना मागकर्तालाई उपयोगी हुन सक्छ । यो कार्यमा सबैजसो मन्त्रालयका जिम्मेवार पदाधिकारीहरू सजग रहेको सर्वेक्षणले देखाएको छ । सर्वेक्षणका अनुसार २ वटा मन्त्रालयका पदाधिकारीहरू आंशिक रूपमा सजग रहेको पाइयो, जबकि २९ वटा मन्त्रालयका पदाधिकारीहरू पूर्ण रूपमा सचेत र सजग रहेको देखियो ।

क्र.सं.	नरहेको	सूचना दिनुपर्ने कुरामा आंशिक सजग मन्त्रालयहरू	पूर्ण रूपमा सजग रहेका मन्त्रालयहरू
१.	-	➢ ऊर्जा ➢ कानुन न्याय तथा संसदीय मामिला	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ अर्थ ➢ आपूर्ति ➢ उद्योग ➢ कृषि विकास ➢ खानेपानी तथा सरसफाइ ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ परराष्ट्र ➢ पशुपंक्षी विकास ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ वाणिज्य ➢ विज्ञान तथा प्रविधि ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण ➢ सहरी विकास ➢ सामान्य प्रशासन ➢ सूचना तथा सञ्चार ➢ सिंचाइ ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ➢ श्रम तथा रोजगार ➢ स्वास्थ्य
	-	२	२९

२.९ मागेका सूचना उपलब्ध गराएको

सूचना मागकर्ताको आग्रह बमोजिम नेपालको प्रचलित कानुनले दिन मिल्ने भनी तोकिएको सूचना समयमै उपलब्ध गराउनु सबै निकायको जिम्मेवारी र दायित्व नै हो । सर्वेक्षणले सूचना माग्ने प्रचलन कमै देखिएको हालको अवस्थामा मन्त्रालयहरूले भने कुनै पनि सूचना उपलब्ध नगराएको भेटिएको छैन । सूचना आंशिक रूपमा उपलब्ध गराउने मन्त्रालयको संख्या ३ रहेको छ भने २८ वटा मन्त्रालयले मागेका सूचना पूर्ण रूपमा उपलब्ध गराएका छन् । आपूर्ति मन्त्रालयमा सूचना मागको आवेदन प्राप्त नभएकोले सूचना उपलब्ध नगराएको सर्वेक्षणमा छ ।

क्र.सं.	नगराएको	आंशिक सूचना उपलब्ध गराउने मन्त्रालयहरू	पूर्ण रूपमा सूचना उपलब्ध गराउने मन्त्रालयहरू
१.		➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय ➢ अर्थ ➢ ऊर्जा	➢ आपूर्ति ➢ उद्योग ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ कृषि विकास ➢ खानेपानी तथा सरसफाइ ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ परराष्ट्र ➢ पशुपंक्षी विकास ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ वाणिज्य ➢ विज्ञान तथा प्रविधि ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण ➢ सहरी विकास ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ सूचना तथा सञ्चार ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ➢ श्रम तथा रोजगार ➢ स्वास्थ्य
		३	२८

२.१० सूचना अधिकारीको तालिम

सूचना अधिकारीहरूलाई तालिमको जरूरी रहेको विभिन्न अध्ययनले देखाइआएका छन् । सूचनाको भण्डारण, प्रशोधन, प्रकाशन लगायतका कानुनी र व्यवस्थापकीय पक्षमा सूचना अधिकारीहरूलाई जानकारी रहनु पर्दछ । सर्वेक्षणका क्रममा ७ वटा मन्त्रालयका सूचना अधिकारीले तालिम नै नपाएको देखिएको छ भने ११ वटा मन्त्रालयका सूचना अधिकारीले तालिम लिए पनि सूचनाको हकसम्बन्धी प्रावधानलाई राम्रोसँग बुझ्न नसकेको पाइएको छ । अन्य १३ वटा मन्त्रालयका सूचना अधिकारीले भने तालिम लिएका र कुरा पनि बुझेको सर्वेक्षणमा उल्लेख छ ।

क्र.सं.	सूचना अधिकारीले तालिम प्राप्त नगरेका मन्त्रालयहरू	तालिम लिएका तर कुरा नबुझेका	तालिम प्राप्त गरेका
१.	➢ अर्थ ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ सहरी विकास ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ श्रम तथा रोजगार	➢ आपूर्ति ➢ ऊर्जा ➢ जनसंख्या तथा वातावरण ➢ परराष्ट्र ➢ पशुपंक्षी विकास ➢ भूमिसुधार तथा व्यवस्था ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ रक्षा ➢ वाणिज्य ➢ विज्ञान तथा प्रविधि ➢ सूचना तथा सञ्चार	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ उद्योग ➢ कृषि विकास ➢ खानेपानी तथा सरसफाइ ➢ गृह ➢ युवा तथा खेलकुद ➢ वन तथा भूसंरक्षण तथा भूसंरक्षण ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ➢ स्वास्थ्य
	७	११	१३



२.११ सूचनाको प्रचार प्रसार

मन्त्रालयसँग रहेका सबैजसो सूचना आमजनतालाई नियमित रूपमा उपलब्ध गराउनु कुनै पनि लोकतान्त्रिक राज्यको कर्तव्य हो । सूचना नै शक्ति हो भन्ने मान्यता रहेकोले पनि मन्त्रालयहरूले आफूसँग रहेका सूचनाको प्रचार प्रसार नियमित रूपमा गरिरहनु आवश्यक हुन्छ। सर्वेक्षणमा ९ वटा मन्त्रालयले आंशिक रूपमा र २२ वटा मन्त्रालयले पूर्ण रूपमा सूचनाहरू उपलब्ध गराउँदै आएको देखाएको छ ।

क्र.सं.	नगराएको	सूचना आंशिक रूपमा प्रचार प्रसार गरेका मन्त्रालयहरू	सूचना पूर्ण रूपमा प्रचार प्रसार गराएका मन्त्रालयहरू
१.		➢ आपूर्ति ➢ उद्योग ➢ ऊर्जा ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ पशुपंक्षी विकास ➢ विज्ञान तथा प्रविधि ➢ सहरी विकास ➢ स्वास्थ्य ➢ श्रम तथा रोजगार	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ अर्थ ➢ कृषि विकास ➢ गृह ➢ खानेपानी तथा सरसफाइ ➢ जनसंख्या तथा वातावरण ➢ परराष्ट्र ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ वाणिज्य ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ सूचना तथा सञ्चार ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
		९	२२



२.१२ सूचना शाखाको स्थापना

सर्वेक्षणमा ७ वटा मन्त्रालयले सूचना शाखा खडा नगरेको, ९ वटा मन्त्रालयले आंशिक स्थापना गरेको र १५ वटा मन्त्रालयले सूचना शाखा खडा गरेको देखिएको छ। सूचना प्रवाहमा महत्वपूर्ण मानिने यस्तो शाखाले सूचना अद्यावधिक गर्ने र प्रवाह गर्नेक्रममा योगदान गर्न सक्छन्।

क्र.सं.	सूचना शाखा खडा नगर्ने मन्त्रालयहरू	सूचना शाखा आंशिक खडा गर्ने मन्त्रालयहरू	सूचना शाखा खडा गरेका मन्त्रालयहरू
१.	➢ उद्योग ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ खानेपानी तथा सरसफाइ ➢ पशुपंक्षी विकास ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ सहकारी तथा गरिबी निवारण ➢ सहरी विकास	➢ अर्थ ➢ ऊर्जा ➢ जनसंख्या तथा वातावरण ➢ भूमिसुधार तथा व्यवस्था ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ विज्ञान तथा प्रविधि ➢ वाणिज्य ➢ श्रम तथा रोजगार ➢ स्वास्थ्य	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ➢ आपूर्ति ➢ कृषि विकास ➢ गृह ➢ परराष्ट्र ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ सूचना तथा सञ्चार ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
	७	९	१५



२.१३ सूचना अधिकारी उच्च पदको तोकिएको

सर्वेक्षणमा ३ वटा मन्त्रालयमा सूचना अधिकारी उच्च पदको तोकिएको पाइएन भने ९ वटा मन्त्रालयमा तेस्रो वरियताका र १९ वटा मन्त्रालयमा दोस्रो वरियताका अधिकारी तोकिएको छ ।

क्र.सं.	सूचना अधिकारी उच्च पदको नतोकिएका मन्त्रालयहरू	सूचना अधिकारी तेस्रो वरियताको तोकिएका मन्त्रालयहरू	सूचना अधिकारी दोस्रो वरियताको तोकिएका मन्त्रालयहरू
१.	➢ भौतिक पूर्वाधार तथा यातायात ➢ सामान्य प्रशासन ➢ सूचना तथा सञ्चार	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ अर्थ ➢ आपूर्ति ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ खानेपानी तथा सरसफाइ ➢ पशुपंक्षी विकास ➢ वाणिज्य ➢ सहरी विकास ➢ श्रम तथा रोजगार	➢ उद्योग ➢ ऊर्जा ➢ कृषि विकास ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ परराष्ट्र ➢ भूमिसुधार तथा व्यवस्था ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ विज्ञान तथा प्रविधि ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण ➢ सिंचाइ ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ➢ स्वास्थ्य
	३	९	१९



२.१४ उजुरी पेटिका

मन्त्रालयसँग सम्बन्धित गुनासा र सुझावहरू सबैले सहज रूपमा राख्न सकुन् भनी नेपाल सरकारका सबैजसो कार्यालयमा उजुरी पेटिका राख्ने गरिएको छ । आमजनताको चासो नै यी उजुरी पेटिका खोल्ने गरिन्न र त्यस्ता उजुरीमाथि सुनुवाई हुने एवं कारवाही हुँदैन भन्ने छ । सर्वेक्षणमा मन्त्रालय तहमै पनि उजुरी पेटिका नराखेको पाइयो । सर्वेक्षणमा ३ वटा मन्त्रालयमा उजुरी पेटिका नरहेको, ७ वटा मन्त्रालयमा आंशिक प्रयोजनमा आएको र २१ वटा मन्त्रालयले उजुरी पेटिका राखी नियमित रूपमा खोल्ने गरेको देखाएको छ ।

क्र.सं.	उजुरी पेटिका नराख्ने मन्त्रालयहरू	उजुरी पेटिका आंशिक सञ्चालनमा ल्याउने मन्त्रालयहरू	उजुरी पेटिका राख्ने र नियमित खोल्ने मन्त्रालयहरू
१.	➢ ऊर्जा ➢ पशुपंक्षी विकास ➢ सामान्य प्रशासन	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ आपूर्ति ➢ उद्योग ➢ कृषि विकास ➢ युवा तथा खेलकुद ➢ वाणिज्य ➢ श्रम तथा रोजगार	➢ अर्थ ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ खानेपानी तथा सरसफाइ ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ परराष्ट्र ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ विज्ञान तथा प्रविधि ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण, ➢ सहरी विकास ➢ सिंचाइ ➢ सूचना तथा सञ्चार ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ➢ स्वास्थ्य
	३	७	२१



२.१५ सार्वजनिक सुनुवाई

मन्त्रालयगत तहमा सार्वजनिक सुनुवाईको अवस्था अत्यन्त नाजुक रहेको सर्वेक्षणले देखाएको छ । आमजनता, सरोकारवाला र विज्ञहरूको धारणा, सुझाव र सल्लाह प्राप्त गर्न तथा मन्त्रालयको कार्यशैलीमा सुधार ल्याउन यस्ता सुनुवाई निकै प्रभावकारी साधन मान्न सकिन्छ । सर्वेक्षणमा ११ वटा मन्त्रालयले सार्वजनिक सुनुवाई गरेको पाइएन भने १० वटा मन्त्रालयले आंशिक सुनुवाई गरेका छन्, र १० वटा मन्त्रालयले सार्वजनिक सुनुवाई गरेको सर्वेक्षणमा देखाइएको छ ।

क्र.सं.	सार्वजनिक सुनुवाई नगर्ने मन्त्रालयहरू	सार्वजनिक सुनुवाई आंशिक रूपमा गर्ने मन्त्रालयहरू	सार्वजनिक सुनुवाई गर्ने मन्त्रालयहरू
१.	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ अर्थ ➢ उद्योग ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ पशुपंक्षी विकास ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ वाणिज्य ➢ सहरी विकास ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ श्रम तथा रोजगार ➢ स्वास्थ्य	➢ आपूर्ति ➢ ऊर्जा ➢ कृषि विकास ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ युवा तथा खेलकुद ➢ विज्ञान तथा प्रविधि ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	➢ खानेपानी तथा सरसफाइ ➢ परराष्ट्र ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ सूचना तथा सञ्चार
	११	१०	१०



२.१६ पत्रकार भेटघाट (मिट द प्रेस)

मन्त्रालयसँग सम्बन्धित जानकारी र सूचनाहरू प्रवाह गर्ने अर्को प्रभावकारी साधन मिट द प्रेस अर्थात् पत्रकार भेटघाट कार्यक्रम पनि हो । सर्वेक्षणमा ३ वटा मन्त्रालयले मिट द प्रेस कार्यक्रम गरेको पाइएन । छ वटा मन्त्रालयले आंशिक र २२ वटा मन्त्रालयले नियमित रूपमा मिट द प्रेस आयोजना गरेको सर्वेक्षणमा छ ।

क्र.सं.	मिट द प्रेस कार्यक्रम नगर्ने मन्त्रालयहरू	आंशिक रूपमा मिट द प्रेस आयोजना गर्ने मन्त्रालयहरू	नियमित रूपमा पत्रकार भेटघाट कार्यक्रम गर्ने मन्त्रालयहरू
१.	➢ भौतिक पूर्वाधार तथा यातायात ➢ सहरी विकास	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ आपूर्ति ➢ खानेपानी तथा सरसफाइ ➢ भूमिसुधार तथा व्यवस्था ➢ युवा तथा खेलकुद ➢ श्रम तथा रोजगार ➢ स्वास्थ्य	➢ अर्थ ➢ ऊर्जा ➢ उद्योग ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ कृषि विकास ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ पशुपंक्षी विकास ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ रक्षा ➢ वाणिज्य ➢ विज्ञान तथा प्रविधि ➢ शान्ति तथा पुनर्निर्माण ➢ सहकारी तथा गरिबी निवारण ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ सूचना तथा सञ्चार ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
	२	७	२२

२.१७ वेबसाइटमा प्रेस विज्ञप्ति

सूचना प्रविधिको आजको युगमा सूचना प्रवाहको सशक्त माध्यम वेबसाइटको निर्माण र त्यसमा प्रभावकारी सूचना प्रवाह पनि हो । नेपाल सरकारका सबैजसो मन्त्रालयले आफूसँग सम्बन्धित सूचनाहरू त्यस्ता वेबसाइटमा राखेर सार्वजनिक गर्न सक्छन् जुन तत्क्षण विश्वव्यापी हुन सक्छ । प्रेस विज्ञप्ति खोज्दै हिँड्नुपर्ने झन्झट आज छैन । वेबसाइटमा राखिने विज्ञप्तिबाटै पत्रकार र अन्यले आधिकारिक सूचना प्राप्त गरिरहेका हुन्छन् । सर्वेक्षणमा ५ वटा मन्त्रालयले विज्ञप्तिहरू आंशिक रूपमा राख्ने गरेको देखिए पनि २६ वटा मन्त्रालयले विज्ञप्तिहरू नियमित रूपमा वेबसाइटमा राख्ने गरेको देखिएको छ ।

क्र.सं.	वेबसाइटमा प्रेस विज्ञप्ति नराख्ने मन्त्रालय	वेबसाइटमा आंशिक रूपमा प्रेस विज्ञप्ति राख्ने मन्त्रालयहरू	वेबसाइटमा पूर्ण रूपमा प्रेस विज्ञप्ति राख्ने मन्त्रालयहरू
१.		➢ आपूर्ति ➢ सहरी विकास ➢ सूचना तथा सञ्चार ➢ श्रम तथा रोजगार ➢ स्वास्थ्य	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ अर्थ ➢ उद्योग ➢ ऊर्जा ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ कृषि विकास ➢ खानेपानी तथा सरसफाइ ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ परराष्ट्र ➢ पशुपंक्षी विकास ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ वाणिज्य ➢ विज्ञान तथा प्रविधि ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
		५	२६

२.१८ वेबसाइट अद्यावधिक रहेको

वेबसाइट स्थापना गरेर मात्र हुँदैन, त्यसमा सूचना र जानकारी अद्यावधिक गरिरहनु आवश्यक हुन्छ । मन्त्रालयको आकर्षक वेबसाइट, विभिन्न किसिमका सूचना र जानकारी तथा ताजा खबरहरू यसका पूर्वशर्त हुन् । सबैले सहजै वेबसाइटमा जानकारी प्राप्त गर्ने र डाउनलोड गर्न सक्ने अवस्था पनि हुनु पर्दछ । सर्वेक्षणमा वेबसाइट अद्यावधिक नगर्ने २ वटा मन्त्रालय, आंशिक अद्यावधिक गर्ने ४ वटा र पूर्ण अद्यावधिक गर्ने २४ वटा मन्त्रालय रहेको देखिएको छ ।

क्र.सं.	वेबसाइट अद्यावधिक नगर्ने मन्त्रालय	वेबसाइट आंशिक रूपमा अद्यावधिक गर्ने मन्त्रालयहरू	वेबसाइट पूर्ण अद्यावधिक गर्ने मन्त्रालयहरू
१.	➢ आपूर्ति ➢ सहरी विकास	➢ कानुन न्याय तथा संसदीय मामिला ➢ वाणिज्य ➢ श्रम तथा रोजगार ➢ स्वास्थ्य	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ अर्थ ➢ ऊर्जा ➢ कृषि विकास ➢ खानेपानी तथा सरसफाइ ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ परराष्ट्र ➢ पशुपंक्षी विकास ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ विज्ञान तथा प्रविधि ➢ शिक्षा ➢ शान्ति तथा पुनर्निर्माण ➢ सहकारी तथा गरिबी निवारण ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ सूचना तथा सञ्चार ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
	२	४	२४

२.१९ सूचनाको हक सम्बन्धमा छलफल

सूचनाको हक विषयमा छलफल, अन्तर्क्रिया र प्रशिक्षण हासिल गरिरहनु पनि आवश्यक छ । खासगरी, नेपाल सरकारका सबैजसो निकायमा कर्मचारीहरूको सरूवा, बढुवा र अन्यत्र पजनी भइरहने हुन्छ । यस्तो अवस्थामा सूचनाको हकको कार्यान्वयनमा प्रभाव पर्ने देखिन्छ । सूचनाको हक आमजनताको संविधान प्रदत्त नैसर्गिक हक हो भन्ने हेक्का प्रत्येक निकायमा हुनु पर्दछ, र यसका लागि सूचनाको हकका बारेमा नियमित छलफल हुनु आवश्यक छ । तर, सर्वेक्षणमा ८ वटा मन्त्रालयमा सूचनाको हकका बारेमा छलफल नै हुने नगरेको, ७ वटा मन्त्रालयमा आंशिक छलफल हुने गरेको र १६ वटा मन्त्रालयमा नियमित छलफल हुने गरेको देखिएको छ ।

क्र.सं.	सूचनाको हक बारे छलफल नभएका मन्त्रालयहरू	सूचनाको हक बारे आंशिक छलफल हुने गरेका मन्त्रालयहरू	सूचनाको हक बारे छलफल हुने गरेका मन्त्रालयहरू
१.	➢ उद्योग ➢ ऊर्जा ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ सहरी विकास ➢ सूचना तथा सञ्चार ➢ श्रम तथा रोजगार ➢ स्वास्थ्य	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ अर्थ ➢ गृह ➢ पशुपंक्षी विकास ➢ परराष्ट्र ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ युवा तथा खेलकुद	➢ आपूर्ति ➢ कृषि विकास ➢ खानेपानी तथा सरसफाइ ➢ जनसंख्या तथा वातावरण ➢ भूमिसुधार तथा व्यवस्था ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ वाणिज्य ➢ विज्ञान तथा प्रविधि ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
	८	७	१६



२.२० सूचनाको हक प्रचलनमा तत् निकायको अग्रसरता

सूचनाको हकको प्रचलन मन्त्रालय र त्यस मातहतका निकायमा प्रभावकारी रूपमा कार्यान्वयनमा आउनु पनि जरूरी छ। मन्त्रालय र मातहतका निकायको अग्रसरताले सूचनाको हकको प्रयोगमा प्रभावकारिता आउने र जनताले सहज रूपमा सूचना प्राप्त गर्ने हुन्छन्। सर्वेक्षणमा ३ वटा मन्त्रालय मातहतका निकायले आंशिक अग्रसरता देखाएको र २८ वटा मन्त्रालय मातहतका निकायले अग्रसरता देखाएको पाइएको छ।

क्र.सं.	नरहेको	सूचनाको हक प्रचलनमा आंशिक अग्रसरता देखाउने मन्त्रालयहरू	सूचनाको हक प्रचलनमा पूर्ण अग्रसरता देखाउने मन्त्रालयहरू
१.	-	➢ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ➢ ऊर्जा ➢ सहरी विकास	➢ अर्थ ➢ आपूर्ति ➢ उद्योग ➢ कानुन न्याय तथा संसदीय मामिला ➢ कृषि विकास ➢ खानेपानी तथा सरसफाइ ➢ गृह ➢ जनसंख्या तथा वातावरण ➢ परराष्ट्र ➢ पशुपंक्षी विकास ➢ भूमिसुधार तथा व्यवस्था ➢ भौतिक पूर्वाधार तथा यातायात ➢ महिला, बालबालिका तथा समाजकल्याण ➢ युवा तथा खेलकुद ➢ रक्षा ➢ वन तथा भूसंरक्षण ➢ वाणिज्य ➢ विज्ञान तथा प्रविधि ➢ शान्ति तथा पुनर्निर्माण ➢ शिक्षा ➢ सहकारी तथा गरिबी निवारण ➢ सामान्य प्रशासन ➢ सिंचाइ ➢ सूचना तथा सञ्चार ➢ संघीय मामिला तथा स्थानीय विकास ➢ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ➢ श्रम तथा रोजगार ➢ स्वास्थ्य
	-	३	२८

अध्याय ३ : मन्त्रालय र मातहतका निकायहरूको अवस्था अध्ययन

३.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपालको कार्यकारिणीको सबैभन्दा उच्चतम पदसोपानमा रहेको संगठनको रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। यो कार्यालय नेपालको नीति निर्माण गर्ने सर्वोच्च र केन्द्रीय निकाय हो। यस अतिरिक्त यस कार्यालयले नीतिगत तथा कार्यान्वयनको तहमा आउने विभिन्न समस्याहरू निराकरण गरी विभिन्न निकायहरू बीचमा समन्वयकारी भूमिका समेत निर्वाह गर्दछ। यो कार्यालय मातहत निम्न केन्द्रीय तहका निकायहरू छन् :

१. राष्ट्रिय सतर्कता केन्द्र

२. सार्वजनिक खरिद अनुगमन कार्यालय

३. नेपाल ट्रस्टको कार्यालय

४. गरिबी निवारण कोष

५. लगानी बोर्ड

६. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति:

- सूचना अधिकारी तोकिएको।
- स्वस्फूर्त प्रकाशनको कार्य नियमित रूपमा भइरहेको।
- सूचना मागको छुट्टै रजिष्टरमा दर्ता गर्ने र छुट्टै फाइल खडा गर्ने परम्परा बसालिएको।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचना मागेर पाउने होइन पाउनु पर्ने सूचना उपर स्वत: पहुँच पुग्ने व्यवस्था मिलाउनु पर्ने,
- प्रत्येक निकायले सूचनाहरू वर्गीकरण गरी प्रवाह गर्ने र नगर्ने सूचनाको विवरण पनि सार्वजनिक गर्ने।



३.२ अर्थ मन्त्रालय

मुलुकको वित्तीय तथा मौद्रिक क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ । सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजश्व संकलन समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास, वैदेशिक सहायता व्यवस्थापन, विदेशी विनिमय तथा नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापन सम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो । अर्थ मन्त्रालय धेरैवटा निकायहरूको सम्पर्क मन्त्रालय रहेपनि अर्थ मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीय निकायहरू छन् :

१. महालेखा नियन्त्रक कार्यालय

२. आन्तरिक राजश्व विभाग

३. भन्सार विभाग

४. राजश्व अनुसन्धान विभाग

५. सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग

६. राजश्व प्रशासन तालिम केन्द्र

७. नेपाल राष्ट्र बैंक

८. बीमा समिति

९. नेपाल धितोपत्र बोर्ड

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।

- अर्थ मन्त्रालय र मातहतका निकायहरूबाट नियमित रूपमा स्वःस्फूर्त रूपमा सूचना प्रकाशन गर्ने गरिएको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।
- राष्ट्रिय सूचना आयोगको निर्देशन बमोजिम राजश्व प्रशासन तालिम केन्द्रले सूचनाको हक विषयलाई तालिमको पाठ्यक्रममा समावेश गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- स्वस्फूर्त प्रकाशनलाई सामाजिक सञ्जाल, वेबसाइट मार्फत सार्वजनिक गरिनु उपयुक्त हुने, र अति जरूरी सूचना तत्क्षण प्रकाशनको व्यवस्था गरिनुपर्ने ।
- सार्वजनिक सुनुवाइको पद्धतिलाई अझ बढी व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्ने ।
- वेबसाइटका सामग्रीहरू संकलन गरी राष्ट्रिय सूचना आयोगले त्यसमा गर्न सकिने सुधारका बारेमा छलफल र प्रशिक्षण दिनुपर्ने ।
- सूचनाको हकको कार्यान्वयन स्थितिका बारेमा नियमित रूपमा मूल्याङ्कन गरिनु आवश्यक ।



३.३ आपूर्ति मन्त्रालय

आपूर्ति व्यवस्थाको महत्वपूर्ण जिम्मेवारी रहेको आपूर्ति मन्त्रालय जनतासँग प्रत्यक्ष सरोकार रहेको मन्त्रालय हो । यस मन्त्रालय अन्तर्गत देहायका केन्द्रीय निकायहरू छन् :

१. नेपाल आयल निगम
२. साल्ट ट्रेडिङ लि.
३. नेपाल खाद्य संस्थान

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।

३.४ उद्योग मन्त्रालय

देशलाई औद्योगिकीकरण तर्फ उन्मुख गराई दिगो औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन नियम तर्जुमा गरी औद्योगिक विकासका माध्यमद्वारा रोजगारीका अवसर सृजना गर्दै उच्च आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने उद्देश्यका साथ नेपाल सरकारको केन्द्रीय निकायको रूपमा उद्योग मन्त्रालय स्थापना भएको हो । यो मन्त्रालय मातहत केन्द्रीय स्तरमा निम्न निकायहरू छन् :

१. उद्योग विभाग
२. खानी तथा भूगर्भ विभाग
३. घरेलु तथा साना उद्योग विभाग
४. नेपाल गुणस्तर तथा नापतौल विभाग
५. कम्पनी रजिष्ट्रारको कार्यालय
६. घरेलु तथा साना उद्योग विकास समिति

माथि उल्लिखित केन्द्रीय निकाय बाहेक यस मन्त्रालय मातहत १३ वटा सार्वजनिक क्षेत्रका उद्योगहरू सञ्चालनमा छन् । यस मन्त्रालय अन्तर्गत क्षेत्रीय, अञ्चल र जिल्ला तहका कार्यालयहरू पनि छन् ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालयका वरिष्ट अधिकृतलाई सूचना अधिकारी तोकिएको ।
- मन्त्रालय र मातहतका निकायको वार्षिक कार्यक्रम र योजनाका बारेमा वेबसाइटमा राखिएको । तर तीन तीन महिनामा सूचना सार्वजनिक गर्नुपर्ने भएपनि चार महिनामा मात्र अद्यावधिक गरिएको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।
- मन्त्रालय मातहतको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले आफ्नो पाठ्यक्रममा सूचनाको हक समावेश गरी तालिम सञ्चालन गर्ने तयारी गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचना अधिकारीहरूलाई तालिम र अभिमुखीकरणमा सहभागी गराउनु पर्ने ।
- सूचना अधिकारीहरूबीच समन्वय संयन्त्र निर्माण गर्नुपर्ने ।

- वेबसाइटमा गई जानकारी लिने प्रचलन बढ्दै गएकोले मन्त्रालय र निकायहरूका वेबसाइट नियमित रूपमा अद्यावधिक गर्नुपर्ने ।
- सेवाग्राहीसँग निरन्तर छलफल र परामर्शको माध्यमबाट नीतिगत र कार्यान्वयनको तहमा पृष्ठपोषण लिनुपर्ने ।
- सेवाग्राहीको गुनासोको व्यवस्थापनलाई प्रभावकारी तुल्याउनु पर्ने ।
- सूचना अधिकारीलाई स्रोतसाधन सम्पन्न बनाउनुपर्ने ।
- सूचनाको भाषालाई विविधिकरण गर्नुपर्ने ।
- सूचनाको हक सम्बन्धी विषयलाई विद्यालय तहदेखि विश्वविद्यालयसम्म तथा विभिन्न तालिम प्रतिष्ठानमा समावेश गर्नुपर्ने ।



३.५ ऊर्जा मन्त्रालय

ऊर्जा मन्त्रालय नेपालको समष्टीगत रूपमा ऊर्जा क्षेत्र हेर्ने जिम्मेवार निकाय हो । ऊर्जा सम्बन्धी कार्यहरू अन्य मन्त्रालय र निकायहरूमा पनि बाँडिएको छ । यस मन्त्रालयले ऊर्जाको संरक्षण, नियमन र प्रयोगका लागि नीति, योजनाको तर्जुमा गर्ने, ऊर्जाको सर्भे, अनुसन्धान र सम्भाव्यता अध्ययन गर्ने, बहुउद्देश्यीय विद्युत् आयोजनाको निर्माण, सञ्चालन, मर्मत र प्रबर्द्धन गर्ने, विद्युत् उत्पादनमा निजी क्षेत्रको प्रबर्द्धन गर्ने, विद्युत् क्षेत्रको कर राजश्वसँग विषय हेर्ने लगायतका कार्यहरू गर्दछ । यस मन्त्रालय मातहत निम्न केन्द्रीय स्तरका निकायहरू छन् :

१. जल तथा ऊर्जा आयोग

२. विद्युत विकास विभाग

३. नेपाल विद्युत प्राधिकरण

४. विद्युत महसुल निर्धारण आयोग

५. जलविद्युत विकास तथा लगानी कम्पनी

६. बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति

७. नलसिंगाड जलविद्युत आयोजना विकास समिति

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- पहिलो र दोस्रो चौमासिक विवरण एकसाथ प्रकाशन गरेको ।
- सूचना मागको निवेदन छुट्टै रजिष्टरमा दर्ता गरिएको ।
- सूचनाको हक सम्बन्धी तालिम मन्त्रालयमा आयोजना नभएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सेवाग्राहीबाट सूचना माग गर्ने क्रम बढेको छ, तर कहाँबाट कस्तो सूचना पाइने हो भन्ने अन्यौल देखिन्छ ।
- गोप्यताको विषयमा स्पष्टताको अभाव छ । गोप्यताको आधारमा फाइल वर्गीकरण गर्ने मापदण्ड र प्रचलन छैन ।
- प्रवक्ता र सूचना अधिकारीको कार्यक्षेत्र जोडिएको देखिन्छ । दुवै पदाधिकारी आवश्यक भए, नभएको निर्णय हुन आवश्यक छ ।

३.६ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय मूलतः अन्य मन्त्रालय सरह नेपाल सरकारको एक नीति निर्माण गर्ने मन्त्रालय हो । न्याय प्रशासन सम्बन्धी विषय, दण्ड, सजाय, कानुनको संहिताकरण र एकीकरण सम्बन्धी विषयमा यसले नीति तय गर्दछ । मन्त्रालयले सरकारी विधेयकको कानुन तर्जुमा गर्ने, सन्धि सम्झौता वा करारको मस्यौदा गर्ने वा कानुनी प्रश्नमा विभिन्न मन्त्रालयलाई राय प्रदान गर्ने तथा संसद्, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, न्याय परिषद्, न्याय सेवा आयोगजस्ता संवैधानिक निकायका हकमा सम्पर्क मन्त्रालयको रूपमा रहेर कार्य गर्दछ । नेपाल कानुन आयोग, विभिन्न न्यायाधीकरणहरू, विभिन्न

विशिष्टीकृत विभिन्न अदालत यससँग सम्बन्धित छन् । मातहतका निकाय निम्न छ :

१. न्याय सेवा तालिम केन्द्र

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारीको व्यवस्था गरिएको ।
- स्वतः प्रकाशनको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयनमा आएको पाइएन ।
- सूचना माग सम्बन्धी छुट्टै रजिष्टर खडा गरिएको, निवेदन माथिको कारबाही सम्बन्धी छुट्टै फाइल राखिएको ।
- न्याय सेवा तालिम केन्द्रको पाठ्यक्रम निर्माणको जिम्मेवारी विज्ञहरूलाई दिइएको ।
- मन्त्रालयसँग माग गरिएको सूचना निर्धारित समयभित्रै उपलब्ध गराएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हकको प्रचलन, कार्यान्वयन स्थिति र सोको अभ्यास समग्रमा सन्तोषजनक रहेको ।
- सूचना माग गर्ने संस्कृतिको अभाव अद्यापि रहेको । सूचनाको हकलाई लोकतन्त्रको आधारस्तम्भ र लोकतान्त्रिक संस्कृतिको रूपमा विकास गर्न राष्ट्रिय सूचना आयोगले आवश्यक नीतिगत, प्रक्रियागत र कानुनी उपायहरू अपनाउनुपर्ने देखिन्छ ।
- "भ्रष्टाचार नियन्त्रणको अभियान, सूचनाको हकको प्रभावकारी कार्यान्वयन" नारालाई सार्थक बनाउन निर्वाध सूचना प्रवाहलाई सहजीकरण गरिनु आवश्यक छ ।
- विगतमा "सूचना लुकाउने र गोप्यता कायम राख्ने क्षमता" लाई कर्मचारीको कार्यकुशलताको मापदण्ड मान्ने परिपाटी रहेकोमा अब "सार्वजनिक सूचना प्रवाह गर्ने क्षमता र अभ्यास" लाई मूल्याङ्कनको आधार बनाउनु जरूरी छ ।
- राष्ट्रिय सूचना आयोगको प्रभाव र क्षेत्रलाई केन्द्रीय स्तरमा मात्र सीमित नगरी तल्लो स्तरसम्म विस्तार गर्नुपर्ने खाँचो छ ।



३.७ कृषि विकास मन्त्रालय

कृषि विकास मन्त्रालयको मूल उद्देश्य नेपाली जनताको जीविकोपार्जन ग्रामीण स्तरमा रोजगारीका साथै देशको अर्थतन्त्रमा नै (कूल गार्हस्थ्य उत्पादनमा ३३.१ प्रतिशत) महत्वपूर्ण योगदान पुऱ्याउने स्रोतको रूपमा रहेको कृषि क्षेत्रको विकास गरी साना तथा सीमान्त कृषकहरूको आर्थिक स्थितिमा आमूल परिवर्तन ल्याउनु , कृषि व्यावसायिकरण गर्नु नै छ। यो मन्त्रालयको सञ्जाल केन्द्रदेखि ग्रामीण तहसम्म फैलिएको छ, र आमजनतासँग प्रत्यक्ष सम्बन्ध रहेको छ। मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीय निकायहरू रहेका छन् :

१. नेपाल कृषि अनुसन्धान परिषद्

२. कृषि विभाग

३. खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग

४. राष्ट्रिय कृषि अनुसन्धान विकास कोष

५. विउविजन तथा गुण नियन्त्रण केन्द्र

६. कृषि सामग्री संस्थान

७. व्यावसायिक कृषि तथा व्यापार आयोजना

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारीको व्यवस्था गरिएको।
- स्वस्फूर्त सूचना प्रकाशन नियमित भइरहेको र वेबसाइटमा अद्यावधिक गरिएको।
- सूचना मागको निवेदन छुट्टै दर्ता गर्ने र फाइल खडा गर्ने प्रचलन रहेको। विद्युतीय माध्यम

(टोल फ्री, इमेल, फोन) बाट पनि जानकारी दिइने प्रचलन रहेकोले छुट्टै दर्तामा जोड दिइरहने कुरामा पुनर्विचार गर्नुपर्ने ।

- तालिम कार्यक्रमहरूमा सूचनाको हक विषयलाई केही न केही रूपमा समावेश गर्ने गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हक सम्बन्धी ऐनलाई कार्यालयको कार्यक्षेत्रसँग मात्र जोडेर सीमित गर्नु हुँदैन ।
- सूचना प्राप्त गर्न चाहने नागरिकले पालना गर्नुपर्ने कर्तव्यका बारेमा सचेत गराउने कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- देशमा कार्यरत सबै गैर सरकारी संस्थाहरूमा पनि सूचनाको हकको कार्यान्वयन गराउनेतर्फ अगाडि बढ्नुपर्दछ ।



३.८ खानेपानी तथा सरसफाइ मन्त्रालय

खानेपानी तथा सरसफाइ मन्त्रालयको स्थापना सम्बत् २०७४ सम्ममा भएको हो । सबैका लागि आधारभूत खानेपानी र सरसफाइ सेवाको राष्ट्रिय लक्ष्य प्राप्त गर्नु यसको मुख्य उद्देश्य रहेको छ । यस मन्त्रालयले खानेपानी सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कनको कार्य गर्दछ । यस मन्त्रालय मातहत केन्द्रीय स्तरमा निम्न निकायहरू रहेका छन् :

१. खानेपानी तथा ढल निकास विभाग

२. आयोजना कार्यान्वयन निर्देशनालय

३. मेलम्ची खानेपानी विकास समिति

४. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड

५. काठमाडौं उपत्यका खानेपानी लिमिटेड

६. नेपाल खानेपानी संस्थान

७. खानेपानी तथा महशुल निर्धारण आयोग

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्फूर्तरूपमा सूचना प्रकाशनलाई नियमितता दिइएको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।
- सूचना उपलब्ध गराइदिनु भनी आयोगबाट भएको निर्देशनलाई मन्त्रालय र मातहतका निकायले पालना गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको वर्गीकरणलाई थप प्रस्ट गर्नुपर्ने आवश्यकता देखिएको छ ।
- सूचनाको उपयोगका सन्दर्भमा अनावश्यक दुःख दिने वा हैरानी दिने नियतले पनि सूचना माग गर्ने प्रवृत्ति देखिन थालेकोले यस्ता कार्यलाई दुरूत्साहन गर्नुपर्ने खाँचो छ ।
- सूचनालाई सही व्यक्तिले सही ढङ्गले प्रयोग गर्ने वातावरण बनाउनु पर्दछ ।
- जनसरोकारका सूचनाहरू सार्वजनिक स्थलहरूमा समेत राखेर आम नागरिकलाई जानकारी हुनेगरी प्रवाह गर्नु आवश्यक छ ।
- लामो अवधिसम्मका सूचना संरक्षण गर्नका लागि उचित प्रबन्ध गर्नु पर्दछ ।



३.९ गृह मन्त्रालय

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य उद्देश्य हो । गृह मन्त्रालयले आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, शान्ति, सुव्यवस्था तथा कानुन र व्यवस्था, हातहतियार र खरखजानाको इजाजत र नियन्त्रण गर्ने, विदेशी नागरिकको नियमन तथा नियन्त्रण गर्ने, नागरिकता, जनमत संग्रह, आप्रवासन तथा प्रवासनको नियमन गर्ने, सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम गर्ने, सार्वजनिक अपराध आदिको नियन्त्रण गर्ने, विपद् व्यवस्थापन गर्ने, सार्वजनिक बिदाको घोषणा गर्ने, सार्वजनिक चन्दा सङ्कलनको नियमन र नियन्त्रण गर्ने, अञ्चल र जिल्लाको सदरमुकाम तथा सीमाना, राष्ट्रिय परिचयपत्र, लागू औषध नियन्त्रण र प्रशासन, अन्तर्राष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा गर्ने, धार्मिक विषय, सुपुर्दगी, कारागार व्यवस्थापन, प्रहरी कल्याण लगायतका कार्यहरु गर्दछ ।

देशव्यापी सञ्जालमा फैलिएको यो निकाय आमजनताको सर्वाधिक चासोमा आउने गर्दछ । मन्त्रालय मातहत निम्न बमोजिमका निकायहरू रहेका छन् :

१.नेपाल प्रहरी

२.सशस्त्र प्रहरी बल

३.राष्ट्रिय अनुसन्धान विभाग

४.अध्यागमन विभाग

५.कारागार व्यवस्था

६.प्रहरी किताबखाना

साथै मन्त्रालय मातहत जिल्ला प्रशासन कार्यालयहरू तथा मातहतका निकायहरू रहेका छन् ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारीको व्यवस्था गृह र यस मातहतका निकायमा गरिएको ।
- स्वस्फूर्त रूपमा सूचना प्रकाशन गर्ने कार्य सन्तोषजनक रहेको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।
- राष्ट्रिय सूचना आयोगले सूचना दिनु भनी भएगरेका आदेशको कार्यान्वयन भएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सरकारबाट भएगरेका कतिपय राम्रा कामहरू पनि पारदर्शी रूपमा जनतालाई नभनिएको वा नदेखाइएको कारण सरकार र कर्मचारी प्रतिको जनविश्वास कमजोर देखिने गरेकोले पनि सूचनाको नियमित प्रवाहलाई सबल बनाउनु पर्ने ।

- सूचनाको हक र महत्वको विषयमा तालिम, गोष्ठी, सेमिनारजस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने ।
- सूचनाको हक विषयलाई विद्यालय तहदेखि नै पाठ्यक्रममा समावेश गर्नु पर्ने ।
- सूचनाको हक गलत उद्देश्य र कामको लागि प्रयोग नहोस् भन्नेतर्फ सजगता अपनाउन जरूरी रहेको ।
- पत्रकार, कानुन व्यवसायी र उपभोक्तावादीहरू मात्र सूचनाको हकका मुख्य हकदार हुन् भन्ने भ्रम हटाउनु पर्ने ।
- प्रवक्तालाई नै सूचना अधिकारीको जिम्मेवारी दिनुपर्ने ।



३.१० जनसंख्या तथा वातावरण मन्त्रालय

जनसंख्या तथा वातावरण मन्त्रालयको संगठन संरचना फेरबदल भइरहेका कारण सम्पूर्ण कार्यप्रक्रिया, योजना र दूरदृष्टिमा पनि फेरबदल भइरहेको छ । तथापि, हाल यो मन्त्रालयलाई वातावरण तथा जनसंख्या सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, जल तथा मौसम विज्ञान सम्बन्धी अध्ययन अनुसन्धान र भविष्यवाणी, जलवायु परिवर्तन तथा अनुकूलन र वैकल्पिक ऊर्जा विकास सम्बन्धी कार्यहरू तोकिएका छन् । यस मन्त्रालय मातहत देहायका निकायहरू छन् :

१. जल तथा मौसम विज्ञान विभाग

२. वातावरण विभाग

३. वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारीको व्यवस्था रहेको ।
- सूचना मागको निवेदन छुट्टै रजिष्टरमा राख्ने गरिएको ।

- दस्तावेजको वर्गीकरण र अभिलेख व्यवस्थापनका सन्दर्भमा अभिमुखीकरण र छोटो अवधिको तालिम आवश्यक देखिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- संगठन प्रमुखलाई नै सूचना अधिकारी तोक्ने सम्बन्धमा स्वायत्तता दिनु वाञ्छनीय हुन्छ ।
- मन्त्रालयले चौमासिक विवरण तयार गरी समीक्षा गर्ने परिपाटी भएकोले स्वतः प्रकाशनको प्रावधान पनि तीन तीन महिनाको साटो चौमासिक रूपमा गर्नु उपयुक्त हुने ।
- सूचना अधिकारीको जिम्मेवारी वहन गर्न अधिकृत तहका व्यक्तिहरू पन्छिने गरेकोले यो अतिरिक्त जिम्मेवारी लिने गरी उनीहरूलाई आकर्षित गर्नु पर्दछ, जसअन्तर्गत सेवा सुविधा थप गर्न सकिन्छ ।
- सूचना प्रवाहका लागि बजेटको जरूरी हुन्छ, र नेपाल सरकारले वार्षिक बजेटमै सबै निकायलाई यस्तो रकमको प्रबन्ध गर्नु पर्दछ ।
- सबै मन्त्रालयका वेबसाइटका ढाँचा फरक फरक भएकोले केन्द्रीय तहका सबै निकायहरूका वेबसाइटका ढाँचा एकै किसिमको हुनु पर्दछ ।
- सूचना प्रवाहको स्थितिको मूल्याङ्कन मापदण्ड बनाई उत्कृष्ट देखिएका निकाय तथा प्रमुखलाई हरेक वर्ष पुरस्कृत गर्नु पर्दछ ।
- सरोकारवाला व्यक्तिले के प्रयोजनका लागि सूचना आवश्यक भएको नखुलाउने, के कस्तो सूचना आवश्यक भएको भन्ने बारेमा स्पष्ट नहुने गरेको र हचुवाका भरमा र कार्यालयलाई अनावश्यक दुःख दिने नियतले र सूचनाको गलत प्रयोग गर्ने नियतले पनि सूचना माग गर्न सक्ने अवस्था भएकोले यस्तो कार्यलाई दुरूत्साहन गरिनु आवश्यक छ ।



३.११ परराष्ट्र मन्त्रालय

नेपालको परराष्ट्र दौत्य सम्बन्धमा महत्वपूर्ण कडीको रूपमा रहेको परराष्ट्र मन्त्रालय स्वदेशमा कम विदेशमा बढी कार्यालय रहेको महत्वपूर्ण सरकारी निकाय हो । मन्त्रालयले नेपालको वैदेशिक नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्य गर्दछ । विदेशी मुलुकसँगको सम्बन्ध, विदेशमा नेपालको प्रतिनिधित्व, विदेशमा नेपालको प्रचार, विदेशमा नेपाली भिसा र पासपोर्ट जारी, प्रोटोकल, गैर आवासीय नेपाली, विदेशमा रहेबसेका नेपाली नागरिकको रेकर्ड राख्ने, आर्थिक कुटनीति, कन्सुलर सेवा, र ाष्ट्रसंघ, आसियान तथा अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय संघसंस्थासँग सम्पर्क, नेपालमा विदेशी कुटनीतिक नियोग, कुटनीतिक स्तरमा मध्यस्थता र सम्झौता, परराष्ट्र सेवा सञ्चालन लगायतका कार्यहरू गर्दछ। यो मन्त्रालय मातहत केन्द्रीय स्तरमा निम्न निकायहरू रहेका छन् :

१.राहदानी विभाग

२.कन्सुलर सेवा विभाग

३.वीरगन्जस्थित सम्पर्क कार्यालय

४.परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

५.विदेशस्थित राजदूतावास, नियोग र महाबाणिज्यदूतावास

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्वःस्फूर्त प्रकाशन गर्ने सम्बन्धी काम अन्तिम चरणमा पुगेको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।
- सेवाग्राहीहरूले माग गरेका जानकारीहरू समयमै दिन मन्त्रालयले मातहतका निकायहरूलाई बारम्बार लिखित एवं मौखिक निर्देशन दिने गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालयका कतिपय कार्यहरू अत्यन्त संवेदनशील हुने भएकोले सूचना प्रवाहका सन्दर्भमा मन्त्रालयका वरिष्ठतम अधिकारीलाई प्रवक्ता र सूचना अधिकारीको दुवै जिम्मेवारी दिनु उपयुक्त हुने ।
- सूचना अधिकारीलाई तोकिएको अधिकृतको कार्यबोझ र जिम्मेवारीलाई दृष्टिगत गरी निजलाई मासिक एकमुष्ट निश्चित रकम टेलिफोन बापत उपलब्ध गराउनु पर्ने ।
- सूचनाको हकका बारेमा तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- कतिपय गोप्य राख्नुपर्ने सूचनाहरू कारणसहित मन्त्रालयले राष्ट्रिय सूचना आयोगलाई समयसमयमा जानकारी गराउनु उपयुक्त हुने ।

- वैदेशिक सम्बन्धका प्रत्यक्ष प्रभाव, आन्तरिक राजनीति वा सरोकारवर्गसँग जोडिने प्रसंगमा परराष्ट्र मन्त्रालयले आवश्यक ठानेको अवस्थामा सूचना अधिकारीले अन्य मन्त्रालय वा निकायलाई समेत प्रासंगिक सूचना पठाउने व्यवस्था गर्ने ।
- एक पटक सूचना अधिकारी तोकिएको व्यक्तिलाई सकभर कम्तिमा एक वर्षसम्म निरन्तरता दिने ।



३.१२ पशुपंक्षी विकास मन्त्रालय

देशभर सञ्जाल रहेको र आमजनतासँग प्रत्यक्ष सरोकार राख्ने पशुपंक्षी विकास मन्त्रालयको स्थापना र गठन हालसालै भएको हो । अद्यापि पुनर्संरचनाकै क्रममा रहेको यो मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीय निकायहरू छन् :

१. पशुसेवा विभाग

२. पशुपंक्षी विभाग

३. पशु स्वास्थ्य निर्देशनालय

४. पशुसेवा तालिम तथा प्रसार निर्देशनालय

५. राष्ट्रिय डेरी विकास बोर्ड

६. दुग्ध विकास संस्थान

७. डेरी विकास बोर्ड

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका कार्यालयहरूमा सूचना अधिकारी तोकिएको ।
- स्वतः प्रकाशनको व्यवस्था रहेको, तर पर्याप्त नदेखिएको ।
- सूचना मागेको निवेदनको छुट्टै रजिष्टर राख्ने गरिएको ।
- सेवाकालीन तालिमको पाठ्यक्रममा सूचनाको हक विषयलाई समावेश गरिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हक सम्बन्धी अधिकारलाई संस्थागत रूपमा प्राथमिकतामा राख्नुपर्ने ।
- राष्ट्रिय सूचना आयोगले नियमित तालिमको व्यवस्था गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाई, मिट द प्रेस जस्ता कार्यक्रमले समाजमा व्याप्त कतिपय भ्रमहरूलाई हटाउन मद्दत पुग्ने भएकोले यो कार्यक्रमलाई व्यापक र विस्तार गर्नुपर्ने ।



३.१३ भूमिसुधार तथा व्यवस्था मन्त्रालय

भूमिसुधार तथा व्यवस्था मन्त्रालय नापनक्सा एवं जग्गा प्रशासन तथा व्यवस्थापन सम्बन्धी सेवा प्रदान गर्न स्थापित नेपाल सरकारको केन्द्रीय निकाय हो । यस मन्त्रालयले भूमिसुधार तथा व्यवस्था सम्बन्धी नीति, मालपोत र रजिष्ट्रेसन, जग्गा दर्ता, मूल्याङ्कन, जग्गा प्रशासन र राजश्व संकलन, सरकार जग्गा र सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन तथा संरक्षण, टोपोग्राफीक नक्सा तयारी र हवाई सर्वेक्षण, सुकुम्बासी समस्या, गुठी जग्गा व्यवस्थापन, भू-उपयोग, मुक्तकमैया, कम्लहरी र हलिया व्यवस्थापन लगायतका आमजनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यहरू गरिआएको छ ।

यस मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीय निकायहरू छन् :

१. भूमिसुधार तथा व्यवस्थापन विभाग

२. नापी विभाग

३. भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

४. भू सूचना तथा अभिलेख विभाग

५. राष्ट्रिय भूउपयोग आयोजना

६. गुठी संस्थान

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- मन्त्रालय र मातहतका निकायबाट आफूले सम्पन्न गरेका कार्यहरूको विवरण बुलेटिन, स्मारिका, वार्षिक प्रतिवेदनका रूपमा प्रकाशन गरेको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।
- भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रबाट प्रदान गरिने तालिममा सूचनाको हक सम्बन्धी विषयवस्तु समावेश गरेको ।
- राष्ट्रिय सूचना आयोगको निर्देशन बमोजिम मन्त्रालयले मातहतका निकायबाट सेवाग्राहीलाई सूचना उपलब्ध गराउन निर्देश गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचना अधिकारीको पदलाई मर्यादित र प्रोत्साहित बनाउन जरूरी रहेको ।
- सूचना अधिकारीलाई स्रोतसाधन सम्पन्न बनाउन आवश्यक रहेको, जस्तै- पत्रपत्रिकाको व्यवस्था, सवारी साधन, ल्यापटप, मोबाइल सेट, फ्याक्स र इन्टरनेट ।
- मन्त्रालय भित्रका निर्णयको एक प्रति सूचना अधिकारीलाई उपलब्ध गराउने ।
- सूचना अधिकारीका लागि स्वदेश र विदेशमा तालिमको व्यवस्था गर्ने ।
- सूचनाको वर्गीकरणमा देखिएका अस्पष्टता (खासगरी दिन मिल्ने र नमिल्ने सूचना) सच्याउनु पर्ने ।
- सूचना मागेपछि मात्र कारवाहीको डरले सूचनाको प्रक्रिया पूरा गर्ने प्रकृतिको भएकोले यसलाई स्वस्फूर्त तुल्याउन आवश्यक पहल आयोगबाटै हुनुपर्ने ।
- सूचनाको हकको कार्यान्वयनको स्थिति मूल्याङ्कन नियमित रूपमा गरिनु आवश्यक छ ।



३.१४ भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय

नेपालको विकास बजेटको ठूलो हिस्सा ओगट्ने तथा जनतासँग प्रत्यक्ष जोडिएको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले जमिन, जल, रेलवे र रोपवे यातायातको निर्माण र विकास सम्बन्धमा नीति, योजना र कार्यक्रम तर्जुमा र सञ्चालन गर्दछ । मन्त्रालयले सडक र पुलहरूको निर्माण र मर्मत गर्दछ । हाउजिङ र भौतिक योजनाका क्षेत्रमा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघसंस्थासँग सम्पर्क र सहयोग आदानप्रदान गर्दछ । राजमार्गहरूको निर्माणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्बन्ध र सम्पर्क गर्दछ । यस मन्त्रालय मातहत केन्द्रीय स्तरमा निम्न निकायहरू रहेका छन् :

१. सडक विभाग

२. यातायात व्यवस्था विभाग

३. रेल विभाग

४. सडक बोर्ड नेपाल

५. नेपाल इन्जिनियरिङ परिषद्

६. काठमाडौं-तराइ-मधेश फास्ट ट्र्याक आयोजना

७. काठमाडौं दिगो सहरी यातायात आयोजना

८. रेल्वे तथा मेट्रो विकास आयोजना

९. बाढीजन्य क्षति पुनः निर्माण आयोजना

साथै, यही मन्त्रालय मातहत क्षेत्रीय, अञ्चल र जिल्लास्तरीय कार्यालय समेत रहेका छन् ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति:

- सूचना अधिकारी तोकिएको ।
- स्वत: प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइएको ।
- सूचना मागको छुटै रजिष्टरमा दर्ता गर्ने र छुटै फाइल खडा गर्ने परम्परा बसालिएको ।
- सूचनाको हक सम्बन्धी तालिमलाई नियमित र संस्थागत स्वरूप प्रदान गरिएको ।
- राष्ट्रिय सूचना आयोगको आदेश अनुरूप सूचना मागकर्तालाई सूचना उपलब्ध गराइएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- तेस्रो वरियताको सूचना अधिकारीको व्यवस्थालाई परिमार्जन गरी अझ उपल्लो तहमा लैजानुपर्ने ।
- मन्त्रालयमा ठूलो संख्यामा प्राविधिक जनशक्ति कार्यरत रहने भएकोले उनीहरूलाई तालिम प्रदान गर्नुपर्ने ।
- मिट द प्रेसलाई नियमित गर्नुपर्ने ।
- मन्त्रालय तहबाट सूचना प्रवाहलाई नियमितता प्रदान गर्न सूचनाको भण्डारण र प्रशोधनका लागि उच्च तहको नेतृत्वमा प्रभावकारी कार्यविधि अपनाउनुपर्ने ।
- मन्त्रालयको कार्य प्रकृति व्यापक र जनतासँग प्रत्यक्ष जोडिएकोले मन्त्रालयदेखि तल्लो इकाईसम्म सार्वजनिक सुनुवाईका कार्यहरू अगाडि बढाउनुपर्ने ।

३.१५ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

मुलुकको कूल जनसंख्याको आधा हिस्सा ओगटेका महिला, लाखौं बालबालिका र सामाजिक कार्यहरूसँग जोडिएको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय स्वयंको कार्यक्षेत्र र सञ्जाल अत्यन्त सीमित छ । मुख्यत: यो मन्त्रालय मातहत निम्न निकायहरूका साथै पचहत्तरै जिल्लामा महिला तथा बालबालिका कार्यालय रहेका छन् :

१. महिला तथा बालबालिका विभाग

२. समाज कल्याण परिषद्

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको, र वेबसाइटलाई अद्यावधिक गरिएको ।
- सूचनाको स्व:स्फूर्त प्रकाशन गर्ने गरेको ।
- सूचना मागको निवेदनलाई मूल दर्तामा दर्ता गर्ने गरिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- ज्यादै न्यून मात्रामा मात्रै सूचना होल्ड गर्ने नीति लिनु उपयुक्त हुने ।
- सूचना नपाएको वा अधुरो पाएको अवस्थामा अपिल गर्ने व्यवस्थालाई सुव्यवस्थित तुल्याउने ।
- मन्त्रालयको व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने । जस्तै, मानव बेचबिखन सम्बन्धी सूचनाको एकीकृत तथ्याङ्क व्यवस्थित छैन ।
- कर्मचारीहरूमा व्याप्त गोपनीयताको संस्कारलाई खुलापनको संस्कारमा रूपान्तरित गर्न मन्त्रालयको नेतृत्व तहबाटै प्रयास गर्नु पर्दछ ।



३.१६ युवा तथा खेलकुद मन्त्रालय

युवा तथा खेलकुद क्षेत्रको विकास गर्ने उद्देश्यले युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो । यो क्षेत्रका लागि आवश्यक नीति, ऐन, नियमावली र निर्देशिकाहरू तर्जुमा गर्ने तथा समसामयिक परिमार्जन गर्ने कार्यको मुख्य जिम्मेवारी यही मन्त्रालयको हो । युवालाई स्वदेशमै सक्रिय तुल्याउने, स्वस्थ, सीपयुक्त र स्वावलम्बी युवा बनाउन यस मन्त्रालयले कार्य गर्दछ । देशभर सरकारी तथा स्थानीय पहलमा फैलिएको यो क्षेत्रमा लाखौं युवा आबद्ध छन् ।

यो मन्त्रालय मातहत निम्न केन्द्रीय निकाय रहेको छ :

१. राष्ट्रिय खेलकुद परिषद्

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारीको व्यवस्था गरिएको ।
- स्वतः प्रकाशनको कार्यलाई निरन्तरता दिइएको ।

- सूचना मागलाई छुट्टै रजिष्टरमा दर्ता गरिएको ।
- सूचनाको हकसम्बन्धी निवेदनको कारवाही र किनारा गर्ने गरी आन्तरिक कार्यविधि २०७२ प्रचलनमा ल्याइएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हकको कार्यान्वयनका लागि प्रतिबद्ध र समर्पित शाखाको व्यवस्था, कार्य उत्प्रेरित, मनोबलयुक्त तथा सक्षम कर्मचारीको व्यवस्था, सूचनाको हकको प्रबर्द्धनका लागि छुट्टै कार्यक्रम र बजेटको व्यवस्था गर्नुपर्ने ।
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालासँग व्यापक सहकार्य जरूरी रहेको ।
- सूचनाको प्रभावकारी कार्यान्वयनका लागि सबल वातावरणको निर्माणका लागि उच्च तहको राजनीतिक प्रतिबद्धता, शासन र विकासमा प्राथमिकता र सरोकारवालाको सचेतना आवश्यक देखिन्छ ।
- राष्ट्रिय सूचना आयोग अधिकारसम्पन्न, स्वायत्त र रणनीतिक नेतृत्व दिन सक्षम हुनुपर्दछ ।
- सूचनाको हकको संरक्षण र सम्बर्द्धन सम्बन्धी राष्ट्रिय रणनीतिक कार्ययोजना निर्माण र कार्यान्वयन गरिनुपर्दछ ।
- कुनै संस्था विशेष, आमसञ्चारका प्रतिष्ठानका प्रतिनिधि र कुनै पनि प्रकारका संस्थाले नागरिकका नाउँमा दबाबमूलक तरिकाले सार्वजनिक निकायबाट सूचना लिने प्रवृत्तिको अन्त्य गर्न कार्यविधिगत स्पष्टता राष्ट्रिय सूचना आयोगले गरी सबै निकायलाई यससम्बन्धी मार्गदर्शन गर्नुपर्दछ ।

३.१७ रक्षा मन्त्रालय

राष्ट्रिय सुरक्षा नीति सम्बन्धी योजना र कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने, नेपाली सेनाको गठन, लोकतान्त्रिकरण, पुनर्संरचना, परिचालन, व्यवस्थापन र नियन्त्रण गर्ने, सैनिक अधिकृत र जवानहरूको अनुशासन र सेवा शर्त तोक्ने, सैनिक तालिम र सेनाको सुविधा व्यवस्थापन गर्ने, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा महत्वपूर्ण सम्पदा, स्मारकहरूको सुरक्षा समेतका कार्यहरू गर्ने गरी रक्षा मन्त्रालयको स्थापना भएको हो । यस मन्त्रालय मातहत निम्न बमोजिम केन्द्रीय निकाय रहेको छ :

१. नेपाली सेना

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्वस्फूर्त रूपमा सूचना प्रकाशन गर्ने गरिएको र सूचना प्रकाशनको कार्य वेबसाइट र सूचना पाटी मार्फत गर्ने गरिएको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।
- नेपाली सेनाले आफ्ना तालिम कार्यक्रममा सूचनाको हक विषयलाई समावेश गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- पटक पटक भइरहने संसद र स्थानीय चुनावमा राजनीतिक दलहरूका तर्फबाट जारी हुने चुनावी घोषणापत्रमा पनि सूचनाको हकको प्रत्याभूति बारेमा प्रतिबद्धता आउनुपर्ने ।
- सूचना अधिकारीको क्षमता विकास गर्ने गरी आवश्यकता मूल्याङ्कन गर्नुपर्ने ।
- सूचना प्रवाहमा आवश्यक पर्ने स्रोतसाधनको व्यवस्था गर्नेतर्फ सरकारले विशेष ध्यान दिनुपर्ने ।
- सूचनाको प्रवाहमा सूचना प्रविधिको अधिकाधिक प्रयोग गर्ने ।
- सरकारको मातहतमा रहेका सबैजसो निकायका प्रमुखहरूसँग निश्चित सूचकका आधारमा कार्यसम्पादन सम्झौता हुने क्रम सुरू भएकोले ती सूचकमा सूचनाको हकलाई समेत समावेश गर्नुपर्ने ।
- सबै तहका पाठ्यक्रममा सूचनाको हक विषय समावेश गर्नु उपयुक्त हुने ।
- राष्ट्रिय सूचना आयोगबाट नै सम्बद्ध मन्त्रालयहरूको सहयोग र समन्वयमा सूचना वर्गीकरण गरिनु उपयुक्त हुने भन्ने सबै सरोकारवालाहरूको राय रहेकोले यस विषयमा ध्यान दिनुपर्ने ।
- सरकारी निकायहरूबाट जारी हुने कतिपय सूचनाको वैधानिकता परीक्षण जरूरी हुन्छ, तसर्थ केन्द्रीय तथ्याङ्क विभागबाट वैधानिकता परीक्षण गरेर मात्र त्यस्ता सूचना जारी गर्ने प्रबन्ध गर्नु उपयुक्त हुने ।
- सार्वजनिक सुनुवाइका कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गर्नु पर्ने, र त्यसको प्रभाव मूल्याङ्कन राष्ट्रिय सूचना आयोगबाट गरिनुपर्ने ।
- राष्ट्रिय सूचना आयोगलाई राज्य पुनर्संरचनाका आधारमा पुनर्संरचना र सुदृढीकरण गर्नेतर्फ ध्यान दिनुपर्ने ।
- सूचनाको हक कार्यान्वयनको अवस्थाका बारेमा नियमित किसिमबाट स्वतन्त्र विज्ञहरूको समूहको सहयोगमा प्रभाव मूल्याङ्कन गर्नुपर्ने ।



३.१८ वन तथा भू-संरक्षण मन्त्रालय

वन तथा भू-संरक्षण मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूको क्षेत्र निकै व्यापक छ । नेपालको कूल भूभागको करिब ४० प्रतिशत वन जंगलले ढाकेको र ठूलो संख्या वनमा आश्रित रहेकोले पनि वन तथा भू-संरक्षण मन्त्रालयले गर्ने कार्यहरूको परिधि व्यापक रहेको हो । मन्त्रालयका प्रमुख कार्यहरूमा वन तथा भू-संरक्षणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, राष्ट्रिय वन क्षेत्र, सरकारी वन, सरकारद्वारा व्यवस्थित वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कवुलियती वन, चक्ला वन तथा निजी वन निर्धारण गर्ने, सरकारी र गैर सरकारी वन क्षेत्रको सर्वेक्षण, नाप नक्सा र सीमा निर्धारण गर्ने, वन पैदावार (काठ दाउरा, वन्यजन्तु, जडीबुटी, गैरकाष्ठ पदार्थ, वन क्षेत्रको पानी, माटो, ढुङ्गा गिट्टी, बालुवा आदि) को संरक्षण र व्यवस्थापन गर्ने, भू तथा जलाधार क्षेत्र संरक्षण, बृहत जलाधार क्षेत्र तथा तालतलैयाको संरक्षण, सम्बर्द्धन, विकास र समन्वय र व्यवस्थापन गर्ने, वनस्पति र जडिबुटीसम्बन्धी नीति तथा अध्ययन, अनुसन्धान, प्रचारप्रसार सर्वेक्षण, संकलन, प्रबर्द्धन गर्ने लगायतका छन् ।

केन्द्रदेखि जिल्ला गाउँ तहसम्म फैलिएको वन तथा भू-संरक्षण मन्त्रालय मातहत निम्न केन्द्रीय निकायहरू रहेका छन् :

१. वन अनुसन्धान तथा सर्वेक्षण विभाग

२. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग

३. भू तथा जलाधार व्यवस्थापन विभाग

४. वन विभाग

५. वनस्पति विभाग

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्फूर्तरूपमा सूचना प्रकाशन गरेको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।
- सूचनाको हक सम्बन्धमा केन्द्रीय वन तथा तालिम केन्द्रले आफ्नो पाठ्यक्रममा समावेश गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचना प्रवाह सुलभ र पारदर्शी किसिमबाट गरिनुपर्दछ ।
- सूचना माग गर्नेहरूका लागि आचारसंहिता तयार गर्नु उपयुक्त हुन्छ ।
- नागरिक बडापत्रका अक्षरहरूमा एकरूपता देखिएन, त्यसलाई टाढैबाट पढ्न मिल्ने व्यवस्था गर्नुपर्दछ ।
- सेवाग्राहीले सूचना माग गर्दा कार्यालय समयावधि भित्र आउनुपर्ने ।

- सानो बाकस, भवनको एक कुनामा टाङिएको उजुरी पेटीकाको सान्दर्भिकता हाल देखिएन । उजुरी पेटिका खोल्ने, हेर्ने बारे समय अन्तराल पनि तोकिएको पाइएन ।



३.१९ वाणिज्य मन्त्रालय

नेपाल सरकारले उद्योग वाणिज्य र आपूर्ति मन्त्रालयलाई पटकपटक एकल वा भिन्नभिन्न मन्त्रालयमा विभाजन गर्ने गरेको छ । वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई २०७२ पुस ९ गते नेपाल सरकारले बाणिज्य र आपूर्ति नामका दुई भिन्दाभिन्दै मन्त्रालय बनाएको छ । खासगरी, आपूर्ति मन्त्रालयको संगठन संरचना नयाँ रहेको र मन्त्रालयको वेबसाइट निर्माणदेखि अन्य संरचना निर्माणको चरणमा रहेकोले सूचनाको हकको प्रचलनमा समेत खासै काम हुन नसकेको हो । यो मन्त्रालय मातहत निम्न केन्द्रीय निकाय रहेको छ :

१. वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।

मूल्याङ्कनकर्ताको सुझाव तथा निष्कर्ष

- वेबसाइटलाई अद्यावधिक गरी राख्नुपर्ने ।
- विदेशी नागरिकलाई सूचना उपलब्ध गराउने वा नगराउने भन्ने बारेमा थप कानुनी व्याख्या र व्यवस्था गर्ने ।
- २० वर्ष अघिसम्मको सूचना अद्यावधिक गर्नुपर्ने प्रावधान भए पनि त्यो सम्भव नदेखिएको हुँदा हालका निम्ति पाँच वर्षसम्मका सूचना अद्यावधिक गर्न सकिए पनि ठूलै उपलब्धि हुने ।

- केन्द्रीय स्तरका निकायमा प्रवक्ता र सूचना अधिकारी एकै व्यक्ति तोक्न सकिए त्यो बढी व्यावहारिक र प्रभावकारी हुने ।
- तीन तीन महिनामा सूचना सार्वजनिक गर्ने कार्य बढी खर्चिलो र अव्यवहारिक छ, र त्यसलाई चार चार महिनाको गर्नु पर्ने तथा वेबसाइट मार्फत सूचना प्रवाह गरिए त्यसलाई सूचना सार्वजनिक गरेको सरह मान्यता दिनुपर्ने ।
- सूचनाको वर्गीकरणको जिम्मेवारी सम्बन्धित मन्त्रालयको सचिवलाई दिनु बढी उपयुक्त हुने ।
- सूचनाको हकका बारेमा स्कुल तथा कलेजका पाठ्यक्रममा राख्ने र नेपाल सरकारका तालिम प्रदायक निकायहरूले यो विषयलाई पाठ्यक्रममा अनिवार्य रूपमा समावेश गर्ने ।
- सूचना बढी माग हुने मन्त्रालय र निकायमा राष्ट्रिय सूचना आयोगले विभिन्न व्यवस्था गर्नु उपयुक्त हुने



३.२० विज्ञान तथा प्रविधि मन्त्रालय

विज्ञान र सूचना प्रविधिसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, अध्ययन, अनुसन्धान र सर्वेक्षण गर्ने, राष्ट्रिय अन्तर्राष्ट्रिय सभा, सम्मेलन गर्ने, विज्ञान र प्रविधि सम्बन्धी जनशक्ति, सामग्रीको उत्पादन र व्यवस्थापन गर्ने लगायत पारमाणविक, रसायनिक र अन्तरिक्ष विज्ञान आदि सम्बन्धी विषयसँग सम्बन्धित काम गर्ने गरी विज्ञान तथा प्रविधि मन्त्रालय स्थापना भएको हो । यस मन्त्रालय अन्तर्गत केन्द्रीय स्तरमा निम्न निकायहरू रहेका छन् :

१. विज्ञान तथा प्रविधि परिषद्

२. सूचना प्रविधि विभाग

३. राष्ट्रिय विधिविज्ञान प्रयोगशाला

४. बी.पी. कोइराला प्लानेटोरियम

५. राष्ट्रिय सूचना प्रविधि केन्द्र

६. प्रमाणीकरण नियन्त्रकको कार्यालय

७. राष्ट्रिय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारीको व्यवस्था गरिएको ।
- मन्त्रालयका सूचना प्रकाशन गर्ने गरिएको ।
- सूचना मागको छुट्टै रजिष्टर तयार गरी दर्ता गर्ने गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझावहरू

- विज्ञान तथा प्रविधि मन्त्रालय हालसालै पुनर्गठन भएको, प्राविधिक स्वरूपको भएको, सिंहदरबार भित्र नै धेरैजसो निकायहरू रहेका र सर्वसाधारणको चासोको विषयभित्र समेत पर्न सकेको अवस्था नदेखिएकोले सूचनाको हकको समग्र कार्यान्वयन सन्तोषजनक रहेको छ ।
- सूचनाको हकको पूर्ण कार्यान्वयनका लागि आवश्यक निर्देशन, आदेश दिनुपर्ने आवश्यक रहेको ।
- सूचना अधिकारीलाई स्रोत साधन र प्रोत्साहनका साथै मर्यादित बनाउनुपर्ने ।
- आधुनिक सूचना प्रविधिको प्रयोग मार्फत मन्त्रालयका जानकारी र सूचना आमजनतासम्म पुऱ्याउनुपर्ने ।
- राष्ट्रिय सूचना आयोगले सूचना कार्यान्वयन स्थितिको नियमित रूपमा लेखाजोखा गरी निर्देश, आदेश दिनुपर्ने ।



३.२१ सहकारी तथा गरिबी निवारण मन्त्रालय

नेपालमा गरिबी निवारण विकास योजनाको प्राथमिक सूचीको विषय भएको हुँदा विभिन्न निकायहरू मार्फत सञ्चालन भइरहेका गरिबी निवारणसम्बन्धी कार्यक्रमहरूबीच संयोजन र समन्वय कायम गर्न तथा सहकारी मार्फत गरिबी निवारण कार्यक्रमलाई परिचालन गरी ग्रामीण विकासमा महत्वपूर्ण भूमिका दिलाउने मूलभूत उद्देश्य प्राप्तिका लागि सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना भएको हो । केन्द्रदेखि जिल्ला तहसम्म सञ्जाल रहेको यो मन्त्रालय आमजनतासँग प्रत्यक्ष जोडिएको महत्वपूर्ण मन्त्रालय हो ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति:

- सूचना अधिकारीको व्यवस्था गरिएको ।
- स्वतः प्रकाशन यथासमयमा गर्ने गरिएको र आयोगलाई समेत उपलब्ध गराइएको ।
- सूचना मागको निवेदनका लागि छुट्टै रजिष्टर राखिएको ।
- सहकारी प्रशिक्षण केन्द्रले आयोजना गर्ने तालिमहरूमा सूचनाको हकसम्बन्धी विषयलाई पाठ्यक्रममै राखिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालयको कार्यभार र संरचना सानो रहेकोले सूचना अधिकारीको कामलाई साधारण नियमित काम सरह मानिएको ।
- राष्ट्रिय सूचना आयोगले बेलाबखत मन्त्रालयहरूका सूचना अधिकारीको भेला गराई अनुभव आदानप्रदान गर्नु आवश्यक देखिएको ।
- मन्त्रालय भित्रका सम्पूर्ण सूचनाहरू सूचना अधिकारीले प्राप्त गर्ने वातावरण बनाउनुपर्ने ।
- मन्त्रालय तहमा मिट द प्रेस तथा जनतासँग प्रत्यक्ष जोडिने Front Offices मा सार्वजनिक सुनुवाईका कार्यक्रमलाई अझ सशक्त बनाउनुपर्ने ।
- सूचना प्रकाशनलाई तीन तीन महिनाको साटो चार चार महिनाको बनाउन उपयुक्त हुने ।
- स्वतः प्रकाशन (Proactive Disclosure) को विद्यमान आपूर्ति पद्धतिमा पुनरावलोकन गरी मागको पक्षलाई पनि अगाडि बढाउनुपर्ने ।
- मन्त्रालयहरूको कार्यबोझ फरक फरक रहेकोले सूचनाको प्रवाहका लागि सूचना शाखा अनिवार्य रूपमा स्थापना गर्ने कुरामा पुनर्विचार गर्नुपर्ने ।

३.२२ सहरी विकास मन्त्रालय

नेपाल सरकारले सहरी विकास मन्त्रालयलाई फुटाएर सहरी विकास मन्त्रालय र खानेपानी तथा सरसफाइ मन्त्रालय गठन गरेको छ । यो मन्त्रालय मुख्यतः व्यवस्थित सहरी योजना निर्माण र सरकारी भवन तथा अन्य संरचना निर्माणको लागि जिम्मेवार प्राविधिक निकाय हो । मन्त्रालय मातहत निम्न केन्द्रीय स्तरका निकायहरूका साथै जिल्ला स्तरीय कार्यालयहरूको सञ्जाल रहेको छ :

१. सहरी विकास तथा भवन निर्माण विभाग

२. काठमाडौं उपत्यका विकास प्राधिकरण

३. राष्ट्रिय आवास कम्पनी लि.

४. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र

५. नयाँ सहर आयोजना

६. उदीयमान सहरहरूमा शासकीय तथा विकास आयोजना

७. अधिकारसम्पन्न वागमती समिति

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्वस्फूर्तरूपमा सूचना प्रकाशन गरेको पाइएन ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता नगरिएको तर मूल दर्तामै दर्ता गरी व्यवस्थित रूपमा राख्ने गरिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हक सम्बन्धी तालिम यथाशीघ्र सञ्चालन गर्नुपर्ने ।
- मन्त्रालयबाट राष्ट्रिय सूचना आयोगसँग सम्पर्क गर्नुपर्दा आयोगको कुन आयुक्त वा कर्मचारीसँग गर्ने हो स्पष्ट हुनुपर्ने ।
- विभिन्न निकायले दिनु पर्ने र दिनु नपर्ने सूचनाका बारेमा बेला बेलामा आयोगले परिपत्र गर्नुपर्ने ।
- मन्त्रालयका प्रवक्ता र सूचना अधिकारीको भूमिका बारे द्विविधा रहेकोले एउटै व्यक्ति तोकिनु व्यवहारिक देखिन्छ ।



३.२३ सामान्य प्रशासन मन्त्रालय

सामान्य प्रशासन मन्त्रालयको स्थापना २०३७ सालमा भएको र यसको संरचना केन्द्रमा मात्र रहेको छ। यस मन्त्रालयबाट प्रत्यक्ष रूपमा जनसम्पर्क र सेवाप्रवाह हुँदैन । सेवाग्राही मुख्यरूपमा निजामती सेवामा कार्यरत कर्मचारीहरू नै रहेका छन् । यस मन्त्रालयको क्षेत्रभित्र निम्न केन्द्रीय निकायहरू छन् :

१. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

२. कर्मचारी प्रशिक्षण प्रतिष्ठान विकास समिति

३. निजामती किताबखाना

४. निजामती अस्पताल

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायमा सूचना अधिकारी तोकिएको ।
- छुट्टै सूचना शाखा स्थापना नभएको ।
- स्व:फूर्तरूपमा सूचना प्रकाशन गरेको पाइयो ।
- सूचना मागको निवेदनको रेकर्ड व्यवस्थित रहेको र रजिष्टरमा अभिलेख राखेको देखिन्छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हक कार्यान्वयनका लागि आवश्यक कार्यविधि, मार्गदर्शन र काममा सहजता ल्याउन मन्त्रालयले तत्परता देखाउनुपर्ने ।
- वर्षमा कम्तीमा एकपटक राष्ट्रिय स्तरको कार्यशाला आयोजना गरी व्यावहारिक ज्ञान दिनुपर्ने ।

- मन्त्रालय र मातहतका निकायबाट प्रदान गरिने सेवाकालीन तालिम, सेवा प्रवेश तालिम र अन्य पेशागत तालिम कार्यक्रममा सूचनाको हक विषयलाई समावेश गर्नुपर्ने ।
- सूचना माग गरेको विषयमा सूचना अधिकारी र निकाय प्रमुखको निर्णय उपर पुनरावेदन परी राष्ट्रिय सूचना आयोगबाट उल्टी भएको अवस्थामा सोको अभिलेख निजामती किताबखाना वा अन्य उपयुक्त निकायमा राख्ने र वृत्ति विकास वा अन्य मूल्याङ्कन प्रयोगको लागि सो पनि एउटा आधार बनाउने ।
- सूचनाको वर्गीकरणको मूल्याङ्कन आवधिक रूपमा गर्ने ।



३.२४ सिंचाइ मन्त्रालय

नेपाल अद्यापि कृषि प्रधान देश हो, तर खेतीपातीका लागि अधिकांश किसान आकाशेपानीमा निर्भर रहनु पर्दछ । यो अवस्थामा किसानका खेतखेतमा सिँचाइ सुविधा पु-याउने जिम्मेवारी सिँचाइ मन्त्रालयको काँधमा छ । त्यहीकारण यो मन्त्रालय आमजनताको सर्वाधिक चासोको क्षेत्र हो । सिँचाइ मन्त्रालय मातहत देहायका निकायहरू छन् :

१. सिँचाइ विभाग

२. जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग

३. भूमिगत जलस्रोत विकास समिति

४. जलस्रोत अनुसन्धान तथा विकास केन्द्र

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्वत: प्रकाशनको कार्य भइरहेको, वेबसाइटमा मन्त्रालयका सूचनाहरू नियमित रूपमा अद्यावधिक गरिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचना अधिकारी मन्त्रालयको सचिव लगायत सबै कार्यालय प्रमुखभन्दा ठीक एकतह मुनिको राखिनु पर्दछ । यसबाट सूचनामा पहुँच र सूचनाको वर्गीकरण सम्बन्धी समस्या बिस्तारै हटेर जानेछ ।
- हाल गठन भएका करिब १९ वटा तालिम प्रदायक सरकारी निकायहरूमा राष्ट्रिय सूचना आयोगले तालिम सञ्चालन र पाठ्यक्रम डिजाइन गर्नु पर्दछ ताकि तालिममा एकरूपता आउँछ ।
- सूचना अधिकारीको तालिम लिइसकेको कर्मचारी अर्को कार्यालयमा सरूवा भएपनि उनीहरूलाई नै त्यो जिम्मेवारी तोक्ने गर्नुपर्दछ ।
- सार्वजनिक सुनुवाईका कार्यक्रमलाई व्यापक बनाउन राष्ट्रिय सूचना आयोगले पहल गर्नु पर्दछ, र आयोग आफैंले पनि यो कार्य गरेर जनतालाई सूचना प्रवाहमा सघाउनुपर्दछ ।
- सिँचाइ मन्त्रालयमा हेलो सरकारको टोल फ्री नम्बर छ, र यस्तो नम्बर हरेक मन्त्रालयमा स्थापित गर्नु उपयुक्त देखिन्छ ।



३.२५ सूचना तथा सञ्चार मन्त्रालय

सूचना र सञ्चार क्षेत्रको समग्र नीति निर्माण र नियमनकारी निकायको रूपमा सूचना तथा सञ्चार मन्त्रालयको स्थापना भएको हो । यो मन्त्रालयको कार्यक्षेत्र व्यापक र गाउँ तहसम्म फैलिएको छ । आमसञ्चार माध्यमदेखि टेलिकम र हुलाकको सञ्जालले यस मन्त्रालयको प्रभाव जनजनमा पुगेको मान्न सकिन्छ । मन्त्रालय मातहत आयोग, समिति र बोर्डहरू, विभागहरू र संस्थानहरू तथा कम्पनीहरूका साथै क्षेत्रीय हुलाक र जिल्ला हुलाक कार्यालयहरू छन् । यस मन्त्रालयको सम्पर्क र मातहत रहेका केन्द्रीय स्तरका निकायहरू निम्न बमोजिम छन् :

१. राष्ट्रिय सूचना आयोग

२. प्रेस काउन्सिल नेपाल

३. दूर सञ्चार प्राधिकरण

४. राष्ट्रिय समाचार समिति

५. हुलाक सेवा विभाग

६. मुद्रण विभाग

७. सूचना विभाग

८. नेपाल टेलिकम

९. रेडियो प्रसार विकास समिति (रेडियो नेपाल)

१०. नेपाल टेलिभिजन

११. गोरखापत्र संस्थान

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको, र सूचना अधिकारीलाई मन्त्रालयको सूचनामा पहुँच दिइएको ।
- स्वस्फूर्त रूपमा सूचना प्रकाशन गर्ने गरिएको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हक विषयको तालिम पर्याप्त नदेखिएकोले मन्त्रालय र यस मातहतका निकायले तालिमहरूमा यस विषयलाई समावेश गर्नुपर्ने ।

- राष्ट्रिय सूचना आयोग तथा सार्वजनिक निकायहरूबीच नियमित सम्पर्क, सञ्चार एवं छलफल गर्नुपर्ने ।
- राष्ट्रिय सूचना आयोगले आफैंले अनलाइन पोर्टल स्थापना गरी सबै सूचना अधिकारीहरूसँग अनलाइन सूचना आदानप्रदान गर्नु पर्ने र अनलाइन प्रशिक्षणको व्यवस्था पनि गर्नुपर्ने ।



३.२६ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय आमजनतासँग व्यापक रूपमा संलग्न मन्त्रालय हो । स्थानीय सुशासनको संस्थागत विकास गर्ने, स्थानीय सेवा प्रवाहमा सुधार गर्ने र दिगो तथा गुणस्तरीय आर्थिक सामाजिक तथा स्थानीय पूर्वाधार विकास गर्ने यस मन्त्रालयको प्रमुख उद्देश्य रहेको छ। साथै, संघीय संरचना, समावेशी लोकतन्त्र र निक्षेपणको अवधारणा अनुरूप स्थानीय सरकारको केन्द्र तथा प्रादेशिक सरकारसँगको अन्तरसम्बन्ध बढाउने, स्थानीय निकायको संगठनात्मक सुदृढीकरण, क्षमता अभिवृद्धि एवं मानव संसाधन विकास गरी जनताका माग र आवश्यकतालाई न्यायोचित प्राथमिकताका आधारमा सम्बोधन गर्न सक्षम स्थानीय सरकारको विकास गर्ने, वित्तीय स्वायत्तता र विनियोजन दक्षता अभिवृद्धिका लागि स्थानीय सरकारको वित्तीय स्रोतलाई विकेन्द्रीकरणको क्षेत्रगत अवधारणा (Decentralization SWAP) अनुरूप व्यवस्थित गर्दै खर्चको विनियोजन र व्यवस्थापन कार्यमा वित्तीय अनुशासन, पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्ने इत्यादि रहेका छन् । यस मन्त्रालय मातहतका केन्द्रीय स्तरका निकायहरू निम्न बमोजिम छन् :

१. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

२. केन्द्रीय पञ्जीकरण विभाग

३. स्थानीय निकाय वित्तीय आयोग

४. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

५. दुर्गम क्षेत्र विकास समिति

६. राष्ट्रिय दलित आयोग

यस मन्त्रालय मातहत जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिहरूका साथै विभिन्न आयोग, समिति र परिषद्हरू क्रियाशील छन् ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्वःस्फूर्त प्रकाशन गर्ने सम्बन्धी काम नियमित रूपमा भइरहेको । मन्त्रालयबाट भएगरेका काम कारबाही र निर्णयहरूको विवरण तत्कालै वेबसाइट, फेसबुक, ट्वीटर जस्ता सञ्चार साधन मार्फत सार्वजनिक गर्ने गरिएको । सूचनाको हकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गत आर्थिक वर्षमा जिल्ला विकास समितिहरूमा रू एक एक लाख र १९१ नगरपालिकाहरू प्रत्येकमा रू. ७५ हजारका दरले कार्यक्रम सहित बजेट निकासा गरिएको ।
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालन हुने तालिम कार्यक्रममा सूचनाको हकलाई प्राथमिकतामा राखी समावेश गरिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- उजुरी पेटिकाको प्रयोगमा कमी आएको पाइएकोले त्यसको विकल्पको पनि खोजी गर्न सकिने ।
- कार्यालयमा हुने बैठकहरूमा सूचना अधिकारीलाई आमन्त्रण गर्ने ।
- सार्वजनिक सरोकारका विषयहरूमा जानकारी माग्ने र जनता समक्ष सार्वजनिक गर्ने गराउने कार्यका लागि सूचनाको हक सम्बन्धी जुझारू कार्यकर्ता तयार गर्ने, उनीहरूलाई प्रोत्साहन दिने र सरकारका काम कारबाहीमाथि नागरिक खबरदारी बढाउने जस्ता कार्यक्रम ल्याउने ।
- सूचना प्रविधिको अधिकतम प्रयोग गरी जनता र सार्वजनिक निकाय बीच सुमधुर सम्बन्ध विकास गर्ने ।
- सूचना पाउन नसकेमा वा समयमा नपाएमा उचित क्षतिपूर्तिको प्रबन्ध गर्ने ।



३.२७ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

मुलुकको विविधतापूर्ण संस्कृति, बलियो आर्थिक आधार रहेको पर्यटन र हवाई सेवा क्षेत्रको समग्र व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय रहेको छ । यो मन्त्रालय मातहत निम्न केन्द्रीय निकायहरूका साथै अन्य दर्जनौं केन्द्रीय निकायहरू रहेका छन् :

१. पर्यटन विभाग

२. पुरातत्व विभाग

३. नेपाल नागरिक उड्डयन प्राधिकरण

४. पशुपति क्षेत्र विकास कोष

५. नेपाल पर्यटन बोर्ड

६. पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

७. नेपाल वायुसेवा निगम

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्वस्फूर्त रूपमा सूचना प्रकाशन गर्ने गरिएको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरिएको ।
- तालिम कार्यक्रममा सूचनाको हकलाई समावेश गर्ने प्रतिबद्धता व्यक्त भएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- प्रत्येक निकायहरूका सूचना पाटीमा कस्तो कस्तो सूचना सम्प्रेषण हुने र कस्तो गोप्य रहने भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने ।
- सूचना मागको निवेदन ढाँचा सबै निकायमा प्रिन्टेड रूपमा हुनुपर्ने ।
- सिंहदरबार परिसरमा सूचना माग गर्न चाहने आम सर्वसाधारणलाई प्रवेशमा कठिनाइ रहेकोले त्यसको विकल्पका बारेमा ध्यान दिनुपर्ने ।
- उत्कृष्ट कार्य गर्ने सूचना अधिकारीलाई पुरस्कारको व्यवस्था गर्नुपर्ने ।



३.२८ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपालको समग्र स्वास्थ्य क्षेत्रको सुधारमा महत्वपूर्ण नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवारी रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय केन्द्रदेखि जिल्ला र गाउँतहसम्म फैलिएको छ । यो मन्त्रालय र मातहतका निकायहरूको सूची निकै लामो छ । मुख्यत: केन्द्रीय स्तरका विभागहरू, क्षेत्रीय स्तरका निकायहरू, केन्द्रीय अस्पतालहरू, क्षेत्र र अञ्चल स्तरीय निकायहरू, जिल्लास्तरीय कार्यालयहरू, सम्पर्क आयोगहरू, समिति र परिषद्हरू, प्रतिष्ठानहरू तथा अन्य परिषद्हरू यस मन्त्रालयमा छन् ।

मन्त्रालय मातहतका केन्द्रीय स्तरका मुख्य निकायहरू निम्न बमोजिम छन् :

१. औषधि व्यवस्था विभाग

२. स्वास्थ्य सेवा विभाग

३. आयुर्वेद विभाग

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र अन्तर्गतका विभागहरूमा सूचना अधिकारी तोकिएको ।
- सम्पूर्ण निकायहरूबाट स्वस्फूर्त रूपमा सूचना प्रकाशन गर्ने गरिएको ।
- सूचना मागको दर्ता गर्ने प्रक्रिया मिश्रित रहेको । कुनै निकायले छुट्टै दर्ता गर्ने गरेको र कुनैले मूल दर्तामै राख्ने गरेको ।
- मन्त्रालय मातहतका तालिम प्रदायक निकायहरूले सूचनाको हकका बारेमा क्रमशः जानकारी दिन थालेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचना उपलब्ध गराउने सन्दर्भमा अन्य निकायहरूको जस्तो सामान्यीकरण नगरी विशिष्टीकृत रूपमा व्यवहार गरिनु उचित हुन्छ ।
- सूचना प्रवाहको मापदण्ड र निर्देशिका बनाउनु उपयुक्त हुन्छ ।
- मन्त्रालयको वार्षिक समीक्षा बैठकमा राष्ट्रिय सूचना आयोगका तर्फबाट छुट्टै प्रस्तुतीकरण गर्ने कार्यलाई निरन्तरता दिनुपर्दछ ।
- सूचना अधिकारीबाट के कस्तो सूचना आफैं दिन सकिने हो, कस्तो सूचना कुन तहसम्म निर्णय गराएर दिने हो जस्ता कानुनमा रहेका अस्पष्टतालाई हटाउनु वा स्पष्ट गर्नुपर्ने आवश्यकता छ ।
- विभिन्न निकायहरूमा हाल सामाजिक परीक्षण (social audit) का कार्यहरू भइरहेकोले सूचनाको हकलाई पनि समावेश गर्न सकिए थप सकारात्मक नतिजा प्राप्त गर्न सकिन्छ ।



३.२९ शान्ति तथा पुनर्निर्माण मन्त्रालय

दश वर्षभन्दा लामो सशस्त्र द्वन्द्व सामना गरेको नेपालको द्वन्द्वोत्तर शान्ति र निर्माणका कार्यलाई उच्च प्राथमिकता दिने गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालय गठन भएको हो । शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन तथा विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्कालीन र दीर्घकालीन नीति, रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, द्वन्द्वपीडित क्षेत्रको सामाजिक तथा आर्थिक विकासको नीति, रणनीति र कार्यक्रम तर्जुमा, तत्कालीन माओवादी लडाकूहरूको व्यवस्थापन, द्वन्द्वपीडितको लागि राहत र पुनर्स्थापना गर्ने लगायतका विविध कार्यको जिम्मेवारी यो मन्त्रालयको हो । मन्त्रालय मातहत निम्न केन्द्रीय निकायहरू रहेका छन् :

१. शान्ति तथा पुनर्स्थापना समिति

२. द्वन्द्वोत्तर शान्ति तथा पुनःर्निर्माण परियोजना

३. शान्ति कोष सचिवालय

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्फूर्तरूपमा सूचना प्रकाशनलाई नियमितता दिइएको ।
- सूचना मागको निवेदनलाई छुट्टै दर्ता नगरिएको । मूल दर्तामै दर्ता गरी व्यवस्थित रूपमा राख्ने गरिएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हक कार्यान्वयन सम्बन्धी विषयहरू न्यून प्राथमिकतामा पर्ने गरेको, कसैको चासोमा नपर्ने, सूचना अधिकारीले कामको जिम्मेवारी लिन नचाहने, प्रतिबद्धताहरू केबल देखाउनका लागि मात्र हुने गरेकोले यस्तो कार्यमा सुधार ल्याउन गम्भीरतापूर्वक कार्य गर्नुपर्ने ।
- कुन सूचना दिन पर्ने, कुन सूचना दिनु नहुने, सूचना कसरी दिने भन्ने जस्ता स्पष्टता सूचना अधिकारीलाई जानकारीमा हुनुपर्दछ ।
- मन्त्रालय, विभाग, कार्यालय भित्र भए/गरेका निर्णयहरू, सूचनाहरू तोकिएको सूचना अधिकारीलाई स्वतः उपलब्ध हुने व्यवस्था मिलाउनुपर्दछ ।
- राष्ट्रिय सूचना आयोगले मन्त्रालय र मातहतका निकायहरूको सूचना प्रवाह सम्बन्धी नियमित अनुगमन र परीक्षण गर्नुपर्दछ ।



३.३० शिक्षा मन्त्रालय

आमजनतासँग प्रत्यक्ष र परोक्ष व्यापक सम्बन्ध रहेको शिक्षा मन्त्रालयको दूरदृष्टि नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको, बजारको मागलाई सम्बोधन गर्न सक्ने दक्ष एवं उत्पादनशील जनशक्ति विकासका लागि सबै तहमा गुणस्तरीय शिक्षाको समतामूलक पहुँच सुनिश्चित गर्ने रहेको छ। केन्द्रदेखि देशका कुनाकाप्चामा प्रत्यक्ष र व्यापक सञ्जाल रहेको र राष्ट्रिय बजेटको ठूलो हिस्सा खर्च गर्ने यो मन्त्रालयसँग सूचना माग गर्नेहरूको संख्या ठूलो हुन सक्छ। यस मन्त्रालय मातहतका केन्द्रीय निकायहरू निम्न बमोजिम छन् :

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीइभिटी)

२. उच्च माध्यमिक शिक्षा परिषद्

३. शिक्षा विभाग

४. शैक्षिक जनशक्ति विकास केन्द्र

५. परीक्षा नियन्त्रण कार्यालय

६. पाठ्यक्रम विकास केन्द्र

७. अनौपचारिक शिक्षा केन्द्र

८. विद्यालय शिक्षक किताबखाना

९. शैक्षिक गुणस्तर परीक्षण केन्द्र

१०. शिक्षाका लागि खाद्य कार्यक्रम

११. व्यावसायिक तालिम योजना

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालयमा सूचना अधिकारी तोकिएको।

- स्वतः प्रकाशन नियमित रूपमा हुने गरेको, शिक्षासँग सम्बन्धित सूचनाहरू हरेक दिन बेलुका ७ बजेको समाचार पछि रेडियो नेपालबाट प्रसारित हुने र हरेक महिनाको १ गते र १६ गते गोरखापत्रमा प्रकाशन हुने गरेको ।
- सूचना मागसम्बन्धी छुट्टै रजिष्टर र फाइल खडा गरिएको ।
- शैक्षिक योजना तथा व्यवस्थापन तालिम, प्रशिक्षक प्रशिक्षणमा सूचनाको हक सम्बन्धी कक्षा सञ्चालन गर्ने गरिएको, शैक्षिक समाचार, बुलेटिन मार्फत शिक्षा सम्बन्धी विषयमा सरोकारवालाहरूलाई सूचित गरिएको ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनू भनी आदेश भएकोमा सूचना अधिकारीले टिप्पणी उठाई निर्णय गराउने र सो सम्बन्धित कागजातहरू व्यवस्थित रूपमा राख्ने गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हक विषयलाई कक्षा ९ को पाठ्यक्रममा राखिएको, तर अन्य कक्षामा नराखिएकोले पाठ् यक्रम विकास केन्द्रले ध्यान दिनुपर्ने ।
- सूचनाको हकका विषयमा यथासम्भव सबै कर्मचारीलाई तालिम दिनुपर्ने ।
- शिक्षा मन्त्रालयले प्रदान गर्ने छात्रवृत्ति सम्बन्धी नीति र आधारहरू बारे पर्याप्त जानकारी प्रवाह गर्नुपर्ने ।
- शिक्षा क्षेत्रसँग जोडिएका विषयहरू, नीतिहरू र कानुनी व्यवस्थाका बारेमा जनस्तरमा व्यापक जानकारी गराउन ध्यान दिनुपर्ने ।
- सूचना अधिकारीसँगको पहुँचलाई सहज बनाउनुपर्ने ।



३.३१ श्रम तथा रोजगार मन्त्रालय

श्रम र रोजगारको विषय व्यापक हुँदै गएकोले पनि श्रम तथा रोजगार मन्त्रालयको स्थापना भएको हो । नेपालको श्रम बजारका जटिलताको सम्बोधनका साथै आमजनता, उद्योग व्यवसाय र सामाजिक पक्षसँग प्रत्यक्ष सरोकार राख्ने भएकोले यस मन्त्रालयबाट सूचनाको निरन्तर, भरपर्दो प्रवाहको महत्व उच्च छ । यस मन्त्रालयले श्रम तथा रोजगार सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने, श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने, श्रमिक र व्यवस्थापक बीचको सम्बन्ध, रोजगार सेवा तथा श्रमिक आपूर्ति, वैदेशिक रोजगार, व्यावसायिक तालिमको सञ्चालन, समन्वय र प्रबर्द्धन, महिला, अपाङ्ग तथा बँधुवा मजदुरको सीप र तालिम, ट्रेड यूनियन, श्रमिकहरूको सामाजिक सुरक्षा, विदेशीहरूका लागि श्रम स्वीकृति, श्रम प्रशासन तथा व्यवस्थापन, श्रमिकहरूलाई उपलब्ध गराइने बोनस, र रोजगारी सिर्जना सम्बन्धी कार्यमा समन्वय गर्ने गर्दछ ।

श्रम तथा रोजगार मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीय स्तरका निकायहरूका साथै केही विभाग मातहत क्षेत्रीय तथा अञ्चल स्तरीय कार्यालयहरू छन् ।

१. श्रम विभाग

२. वैदेशिक रोजगार विभाग

३. सामाजिक सुरक्षा कोष

४. व्यावसायिक सीप विकास तथा तालिम केन्द्र

५. वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र केन्द्रीय निकायहरूमा सूचना अधिकारी तोकिएको ।
- तीन तीन महिनामा स्वतः सूचना सार्वजनिक गर्नुपर्छ भन्ने जानकारी रहेको, तर राष्ट्रिय सूचना आयोगको उद्देश्य अनुरूप नरहेको ।
- सूचना अधिकारीले अन्य जिम्मेवारी वहन गर्ने वा नगर्ने भन्ने द्विविधा रहेको ।
- सूचना मागको छुट्टै रजिष्टर खडा नगरेको, र मूल दर्तामै सबै किसिमका निवेदन दर्ता गर्ने गरेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचना अधिकारीका रूपमा हाल दिइएको जिम्मेवारी "अतिरिक्त जिम्मेवारी" मात्र हो । तोकिएको जिम्मेवारी वहन गर्न आवश्यक समय, साधन र सुविधा उपलब्ध छ, छैन भन्नेतर्फ कसैले चासो दिएको पाइएन । गुणात्मक रूपमा सुधार ल्याउन सूचना अधिकारीका लागि विशेष व्यवस्था गरिनुपर्दछ ।
- मन्त्रालय र मातहतका निकायहरू जनतालाई सुसूचित गराउनेतर्फ जनशक्ति, कार्यबोझ, बजेट आदिका सीमिततले जनतासमक्ष नियमित र प्रभावकारी रूपमा पुग्न सकेका छैनन् ।

- सूचनाको हक सम्बन्धी ऐनमा रहेका अमूर्त प्रावधानहरूमा संशोधन र परिमार्जन गर्नुपर्ने अवस्था छ ।
- प्रवक्ता र सूचना अधिकारी एकै व्यक्तिलाई तोक्नु उपयुक्त हुन्छ ।
- माग गरिएको सूचना उद्धरणभित्र राखेर दिने गरी राष्ट्रिय सूचना आयोगबाट निर्णय भै सबैलाई जानकारी गराउने ।



अध्याय ४ : सर्वेक्षकको निष्कर्ष

सूचना अधिकारी र शाखा

सूचना माग्न जाने व्यक्तिले सूचना अधिकारी को छन् र उनलाई कसरी भेट्ने भन्ने समस्या परेको अनुभव विगतका वर्षहरूमा व्यक्त हुने गरेको थियो। सूचना अधिकारी मन्त्रालयहरूले राखेका छन् र मन्त्रालयहरूको यो सर्वेक्षणबाट सूचना अधिकारीको नाम देखिने गरी बोर्ड राख्ने गरिएको पनि पाइएको छ। त्यसैगरी बहुसङ्ख्यक मन्त्रालयले सूचना माग तथा दिएको सूचनाको विवरण अद्यावधिक गरी राख्ने गरेको पाइएको छ। २६ वटा मन्त्रालयले यसको आद्यावधिक विवरण राखेको जनाएका छन्। सूचना शाखा अलग्गै स्थापना गर्ने क्रममा पनि वृद्धि भएको छ। सात वटा मन्त्रालयले भने यस्तो शाखा नराखेको देखिन्छ। सर्वेक्षणले सूचना अधिकारीमा मन्त्रालयको उच्चपदस्थ अधिकारी भने कमैले मात्र तोकेको देखाएको छ।

स्वतः प्रकाशन

सूचनाको हकको प्रचलनमा स्वतः प्रकाशन एउटा सर्वाधिक महत्वपूर्ण प्रावधान हो। यस प्रावधानको कार्यान्वयनको अवस्था सन्तोषजनक नभए पनि सकारात्मक छ। यस्तो सूचना एकभन्दा बढी पटक जारी गर्ने मन्त्रालयको सङ्ख्या ११ छ भने नियमित रूपमा गर्ने १८ वटा रहेका छन्। बहुसङ्ख्यक मन्त्रालयले सूचना मागको दर्ता किताब छुट्टै बनाएका छन्।

प्रमुखहरूको प्रतिबद्धता

सर्वेक्षणमा मन्त्रालयका सचिव र महाशाखा प्रमुखहरू पनि सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनका लागि प्रतिबद्ध देखिएका छन्। सर्वेक्षणमा संलग्न एउटा मात्र मन्त्रालयका सचिव वा महाशाखा प्रमुखले यस्तो प्रतिबद्धता आंशिक रहेको भनेका छन्। यस पक्षलाई सूचनाको हकसम्बन्धी कानुन कार्यान्वयनको अत्यन्तै सकारात्मक पक्षका रूपमा लिन सकिन्छ। त्यस्तै सूचना दिने काममा सबैजसो सूचना अधिकारी प्रतिबद्ध रहेको सर्वेक्षणले देखाएको छ। सर्वेक्षणमा मागेजतिको तर दिन मिल्ने प्रकृतिका सबैजसो सूचना उपलब्ध गराएको पाइएको छ। यो एक सकारात्मक पक्ष हो।

सूचनाबारे अग्रसरता

सूचना हकको प्रचलन र प्रयोगमा मन्त्रालय आफैँले नै अग्रसरता देखाएको पाइएको छ। सर्वेक्षणमा संलग्न धेरै मन्त्रालयले ऐनको प्रचलनमा आफैँले अग्रसरता देखाएको बताएका छन्। यसरी यो अध्ययन वा सर्वेक्षण समग्रमा हेर्दा ऐनको कार्यान्वयनका लागि सहयोगीसिद्ध हुने देखिन्छ। यसले मन्त्रालय कहाँ छन् र तिनका मातहतका केन्द्रीयस्तरका विभागहरू पनि सूचना हकको कार्यान्वयनका लागि कुन रूपमा कार्यरत छन् भन्ने देखाएको छ।

सर्वेक्षणले सूचनाको हकसम्बन्धी कानुन कार्यान्वयनका लागि देशको उच्च प्रशासनिक निकायका रूपमा रहेका मन्त्रालयहरू सजग र सचेत देखिन्छन् । ऐनका बारेमा थाहा नभएका, सूचना अधिकारी नै नराखेका र मागी आएका सूचना नदिने गरेको अवस्था देखाएको छैन । ऐनको कार्यान्वयनमा मन्त्रालय र विभाग सक्रिय र सकारात्मक देखिएका सर्वेक्षणबाट देखिन्छ ।

सर्वेक्षणले लक्षित गरेका कतिपय उद्देश्यहरू धेरैमात्रामा प्राप्ति वा पूरा भएको वा हुने दिशामा देखिन्छ । अत्यन्तै थोरै सङ्ख्याका मन्त्रालय र विभागले मात्र आधारभूत आवश्यकता पनि पूरा गर्न नसकेको देखिएकाले तिनमा सम्बन्धित निकायको थप अग्रसरता अपेक्षित रहेको पनि यस सर्वेक्षणबाट देखिन्छ ।

सूचना उपलब्ध गराएको बारे

सूचना दिए पनि कानुनले तोकेको अवधिभित्रै सूचना नदिइने गरेका गुनासा विगतमा धेरै आउने गर्दथे । तर यस सर्वेक्षणबाट त्यस्तो अवस्था देखिँदैन । कानुनले तोकेको अवधिभित्रै सूचना दिनुपर्छ भन्ने विषयमा अधिकारीहरू सजग देखिन्छन् । सर्वेक्षणबाट यस्ता अधिकारीको सङ्ख्या ९० प्रतिशतभन्दा बढी देखिन्छ । त्यसैगरी बहुसङ्ख्यक अर्थात् ९० प्रतिशतको हाराहारीका मन्त्रालयले मागेका सूचना मागकर्ताको आग्रह बमोजिम र नेपालको प्रचलित कानुनबमोजिम उपलब्ध गराएको बताएका छन् ।

सूचना अधिकारीलाई तालिम

सूचना अधिकारीले तालिम लिनुपर्ने विषयमा भने आंशिक नतिजा प्राप्त भएको छ । कतिपय मन्त्रालय तथा केन्द्रीयस्तरका विभागमा सूचना अधिकारीले तालिम लिएका भए पनि केहीलाई भने यस्तो तालिमको अवसर प्राप्त भएको छैन । अध्ययनले सबैजसो मन्त्रालयले नै सूचना अधिकारीको व्यवस्था गरेको देखाएको छ । सूचना अधिकारीको व्यवस्था भनेको सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको प्रमुख र प्रारम्भिक आधार हो ।

सूचनाको प्रचार

आफूसँग रहेका सूचनाहरू प्रचार गराउने मन्त्रालयको सङ्ख्या पनि धेरै देखिएको छ । बहुसङ्ख्यक मन्त्रालयले आफूसँग रहेका सूचनाहरू नियमित रूपमा प्रचारप्रसार गर्ने गरेका पाइएको छ । त्यस्तै आफूसँग सम्बन्धित सूचनाको विस्तार र प्रचारको अर्को विधि भनेको वेबसाइटको स्थापना र सञ्चालन पनि हो । यस माध्यमबाट सबैजसो सरोकारवाला निकायले तथा सर्वसाधारले पनि तत्कालै र आधिकारिक सूचना र जानकारी प्राप्त गर्न सक्छन् । यस विधिको प्रयोग अधिक मात्रामा नै गर्ने गरिएको सर्वेक्षणले देखाएको छ । यस विधिबाट पनि सूचनाको प्रचार गराउन सकिन्छ ।

उजुरी पेटिका र गुनासा

मन्त्रालयहरूसँग सम्बन्धित गुनासा र सुझावहरू सुन्ने प्रयोजनका लागि उजुरी पेटिका राख्ने एवम् नियमित रूपमा ती पेटिका खोलेर गुनासा र सुझावहरू हेर्ने गरेका मन्त्रालयहरूको सङ्ख्या २१ पाइएको छ । यो सङ्ख्यात्मक हिसाबले सकारात्मक हो । सर्वेक्षणका क्रममा दुई वटा मन्त्रालयमा भने यस्ता उजुरी

पेटिकाहरू नराख्ने गरेको देखिएको छ । सार्वजनिक सुनुवाई गर्दा मन्त्रालय वा कार्यालयले हाल अवलम्बन गरेका कार्यशैलीमा सुधार ल्याएमा समस्या समाधानमा सहयोगीसिद्ध हुन सक्छ । तर यस्तो सुनुवाइको आयोजना भने मन्त्रालयमा शतप्रतिशत हुन सकेको सर्वेक्षणमा देखिएको छैन । कतिपयले आंशिक रूपमा यस्तो सुनुवाई गर्ने गरेको पनि बताएका छन् ।

पत्रकार भेटघाट (मिट द प्रेस)

मन्त्रालयसँग सम्बन्धित सूचनाको प्रवाहका लागि पत्रकार भेटघाट (मिट द प्रेस) कार्यक्रम एक प्रभावकारी विधि हुन सक्छ । यस्तो पत्रकार भेटको कार्यक्रमलाई यही प्रयोजनमा प्रयोग गर्न सकेको मन्त्रालयको सङ्ख्या धेरै देखिए पनि शतप्रतिशत छैन । यसैगरी वेबसाइट स्थापना गरेर मात्र नहुने हुँदा तिनको अद्यावधिक गर्नु अर्को प्रमुख कार्य हो । नियमित अद्यावधिक गर्ने गरेका मन्त्रालयको सङ्ख्या धेरै देखिएको छ ।

सूचना हकबारे छलफल

नेपाल सरकारका कर्मचारीहरू सरूवा भई विभिन्न ठाउँमा जाने र नयाँनयाँ व्यक्तिले सूचना अधिकारीको जिम्मेवारी पनि पाउने भएकाले ती मन्त्रालय र विभागमा समयसमयमा सूचना हकका बारेमा छलफल र अन्तर्क्रिया गर्नु आवश्यक देखिन्छ । तर अध्ययनका क्रममा भने यसरी सामयिक या अद्यावधि हिसाबमा यस्तो छलफल हुने गरेको पाइएको छैन । कम्तीमा ५० प्रतिशत मन्त्रालयले यसरी नियमित छलफल गर्ने गरेका छैनन् ।

अध्याय ५ : सर्वेक्षकका सुझावहरू

सूचना अधिकारीका सम्बन्धमा

- सूचना अधिकारीले सूचना प्रवाहको जिम्मेवारी लिन नचाहने र यसलाई झन्झटका रूपमा लिने गरेकाले यसमा सुधार गर्न गम्भीरतापूर्वक सोच्नुपर्ने ।
- सूचना अधिकारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सूचना प्रवाहलाई पनि आधार मान्नुपर्ने ।
- उत्कृष्ट कार्य गर्ने सूचना अधिकारीलाई पुरस्कारको व्यवस्था गर्ने ।
- कार्यालयमा हुने सबै बैठकमा सूचना अधिकारीलाई आमन्त्रण गर्ने ।
- कार्यालयभित्र भए गरेका निर्णयहरू र सूचनाहरू सूचना अधिकारीले स्वतः र सजिलै पाउने व्यवस्था मिलाउने ।
- सूचनामा पहुँचका लागि मन्त्रालयमा सूचना अधिकारी राख्दा सचिवभन्दा ठीक एक तहमुनिको राखिनु पर्ने । अन्य कार्यालयका हकमा पनि प्रमुख पछिको दोस्रो बरियताको व्यक्तिलाई राखिनुपर्ने ।
- प्रवक्तालाई नै सूचना अधिकारीको जिम्मेवारी दिँदा राम्रो हुने ।

सूचना सार्वजनिकीकरण सम्बन्धमा

- प्रत्येक निकायले आफ्नो निकायमा रहेका सूचनाहरूको वर्गीकरण गरी प्रवाह गर्ने र गर्नु नपर्ने सूचनाको विवरण नै सार्वजनिक गर्नुपर्ने ।
- नागरिक बडापत्रका अक्षरहरूमा एकरूपता हुनुपर्ने र तिनलाई टाढैबाट देख्न र पढ्न सक्ने बनाउनुपर्ने ।
- सूचना प्रवाहमा सूचना प्रविधिको अत्यधिक प्रयोग गर्नुपर्ने ।
- हरेक मन्त्रालयमा टोल फ्रि नम्बर राखिनुपर्ने ।
- जनसरोकारका सूचना सार्वजनिक स्थलमा पनि राख्ने व्यवस्था गर्ने ।
- सूचनाको स्वतः प्रकाशनको व्यवस्था तीन/तीन महिनाको सट्टा हरेक चार महिनामा गर्दा राम्रो हुने ।
- सूचना मागकर्ताका लागि पनि आचारसंहिता बनाउनुपर्ने ।
- सूचना प्रवाहमा आवश्यक स्रोतसाधनको व्यवस्था सरकारले गर्नुपर्ने ।

- सूचना हकको प्रवर्द्धनका लागि राष्ट्रिय रणनीतिक कार्ययोजनाको निर्माण कार्यान्वयन गर्नुपर्ने ।
- केन्द्रीय तहका सबै निकायहरूको वेबसाइटको ढाँचा एकै प्रकारको हुनुपर्ने ।
- सूचनाको भाषालाई विविधीकरण गर्नुपर्ने ।
- मिट द प्रेस कार्यक्रमलाई नियमित गर्नुपर्ने ।

स्रोत र नीतिगत व्यवस्था

- एकै विषयको सूचना (राष्ट्रिय स्तरको तथ्य, तथ्याङ्क र विवरण) फरकफरक निकायबाट फरकफरक आइरहेको हुँदा सरकारी निकायबाट जारी हुने सूचनाको वैधानिकताको परीक्षण केन्द्रीय तथ्याङ्क विभागबाट गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाई नियमित गर्नुपर्ने र त्यसको प्रभाव मूल्याङ्कन राष्ट्रिय सूचना आयोगबाट गरिनुपर्ने ।
- सूचना हकको कार्यान्वयनको अवस्थाका बारेमा नियमित स्वतन्त्र विज्ञहरूको समूहको सहयोगमा मूल्याङ्कन गर्नुपर्ने ।
- सूचनाको हकको महत्वका बारेमा नियमित रूपमा तालिम, गोष्ठी, सेमिनार सञ्चालन गर्नुपर्ने
- सबै तहका पाठ्यक्रममा सूचनाको हक विषय पनि राख्नुपर्ने ।
- सूचनाको हकको गलत प्रयोग नहोस् भन्नेतर्फ सजगता अपनाउनुपर्ने ।
- सूचनाको प्रवाहका लागि सूचना शाखाको स्थापनालाई अनिवार्य गर्नुपर्ने ।
- गैरसरकारी संस्थाहरूमा पनि सूचना हकको कार्यान्वयन गराउनेतर्फ पहल गर्नुपर्ने ।
- प्रत्येक निकायको सूचना पाटीमा कस्ता सूचना सम्प्रेषण हुने र कस्ता नहुने भन्नेबारेमा स्पष्ट रूपमा लेख्नुपर्ने ।
- सूचना मागको निवेदन ढाँचा सबै निकायमा 'प्रिन्टेड' हुनुपर्ने ।
- सिंहदरबार परिसरमा सूचना माग्न कठिनाइ भएकाले यसको विकल्प खोज्नुपर्ने ।
- उजुरी पेटिकाको प्रयोगमा कमी आएकाले त्यसको विकल्प खोज्नुपर्ने ।
- सरकारका कामकारबाही माथि नै नागरिक खबरदारी बढाउन सूचनाको हकसम्बन्धी जुझारू कार्यकर्ता तयार गर्ने ।
- दुःख र हैरानी दिने नियतले पनि सूचना माग्ने प्रवृत्ति बढेको भन्ने गुनासो सुन्नमा आएकोले यस्ता कार्यलाई दुरूत्साहित गर्नुपर्ने ।
- लामो समय सूचना संरक्षण गर्ने प्रयोजनका लागि उचित प्रबन्ध गर्ने ।

- सूचना हकको प्रवर्द्धनका लागि मनोबलयुक्त र सक्षम कर्मचारी एवम् छुट्टै बजेट र कार्यक्रमको व्यवस्था गर्नुपर्ने ।
- विभिन्न निकायमा हुने सामाजिक परीक्षण (Social Audit) मा सूचनाको हक पनि थप्नुपर्ने ।
- गोपनीयताको विषयमा स्पष्टताको अभाव छ । त्यसलाई सरलीकरण गर्नुपर्ने ।
- सूचनाको हकसम्बन्धी ऐनमा रहेका अमूर्त प्रावधानहरूलाई संशोधन गरी स्पष्ट पार्नुपर्ने ।
- राजनीतिक दलहरूका चुनावी घोषणपत्रमा पनि सूचनाको हकको प्रत्याभूति हुनुपर्ने ।

राष्ट्रिय सूचना आयोग

- राष्ट्रिय सूचना आयोगलाई अझ बढी अधिकारसम्पन्न, स्वतन्त्र, स्वायत्त र सक्षम बनाउने ।
- राष्ट्रिय सूचना आयोगलाई राज्य पुनःसंरचनाका आधारमा पुनःसंरचना र सुदृढीकरण गर्नुपर्ने ।
- राष्ट्रिय सूचना आयोगबाट नै सम्बद्ध मन्त्रालयको सहयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको समन्वयमा सूचनाको वर्गीकरण गरिनुपर्ने र दिनुपर्ने र नपर्ने सूचनाका विषयमा बेलाबेलामा राष्ट्रिय सूचना आयोगले परिपत्र गर्नुपर्ने ।
- राष्ट्रिय सूचना आयोगले मन्त्रालय र मातहतका निकायहरूको सूचना प्रवाहको अवस्थाको नियमित अनुगमन र परीक्षण गर्नुपर्ने ।
- राष्ट्रिय सूचना आयोगले समयसमयमा सूचना अधिकारीहरूको भेला बोलाइ अनुभव आदान प्रदान गराउनुपर्ने ।
- राष्ट्रिय सूचना आयोगलाई नियन्त्रकका रूपमा नभई सहजकर्ताका रूपमा हेरिनुपर्ने ।
- तालिम प्रदायक सबै सरकारी निकायहरूमा राष्ट्रिय सूचना आयोगले नै पाठ्यक्रम डिजाइन गर्ने र तालिम सञ्चालन गर्नुपर्ने ।
- राष्ट्रिय सूचना आयोगले आफैँ अनलाइन पोर्टलको स्थापना गरी सबै सूचना अधिकारीसँग अनलाइन सम्पर्क र अनलाइन प्रशिक्षणको व्यवस्था गर्नुपर्ने ।
- मन्त्रालयको वार्षिक समीक्षा बैठकमा राष्ट्रिय सूचना आयोगकातर्फबाट छुट्टै प्रस्तुतीकरणको व्यवस्था गर्नुपर्ने ।
- मन्त्रालयले राष्ट्रिय सूचना आयोगमा सम्पर्क गर्नुपर्दा कोसँग गर्ने भन्नेबारेमा स्पष्ट गरिनुपर्ने ।

अध्याय ६ : राष्ट्रिय सूचना आयोगको सुझाव

अडिट कार्यसम्पादन र अवस्था अध्ययनको एउटा सजिव कडी हो । यसका माध्यमबाट परिस्थिति र कार्यप्रकृतिका धेरै पक्षहरू सचित्र खुल्ने गर्छन् । एउटा त्यस्तै अनुभव आयोगले यस आरटीआई अडिटबाट प्राप्त गर्न सकेको छ । कुनैपनि पदार्थको शुद्धता हेर्नका लागि त्यसको मुहानमै पुग्नुपर्छ भन्ने सिद्धान्तको अनुशरण गरेर यो अध्ययन पनि नेपालको प्रशासनिक निकायको मुहानमै पुग्ने प्रयत्नसहित गरिएको छ । एक हदसम्म यो सफल पनि भएको छ भन्ने हाम्रो विश्वास छ ।

अनुसन्धान अंग्रेजी Research शब्दको नेपाली अनुवाद हो र यसको अर्थ खोजीमात्र नभएर "पुनः अथवा पटक पटकको खोजी" भन्ने हो । त्यसैले अनुसन्धानको यो अन्त्यहीन दार्शनिक अर्थलाई आगामी दिनमा पनि अनुशरण गरिने छ । यसको अर्थ यो हो कि एउटै अनुसन्धानबाट सबै कार्य एकै पटक पत्तो लाग्दैनन् । एक पटकको अनुसन्धानले कम्तिमा एक तथ्यको खोजी गरी पत्ता लगाउनुपर्ने धर्म यसले निर्वाह गरेको छ । अर्थात् यो पहिलो अध्ययनबाट पनि धेरै पक्षको वस्तुस्थिति खुल्न सकेको छ ।

यसले आम जनताले गरेको देशको प्रशासन संयन्त्रको सूचनाको हकसम्बन्धी बुझाई र प्रयोगको अनुमानलाई जाँच गर्न केही न केही सहयोग पुऱ्याएको छ । अथवा पानीको मुहान सफा भएपछि तलतिर पनि सफा पानी नै बग्छ भन्ने यथार्थजस्तै यो मुहानमाथिको गहन खोजी र राष्ट्रिय सूचना आयोगको आरटीआई अडिटका नामको अनुगमनले उनीहरूलाई आफ्नो मातहतका कार्यालयमा पनि यसै बमोजिमको रक्तसञ्चारको बहाब पुगोस् भन्ने उद्देश्य यस अध्ययनले राखेको छ ।

यो अंक गणितबाट प्राप्त अंकको प्रस्तुति हो । त्यसैले यस जोडघटाउमा भावना र नियतको प्रसंग छैन । अतः यस अध्ययनमा राष्ट्रिय सूचना आयोगले आफ्ना अनुभव र सुझावहरूलाई यहाँ प्रस्तुत गरेको छ । यी सुझावहरू पनि माथिको अनुसन्धानका क्रममा भेटिएका वास्तविकता र संकलित तथ्याङ्कहरूको प्रस्तुतिपछि आएका हुन् । जस्तो कि सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनमा सचिव र महाशाखा प्रमुखको प्रतिबद्धता रहेको नरहेको भन्ने प्रश्नको जवाफ "नरहेको" भनेर बिरलै आउँछ, र ती व्यक्तित्वको नियत पनि यो प्रश्नले मापन गर्दैन र गर्न पनि पाउँदैन । त्यसैले यस अध्यायको आशय यतिमात्र हो कि अंक गणितमा प्राप्त गरेको परिणाम बमोजिम नै व्यवहारमा पनि परिवर्तन होस् र प्रतिबद्धता नरहेको भन्ने आशय व्यवहार बाट देखिने अवस्था नरहोस् ।

अध्ययनमा सूचना अधिकारी राखेको भन्ने जवाफ नै धेरै आएको छ । मानौँ कि सूचना अधिकारी नराखेको कार्यालय अत्यन्तै न्यून छन् । तर पनि तिनै कार्यालयले सूचना अधिकारीहरूलाई तालिम नदिएको भनेर जवाफ दिएका छन् । अब ती कार्यालयले सूचनाको हकको कानुनलाई सशक्त रूपमा कार्यान्वयनका लागि सूचना अधिकारीलाई तालिम दिन नै आवश्यक नठानेका हुन् वा सूचना अधिकारीहरू आफैँ जान्ने भएर अथवा तालिम

नचाहिएकोले यस्तो अवस्था आएको हो ? यस्ता विषयमा आगामी दिनमा सबै सार्वजनिक निकायले ध्यान दिनु जरूरी छ ।

सूचना अधिकारी सूचना दिन प्रतिबद्ध रहेको भन्ने जवाफ अधिकांश मन्त्रालयको छ । त्यसो त सूचना दिन प्रतिबद्ध छैन भनेर उनीहरू आफैँले कसरी भन्न सक्छन् र ? यहाँ तथ्याङ्क संकलकले पनि आफूले सूचना मागेर र दिए-नदिएको परीक्षण गरेर यो उत्तरमा चिनो लगाएका होइनन् । न त सूचना अधिकारीले सूचना दिए नदिएको परीक्षण मागकर्तामा नै गरिएको छ । सूचना मागको दर्ता किताब अध्ययन गरेर वा राष्ट्रिय सूचना आयोगमा परेको पुनरावेदनलाई आधार मानी विश्लेषण गरेका छन् । यो प्रश्नको जवाफ सकारात्मक आउनु स्वाभाविकै हो ।

कुनै पनि सूचना अधिकारी कानुनले तोकेको समयावधिभित्र सूचना दिनुपर्ने विषयमा सजग रहे नरहेको बारेमा गरिएको अध्ययनमा सबैजसो सूचना अधिकारी सजग रहेको जवाफ आएको छ । यो सकारात्मक पक्ष हो । तर आज सजग छु भन्ने जवाफ उनीहरूले दिएर मात्र हुँदैन । भोलिका दिनमा यो सजगता बमोजिम सूचना दिए नदिएको विषयमा पनि अझ संवेदनशील रूपमा खोज अनुसन्धान हुन पनि सक्छ । त्यसैले यस्ता पक्षमा पनि सबै सार्वजनिक निकायका सूचना अधिकारीहरू सजग र सतर्क हुनु जरूरी छ ।

मागेको सूचना कानुन बमोजिम दिनुपर्ने ठहर्छ भने दिनु पर्दछ भन्ने विषयमा पनि धेरैको सकारात्मक जवाफ छ । यस्ता विषयमा आगामी दिनमा पनि सबै इमान्दार हुनु जरूरी छ । आफ्नो मन्त्रालय वा विभागकै मातहतका सूचना अधिकारीलाई आवश्यक र समयानुकूल तालिम दिए नदिएको विषयमा पनि सबै मन्त्रालय चनाखो हुनु पर्दछ । उनीहरूलाई तालिमका लागि राष्ट्रिय सूचना आयोग वा सूचनाको हकका क्षेत्रमा काम गर्ने गैरसरकारी संघसंस्था वा मन्त्रालय आफैँले पनि यस्तो व्यवस्था गर्न सक्दछन् ।

मन्त्रालय, विभाग वा ऐनको परिभाषाभित्र पर्ने सबै सार्वजनिक निकायले नागरिकले नमागे पनि ऐनको व्यवस्थाबमोजिम आफैँले सूचना स्वचालित रुपमा सार्वजनिक गर्नुपर्दछ । यसलाई सार्वजनिक निकायको स्वतः खुलासाको सिद्धान्तका रूपमा लिइन्छ । त्यसको अनुगमन त्यति गरिएको त छैन, तर पनि यस्ता धेरैजसो निकायले आफैँले सार्वजनिक गर्नुपर्ने सूचनाहरू हरेक तीन महिनामा गर्नुपर्नेमा नगरेको भन्ने नै गुनासो सुन्ने गरिन्छ । तर यस अडिटमा आएको खोजीमा त्यति निराशाजनक अवस्था छैन । त्यसैले अब यस अडिटले पाएको अंक बमोजिम व्यवहारमा पनि काम हुनुपर्ने देखिन्छ । यसको 'फलोअप' सबै निकायले गर्दा मात्र राम्रो हुनेछ ।

सूचना प्रचार प्रसार गराएको वा नगराएको भन्ने बारेमा पनि मन्त्रालयले आफू मातहतका विभागको नै अनुगमन गर्नु जरूरी छ । सार्वजनिक निकायमा सूचना शाखा स्थापना गरेको देखिएको भएपनि त्यसमा सूचनाको उत्पादन, वितरण र यसको अद्यावधिक गर्ने काम थोरै मात्रामा मात्र भएको पाइन्छ । यस्तो कार्यलाई आगामी दिनमा व्यवस्थित बनाई वास्तविक रुपमा नै सूचना शाखाका रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

कुनै पनि सार्वजनिक निकायमा सूचना अधिकारी दोस्रो वा तेस्रो बरियताको व्यक्ति राख्न सकिएमा सूचनामा र विशेषगरी त्यस निकायका प्रमुखसमक्ष सूचना अधिकारीको पहुँच पुग्ला भन्ने हिसाबले नै यो प्रावधान नियमावलीमा राखिएको हो । तर व्यवहारमा त्यस्तो नहुन पनि सक्दछ । यस्ता विषयलाई विधिसम्मत

रूपमा र कारणसहित सुधार गर्न सकिन्छ । त्यस्तै उजुरी पेटिका राखेको र नियमित खोल्ने गरेको पक्षमा जवाफ आएता पनि नियमित खोलेर त्यसभित्रका उजुरीहरूका बारेमा विवरण राखी वास्तविक रूपमा सुनुवाई हुन्छ कि उजुरी पेटिका राख्ने र खोल्नेमात्र काम हुन्छ भन्ने पक्ष आगामी दिनको अनुसन्धानको विषय बन्न सक्दछ । त्यस प्रकारका अनुसन्धानहरूले के कस्ता खालका उजुरी परेका थिए ? के कति र कसरी फछ्र्यौट भए ? भनेर पनि खोजी गर्न सकिन्छ भन्नेतर्फ अहिलेदेखि नै चनाखो भएमा राम्रो हुनेछ ।

त्यसैगरी, वेबसाइट खोलेको र प्रेस विज्ञप्ति तथा आवश्यक सूचनाहरू राख्ने गरेको भनेर जवाफ दिएका सार्वजनिक निकायको यस्तो कार्यको अनुगमन पनि हुनसक्छ र त्यस्ता वेबसाइटहरू कहिलेदेखि अद्यावधिक भए वा भएका छैनन् भनेर पनि खोजी हुन्छ भन्ने खुला समाजको अवधारणाको हेक्का राखेर काम गर्नु नै श्रेयस्कर हुनेछ ।

त्यस्तै, नियमित रूपमा प्रेस मिट गर्नु भनेको नागरिकलाई सूचना दिनुमात्र नभएर आफैँले गरेका कामहरूको पनि समय समयमा प्रचार गर्न पाइन्छ भनेर काम गर्दा जनसरोकारका सूचना सार्वजनिक हुनेछन् । यस अवसरमा सूचनाको हकका बारेमा पनि छलफल गर्न सकिन्छ र यसरी आयोजना गरिने प्रेस मिटलाई उक्त ऐन बमोजिम नै नियमित रूपमा स्वतः खुलासाको प्रयोजनमा प्रयोग गर्न सकिन्छ ।

माथि गरिएको विवेचना र विश्लेषणका आधारमा राष्ट्रिय सूचना आयोग आफ्नो यस आरटिआई अडिटमा २० वटा प्रश्नको अपेक्षित परिणामको सार स्वरुप निम्नानुसारको सुझाव प्रस्तुत गर्न चाहन्छ :

१. सूचना अधिकारी : सबै सरकारी र संवैधानिक निकाय लगायतले अनिवार्य रुपमा कार्यालय प्रमुख पछिको दोस्रो वा तेस्रो वरियाताको पदाधिकारीलाई सूचना अधिकारी तोक्नुपर्छ । कुनै किसिमले सूचना अधिकारीको पद रिक्त भएमा ७ दिनभित्र पूर्ति गर्नुपर्छ । निजलाई नियमित रुपमा सूचना प्रवाह हुने प्रबन्ध गर्नुपर्छ । सूचना अधिकारी सूचना मागकर्तामैत्री हुनुपर्छ । निजले नागरिकलाई संविधान र कानूनले प्रदान गरेको सूचनाको हकको पालना भएकोमा सन्तुष्टी प्रदान गर्न सक्नु पर्दछ ।

२. स्वतः प्रकाशन : प्रत्येक निकायले साउन-असोजको विवरण कार्तिक १५ गतेभित्र, कार्तिक-पुषको विवरण माघ १५ भित्र, माघ-चैत्रको विवरण बैशाख १५ भित्र र बैशाख-असारको विवरण साउन १५ भित्र अनिवार्य रुपमा सार्वजनिक गर्नुपर्छ । यसका लागि ऐन र नियमावलीमा २० वटा शीर्षक तोकिएका छन् । यस्तो विवरण आफ्नो वेभ साईटमा, सूचना पाटीमा, आफ्ना प्रकाशनमा, छुट्टै पुस्तिकाको रुपमा वा अन्य माध्यमद्वारा प्रकाशित गरी कम्तिमा सरोकारवाला नागरिकको सहज पहुँचमा पुऱ्याउनु पर्छ ।

३. अभिलेख राख्ने : सूचनाको हक सम्बन्धी कानून बमोजिम नागरिकले सूचना माग गरेपछि सो को छुट्टै रजिष्टरमा तत्कालै अभिलेख राखी सो को निस्सा सूचना मागकर्तालाई दिनुपर्छ । यससम्बन्धी छुट्टै फाइल पनि खडा गर्नुपर्छ । प्रत्येक ३।३ महिनामा आफ्नो निकायसम्बन्धी विवरण सार्वजनिक गर्दा सो अवधिमा कति वटा सूचना मागका निवेदन परे, कति वटामा सूचना प्रवाह भयो र कति वटामा के कारणले सूचना दिन इन्कार गरियो भन्ने सार्वजनिक गर्नुपर्छ । यसरी अभिलेख राख्ने र वर्षेनी कति वटा सूचना प्रवाह गरियो भन्ने विश्वव्यापी असल अभ्यासको नेपालमा पनि अनिवार्य रुपमा अनुशरण गर्नुपर्छ ।

४. प्रमुखको प्रतिवद्धता : सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ४ को उपदफा (१) मा प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान गर्नु पर्ने कुरा सार्वजनिक निकायको दायित्व शीर्षक अन्तर्गत लेखिएको छ । यस्तो प्रतिवद्धता "ओठे" हुनु भएन । जुन बखत नागरिकले सूचना माग गर्दछन् सो बखत माग भएको सूचना दिन इमान्दारिता प्रवर्द्धन गर्नुपर्छ । सार्वजनिक पदमा बसेकाले अधिकतम् सूचना कसरी प्रवाह गर्ने ? र नागरिकले माग गरेको सूचना किन नदिने ? तत्कालै दिने भन्ने सकारात्मक सोचबाट आफूलाई संचालित गर्नुपर्छ नकी न्यूनतम सूचना मात्रै प्रवाह गर्ने र नागरिकले जुनसुकै सूचना माग गरेपनि सो नदिने बहानावाजी खोज्ने प्रवृति त्याग्नुपर्छ । सार्वजनिक पदमा बसेकाले सूचना प्रवाहमा बाधक हुनु आपत्तीजनक कुरा हो ।

५. सूचना अधिकारीको प्रतिवद्धता : सूचना अधिकारी कानूनद्धारा तोकिने हो । यसरी तोकिएको सूचना अधिकारीले सूचना प्रवाह गर्दा थप निर्देशन लिईरहनु पर्दैन । सूचना अधिकारी नियुक्त हुन पाएकोमा गर्वको अनुभव गर्नुपर्छ । यी अधिकारीहरु नागरिकले माग गरेको सूचना दिन आतुर देखिनुपर्छ ।

६. सूचना अधिकारीको बोर्ड : तोकिएको सूचना अधिकारीको नाम, नम्बर र फोटो सहितको बोर्ड सर्वसाधारणले देख्नेगरी राख्नुपर्छ । निज बस्ने कोठासम्म सहज ढंगले पुग्ने व्यवस्था गरिएको हुनुपर्छ । निजको नाम र विवरण सार्वजनिक निकायको अग्रपृष्ठमा हुनुपर्छ ।

७. विवरणको अद्यावधिक : माथि बुदाँ नं. ३ मा पनि सूचना मागको र प्रवाहको विवरण अद्यावधिक गर्नुपर्ने कुराको चर्चा भएको छ । प्रत्येक तहका निकायले मातहत विभाग र कार्यालय समेतको विवरण संकलन गरी बर्षेनी आफ्नो निकायमा कतिवटा सूचना माग भयो ? कतिवटा सूचना प्रवाह भयो ? भनी एकीकृत विवरण तयार गर्नुपर्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहेको केन्द्रिय अनुगमन इकाईबाट नेपाल सरकारको तर्फबाट जारी भएका कूल सूचनाको एकीकृत वार्षिक आँकडा सार्वजनिक गर्न ढिला भैसकेको छ ।

८. समयमा सूचना दिने : सूचनाको हक सम्बन्धी कानूनमा जीउ ज्यानको सुरक्षा सम्बन्धी सूचना माग भए २४ घण्टाभित्र उपलव्ध गराउनुपर्ने व्यवस्था छ । अन्य सूचना माग भएमा उपलव्ध गराउन सकिने जति सूचना तत्कालै उपलव्ध गराउनु पर्ने र संकलन गरेर मात्रै दिन सकिने भए अधिकतम् १५ दिन भित्र उपलव्ध गराउने व्यवस्था छ । यसमा कानूनले तोकेकै अवधिभित्र सूचना दिन प्रतिवद्ध र क्रियाशील हुनुपर्दछ ।

९. मागेको सूचना दिने : संविधान र कानूनले नागरिकलाई माग गरेको सूचना पाउने मौलिक हक प्रदान गरेको छ । साथै, सूचनाको हक सम्बन्धी कानूनमा माग भएकै स्वरुपमा सूचना दिनुपर्ने प्रावधान छ । यसर्थ, विषयान्तर गरी वा माग गरेको सूचनाको सट्टा अन्य ढंगले निर्माण गरी उपलव्ध गराउन मिल्दैन । आफूसँग भएको माग भएकै सूचना हुबहु प्रदान गर्नुपर्छ ।

१०. तालिम : सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ४ को उपदफा (२) को खण्ड (घ) मा सबै सार्वजनिक निकायले सूचना प्रबाहमा सक्षम र सकारात्मक सोचयुक्त तुल्याउन आफ्ना कर्मचारीलाई तालिम दिनुपर्ने व्यवस्था छ । यसमा पनि सूचना अधिकारीले भने अनिवार्य रुपमा तालिम लिनुपर्ने र तालिममा सिके,जाने र बुझे अनुसार निर्धक्क भएर सूचना प्रबाह गर्नुपर्छ ।

११. प्रचार प्रसार : कुनै पनि निकायले आफूले सम्पादन गरेका कामहरु ३।३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने कुरा एउटा कानूनी दायित्व हो भने अर्कोतिर आफ्ना क्रियाकलाप/गतिविधिको प्रचार प्रसार गर्नुपर्ने र विभिन्न राष्ट्रिय भाषा तथा आमसंचारका माध्यमबाट नागरिकलाई सुसूचित गराउनुपर्ने सार्वजनिक निकायको दायित्व हो ।

१२. सूचना शाखा : सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (३) मा सार्वजनिक निकायले सूचना प्रवाह गर्ने प्रयोजनको निमित्त आवश्यकता अनुसार सूचना शाखाको व्यवस्था गर्नुपर्ने व्यवस्था छ । यो कार्य कम्तिमा मन्त्रालय र केन्द्रिय स्तरका निकाय तथा विभागबाट आरम्भ गर्न ढिला भैसकेको छ । यसर्थ सामान्य प्रशासन मन्त्रालयले नीतिगत निर्णय गरी केन्द्रिय स्तरका सबै निकायमा सूचना शाखा स्थापना गर्न पहल गर्नुपर्छ ।

१३. उच्च तहको सूचना अधिकारी : कार्यालय प्रमुखपछिको दोस्रो वा तेस्रो वरियताको पदाधिकारीलाई सूचना अधिकारी तोक्दा जनताले माग गरेको सूचना तत्काल उपलव्ध गराउन सकिने कानूनको सोचाई हो । यसबाट कार्यालय प्रमुख र दोस्रो वरियताको पदाधिकारीबीचको सुसम्बन्ध र कार्य समन्वयमा पनि सघाउ पुग्नेछ ।

१४. उजुरी पेटिका : कुनै पनि निकायसँगको गुनासो व्यक्त गर्न विभिन्न माध्यममध्ये एउटा उजुरी पेटिका पनि हो । यस्ता कामको एकीकृत र समन्वयात्मक ढंगले संचालन गर्न सके सेवाग्राहीमा बढी सन्तुष्टी पैदा गर्न सकिन्छ । यसर्थ यस्ता कार्यहरुको जिम्मेवारी सूचना अधिकृत र सूचना शाखामा राख्नु उत्तम हुनेछ ।

१५. सार्वजनिक सुनुवाई : सार्वजनिक निकायवाट सम्पादित कामको सरोकारवाला जनतालाई जानकारी दिने सशक्त माध्यम सार्वजनिक सुनुवाई हो । यसमा सरोकारवाला जनताले सूचना माग गर्न सक्दछन् र सार्वजनिक निकायलाई सूचना प्रवाह गर्ने अवसर प्राप्त हुन्छ । यस बखत नागरिकले निःशुल्क सूचना पाउँछन् र सार्वजनिक निकायले पनि सित्तैमा मुफ्तमा नागरिकबाट अमूल्य सुझाव पाउनेछ ।

१६. प्रेस भेटघाट : प्रत्येक सार्वजनिक निकायले नियमित रुपमा मिट द प्रेसको आयोजना गर्नुपर्छ । यसबाट जनता र राज्यबीच सेतुको भूमिका निर्वाह गर्न संचार क्षेत्र थप उत्प्रेरित हुन पुग्छ । यसको माध्यमद्धारा जनताले सूचना प्राप्त गर्दछन् । यसर्थ, सार्वजनिक निकायले पनि आम जनतासम्म सूचना पुग्छ भन्ने ध्येयले प्रेसलाई सूचना प्रवाह गर्नुपर्छ र प्रेसले पनि प्राप्त सूचना जनतासम्म प्रवाह गर्ने दायित्व निर्वाह गर्नुपर्छ ।

१७. वेभ साईट : सार्वजनिक निकायका गतिविधिमा नागरिकको सहज पहुँच पुऱ्याउने एउटा विधि वेभ साईटमा सूचना राख्नु पनि हो । हरेक सार्वजनिक निकायले गरेका निर्णय, नयाँ कानूनको थालनी र अन्य विवरणहरु प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गर्ने प्रणाली स्थापित भएको हुँदा यस्ता प्रेस विज्ञप्तिहरु वेभ साईटमा अनिवार्य रुपमा राख्नुपर्छ ।

१८. वेभ साईट अद्यावधिक गर्ने : माथि बुदा नं. १७ पनि वेभ साईट अद्यावधिक गर्ने कुरा उल्लेख गरी सकिएको छ । हरेक निकायको वेभ साईट आधिकारीक सूचना प्राप्त गर्ने माध्यम हुनाले यो हरेक समय चुस्त र दुरुस्त हुनुपर्छ । सूचना मागकर्ता नागरिक र संवाददातालाई मागेको सूचना तत्काल उपलव्ध गराउनुका

साथै यस्ता माग हुने र सार्वजनिक चासोका सूचना तत्कालै वेभ साईटमा राख्ने पद्दतिले नागरिकलाई सुसूचित हुन मद्दत पुग्छ र सार्वजनिक निकायप्रतिको विश्वसनीयता पनि बढेर जान्छ ।

१९. अन्तरक्रिया : सूचनाको हक सम्बन्धी कानून र पारदर्शी कार्य संस्कृति नयाँ विषय हो । यस क्षेत्रसँग सबैलाई एकै साथ सुसूचित गराउन प्रत्येक सार्वजनिक निकायले वर्षमा कम्तिमा दुई पटक यस सम्बन्धी अन्तरक्रिया गराउनुपर्छ । खुला संरचना भएका निकायले सूचना अधिकृतहरुको कम्तिमा वार्षिक भेलाको आयोजना गर्नुपर्छ ।

२०.अग्रसरता : कुनै पनि काम बाध्यतावश गर्नु र स्वःस्फूर्त गर्नुमा ठूलो अन्तर छ । सूचनाको हक लोकतन्त्रको प्राणवायूका रुपमा रहेकाले यसको प्रचलनमा स्वःस्फूर्त उत्साही हुनु भनेको प्रजातान्त्रिक/लोकतान्त्रिक पद्दतिप्रतिको वफादारिता प्रदर्शन गर्नु पनि हो । सूचनाको हकले पारदर्शीतालाई बढावा दिन्छ, जसले भ्रष्टाचार, विकृति, विसंगति र विभेदको अन्त्यमा मद्दत पुऱ्याउँछ । साथै, यसले उत्तरदायी र जवाफदेही शासन पद्दतिको विकास गरी मुलुकमा सुशासन भित्र्याउँछ । यही सुशासनको माध्यमद्वारा हामीले मुलुकको आर्थिक सम्वृद्धिको लक्ष्य भेट्टाउन सक्छौँ । यसर्थ, सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा मन, बचन र कर्मले लागि परौँ भनी राष्ट्रिय सूचना आयोग सम्बद्ध सबैमा आहवान गर्दछ ।

अनुसूची १

प्रश्नावलीको ढाँचा

मूल्याङ्कनको सूचकाङ्क

क्र.सं.	सूचकाङ्क	अंक		
		०	२.५	५
१.	सूचना अधिकारी तोकिएको (नतोकिएको/नतोकिएको भए पनि काम भएको/तोकिएको)			
२.	स्वत: प्रकाशन गरेको (कुनै बखत एक पटक गरेको/एकभन्दा बढी पटक गरेको/नियमित गरेको)			
३.	सूचना मागको निवेदन दर्ता किताब खडा गरेको (नगरेको/निवेदन छुट्टै राखेको/छुट्टै दर्ता गरेको)			
४.	सचिव/महाशाखा प्रमुखको प्रतिबद्धता रहेको (नरहेको/आंशिक रहेको/पूरै रहेको)			
५.	सूचना अधिकारी सूचना दिन प्रतिबद्ध रहेको (नरहेको/आंशिक रहेको/पूर्ण रहेको)			
६.	सूचना अधिकारी तोकिएको बोर्ड राखेको (नराखेको/आंशिक राखेको/राखेको)			
७.	सूचना माग र सूचना दिएको विवरण अद्यावधिक गरेको (नगरेको/आंशिक रहेको/रहेको)			
८.	कानुनले तोकेको अवधिभित्र सूचना दिनुपर्ने कुरामा सजग रहेको (नरहेको/आंशिक रहेको/पूर्ण रहेको)			
९.	मागेको सूचना उपलब्ध गराएको (नगराएको/आंशिक गराएको/गराएको)			
१०.	सूचना अधिकारीले तालिम लिएको (नलिएको/तालिम लिएको भएपनि कुरा नबुझेका/लिएको)			
११.	सूचना प्रचार प्रसार गराएको (नगराएको/आंशिक गराएको/गराएको)			
१२.	सूचना शाखा खडा गरेको (नगराएको/आंशिक गराएको/गराएको)			
१३.	सूचना अधिकारी उच्च पदको तोकिएको (नतोकिएको/तेस्रो वरियताको तोकिएको/दोस्रो वरियताको तोकिएको)			
१४.	उजुरी पेटीका राखेको र नियमित खोल्ने गरेको (नगरेको/आंशिक गरेको/गरेको)			
१५.	सार्वजनिक सुनुवाई गरेको (नगरेको/आंशिक गरेको/गरेको)			
१६.	मिट द प्रेस गरेको (नगरेको/आंशिक गरेको/गरेको)			
१७.	वेबसाइटमा प्रेस विज्ञप्ति राखेको (नराखेको/आंशिक राखेको/राखेको)			
१८.	वेबसाइट अद्यावधिक रहेको (नरहेको/आंशिक रहेको/रहेको)			
१९.	सूचनाको हक सम्बन्धमा विगत एक वर्षमा कुनै छलफल गरेको (नगरेको/आंशिक गरेको/गरेको)			
२०.	सूचनाको हक प्रचलनमा तत् निकाय अग्रसर रहेको (नरहेको/आंशिक रहेको/रहेको)			

अन्य छुट भए :

समग्र धारणा :

अनुसूची २

सर्वेक्षणमा समेटिएका मन्त्रालयहरूको सूची

क्र.सं.	मन्त्रालयको नाम
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२	अर्थ मन्त्रालय
३	आपूर्ति मन्त्रालय
४	उद्योग मन्त्रालय
५	ऊर्जा मन्त्रालय
६	कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय
७	कृषि विकास मन्त्रालय
८	खानेपानी तथा सरसफाइ मन्त्रालय
९	गृह मन्त्रालय
१०	जनसंख्या तथा वातावरण मन्त्रालय
११	परराष्ट्र मन्त्रालय
१२	पशुपंक्षी विकास मन्त्रालय
१३	भूमिसुधार मन्त्रालय
१४	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
१५	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
१६	युवा तथा खेलकुद मन्त्रालय
१७	रक्षा मन्त्रालय
१८	वन तथा भू-संरक्षण मन्त्रालय
१९	वाणिज्य मन्त्रालय
२०	विज्ञान तथा प्रविधि मन्त्रालय
२१	सहकारी तथा गरिबी निवारण मन्त्रालय
२२	सहरी विकास मन्त्रालय
२३	सामान्य प्रशासन मन्त्रालय
२४	सिंचाइ मन्त्रालय
२५	सूचना तथा संचार मन्त्रालय
२६	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
२७	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
२८	स्वास्थ्य मन्त्रालय
२९	शिक्षा मन्त्रालय
३०	शान्ति तथा पुनर्निर्माण मन्त्रालय
३१	श्रम तथा रोजगार मन्त्रालय

अनुसूची ३

प्रश्नावलीका सूचकहरूको तुलनात्मक स्थिति

क्र.सं.	मन्त्रालय र विभागहरूको नाम	सूचकहरूको अंक गणना			प्राप्तांक (१०० अंकमा)
		० अंकका सूचक संख्या	२.५ अंकका सूचक संख्या	५ अंकका सूचक संख्या	
१	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	३	५	१२	७२.५
	१. राष्ट्रिय सतर्कता केन्द्र	६	६	८	५५
	२. सार्वजनिक खरिद अनुगमन कार्यालय	४	१	१५	७७.५
२	**अर्थ मन्त्रालय**	३	५	१२	७२.५
	१. महालेखा नियन्त्रक कार्यालय		९	११	७७.५
	२. आन्तरिक राजश्व विभाग		७	१३	८२.५
	३. भन्सार विभाग		४	१६	९०
	४. राजश्व अनुसन्धान विभाग		९	११	७७.५
	५. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग	१	१०	९	७०
	६. राजश्व प्रशासन तालिम केन्द्र	५	१०	५	५०
	७. नेपाल राष्ट्र बैंक	२	२	१६	८५
	८. बीमा समिति	५	५	१०	६२.५
	९. नेपाल धितोपत्र बोर्ड	३	११	६	५७.५
३	**उद्योग**	३	२	१५	८०
	१. उद्योग विभाग	१	८	१०	७०
	२. खानी तथा भूगर्भ विभाग	२	३	१५	८२.५
	३. घरेलु तथा साना उद्योग विकास समिति	२	३	१५	८२.५
	४. घरेलु तथा साना उद्योग विभाग	३	५	१२	७२.५
	५. कम्पनी रजिष्ट्रारको कार्यालय	१	११	६	५७.५
	६. गुणस्तर तथा नापतौल विभाग	२	११	७	६२.५
४	**ऊर्जा मन्त्रालय**	२	८	१०	७०
५	**आपूर्ति मन्त्रालय**	११	४	५	३५
६	**कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय**	४	६	१०	६५
	१. न्याय सेवा तालिम केन्द्र	८	८	४	४०

७	**कृषि विकास मन्त्रालय**	१	२	१८	९५
	१. नेपाल कृषि अनुसन्धान परिषद्		४	१५	८५
	२. कृषि विभाग		२	१८	९५
	३. खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग	१	४	१५	८५
	४. राष्ट्रिय कृषि अनुसन्धान विकास कोष	१	५	१४	८२.५
	५. विउविजन तथा गुण नियन्त्रण केन्द्र	१	३	१६	८७.५
	६. कृषि सामग्री संस्थान	१	२	१७	९०
	७. व्यावसायिक कृषि तथा व्यापार आयोजना	१	२	१७	९०
८	**खानेपानी तथा सरसफाइ मन्त्रालय**	१	२	१७	९०
	१. खानेपानी तथा ढल निकास विभाग	५	७	८	५७.५
	२. आयोजना कार्यान्वयन निर्देशनालय		३	१७	९२.५
	३. मेलम्ची खानेपानी विकास समिति	३	५	१२	७२.५
	४. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड		४	१६	९०
	५. काठमाडौं उपत्यका खानेपानी लिमिटेड	३	५	१२	७२.५
	६. नेपाल खानेपानी संस्थान	१	३	१६	८७.५
९	**गृह मन्त्रालय**		२	१८	९५
	१. सशस्त्र प्रहरी बल		२	१८	९५
	२. नेपाल प्रहरी		१	१९	९७.५
	३. कारागार व्यवस्था विभाग		२	१८	९५
	४. अध्यागमन विभाग		२	१८	९५
१०	**जनसंख्या तथा वातावरण मन्त्रालय**		४	१६	९०
	१. जल तथा मौसम विज्ञान विभाग		६	१४	८५
	२. वातावरण विभाग		३	१७	९२.५
	३. वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र	१	४	१५	८५
११	**पशुपंक्षी विकास मन्त्रालय**	३	६	११	७०
	१. पशुसेवा विभाग	१	५	१४	८२.५
	२. क्षेत्रीय पशुसेवा निर्देशनालय सुर्खेत	३	३	१४	७७.५
	३. क्षेत्रीय पशुसेवा निर्देशनालय हरिहरभवन	३	२	१५	८०
	४. पशु स्वास्थ्य निर्देशनालय	१	९	१०	७२.५
	५. पशुसेवा तालिम तथा प्रसार निर्देशनालय	३	८	९	६५

	६. दुग्ध विकास संस्थान	५	६	९	६०
	७. डेरी विकास बोर्ड	४	४	१२	७०
१२	**परराष्ट्र मन्त्रालय**		४	१६	९०
	१. कन्सुलर सेवा विभाग		६	१४	८५
	२. राहदानी विभाग		५	१५	८७.५
	३. विदेशस्थित नेपाली राजदूतावास, नियोग		७	१३	८२.५
	४. परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान		६	१४	८५
१३	**भूमिसुधार तथा व्यवस्था मन्त्रालय**		४	१६	९०
	१. भूमिसुधार तथा व्यवस्थापन विभाग		७	१३	८२.५
	२. नापी विभाग		४	१६	९०
	३. भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र		६	१४	८५
	४. भू सूचना तथा अभिलेख विभाग	२	६	१२	७५
	५. राष्ट्रिय भूउपयोग आयोजना	३	५	१२	७२.५
	६. गुठी संस्थान	१	९	१०	७२.५
१४	**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**	४	२	१४	७५
१५	**महिला, बालबालिका समाजकल्याण मन्त्रालय**	१	६	१३	८०
	१. महिला तथा बालबालिका विभाग	१	७	१२	७७.५
	२. समाजकल्याण परिषद्	४	९	७	५७.५
१६	**युवा तथा खेलकुद मन्त्रालय**		४	१६	९०
१७	**रक्षा मन्त्रालय**		१	१९	९७.५
	१. नेपाली सेना		१	१९	९७.५
१८	**वन तथा भूसंरक्षण मन्त्रालय**			२०	१००
	१. वन अनुसन्धान तथा सर्वेक्षण विभाग			२०	१००
	२.राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग			२०	१००
	३. भू तथा जलाधार व्यवस्थापन विभाग			२०	१००
	४. वन विभाग	१	२	१७	९०
	५. वनस्पति विभाग	१	५	१४	८२.५

१९	**वाणिज्य मन्त्रालय**	१	४	१५	८५
२०	**विज्ञान तथा प्रविधि मन्त्रालय**		५	१५	८७.५
	१. सूचना प्रविधि विभाग		५	१५	८७.५
	२. राष्ट्रिय सूचना प्रविधि केन्द्र	२	५	१३	७७.५
	३. प्रमाणीकरण नियन्त्रकको कार्यालय		४	१६	९०
	४. बीपी कोइराला प्लानेटोरियम	९	६	५	४०
	५. राष्ट्रिय विधि विज्ञान प्रयोगशाला		४	१६	९०
	६. नास्ट		६	१४	८५
२१	**सहकारी तथा गरिबी निवारण मन्त्रालय**	१		१९	९५
२२	**शहरी विकास मन्त्रालय**	७	६	७	५०
	१. शहरी विकास तथा भवन निर्माण विभाग	६	४	१०	६०
	२. काठमाडौं उपत्यका विकास प्राधिकरण	३	५	१२	७२.५
	३. राष्ट्रिय आवास कम्पनी लिमिटेड	३	४	११	६५
	४. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र	४	५	११	६७.५
	५. नयाँ शहर आयोजना	४	९	७	५७.५
	६. उदीयमान शहरहरूमा शासकीय तथा विकास आयोजना	८	३	९	५२.५
	७. अधिकार सम्पन्न बाग्मती समिति	६	४	१०	६०
२३	**सामान्य प्रशासन मन्त्रालय**	३		१७	८५
	१. निजामती किताबखाना	५		१५	७५
	२. कर्मचारी प्रशिक्षण प्रतिष्ठान विकास समिति	६	२	१२	६५
	३. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	४	४	१२	७०
	४. निजामती कर्मचारी अस्पताल	७	७	६	४७.५
२४	**सिंचाइ मन्त्रालय**	१	१	१८	९२.५
	१. सिँचाइ विभाग		६	१४	८५
	२. जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग		६	१४	८५
२५	**सूचना तथा संचार मन्त्रालय**	२	२	१६	८५
	१. राष्ट्रिय सूचना आयोग	१	१	१८	९२.५
	२. प्रेस काउन्सिल नेपाल	२	४	१४	८०

	३. दूर संचार प्राधिकरण	४	३	१३	७२.५
	४. हुलाक सेवा विभाग	३	४	१३	७५
	५. सूचना विभाग	२	२	१६	८५
	६. गोरखापत्र संस्थान	३	७	१०	६७.५
	७. नेपाल टेलिभिजन	३	४	१३	७५
	८. रेडियो नेपाल	२	४	१४	८०
२६	**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**	१	१	१८	९२.५
	१. केन्द्रीय पंजीकरण विभाग	४	५	११	६७.५
	२. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग	२	४	१४	८०
	३. स्थानीय निकाय वित्तीय आयोग	५	२	१३	७०
	४. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	७	७	६	४७.५
२७	**संस्कृति, पर्यटन नागरिक उड्डयन मन्त्रालय**	१		१९	९५
	१. पर्यटन विभाग	१	१	१८	९२.५
	२. पुरातत्व विभाग		१	१९	९७.५
	३. पशुपति क्षेत्र विकास कोष			२०	१००
	४. नेपाल नागरिक उड्डयन प्राधिकरण	१	१	१८	९२.५
	५. नेपाल पर्यटन बोर्ड			२०	१००
	६. पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	१		१९	९५
	७. नेपाल वायुसेवा निगम	१		१९	९५
२८	**स्वास्थ्य मन्त्रालय**	२	५	१३	७७.५
	१. औषधि व्यवस्था विभाग	३	४	१३	७५
	२. आयुर्वेद विभाग	४	७	९	६२.५
	३. स्वास्थ्य सेवा विभाग	४	३	१३	७२.५
२९	**शिक्षा मन्त्रालय**			२०	१००
	१. सिटीइभिटी	३	४	१३	७५
	२. उच्च मावि शिक्षा परिषद्			२०	१००
	३. शिक्षा विभाग		३	१७	९२.५
	४. शैक्षिक जनशक्ति विकास केन्द्र	६	२	१२	६५
	५. परीक्षा नियन्त्रण कार्यालय		७	१३	८२.५
	६. पाठ्यक्रम विकास केन्द्र	५	४	११	६५

	७. अनौपचारिक शिक्षा केन्द्र	३	४	१३	७५
	८. विद्यालय शिक्षक किताबखाना		२	१८	९५
	९. शैक्षिक गुणस्तर परीक्षण केन्द्र	५	२	१३	७०
	१०. शिक्षाका लागि खाद्य कार्यक्रम	३	८	९	६५
	११. व्यावसायिक तालिम योजना	१	४	१५	८५
३०	**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**			२०	१००
	१. शान्ति तथा पुनर्स्थापना समिति	१	१	१६	८२.५
	२. द्वन्द्वोत्तर शान्ति तथा पुननिर्माण परियोजना	१	१	१८	९२.५
	३. शान्ति कोष सचिवालय	३	५	११	६७.५
३१	**श्रम तथा रोजगार मन्त्रालय**	३	९	८	६२.५
	१. श्रम विभाग	६	७	६	४७.५
	२. वैदेशिक रोजगार विभाग	६	८	५	४५
	३. सामाजिक सुरक्षा कोष	६	९	४	४२.५
	४. व्यावसायिक सीप विकास तालिम केन्द्र	६	८	५	४५
	५. वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड	४	९	६	५२.५

अनुसूची ४

सूचनाको हकको कार्यान्वयन स्थिति परीक्षणको कार्यमा सहभागी हुनुभएका महानुभावहरू (अनुसन्धाता तथा पूर्व सचिवहरू, नेपाल सरकार)

१.	श्री एकराज पाठक	अनुसन्धाता

क्र.सं.	सूचना परीक्षणमा सहभागीहरू	मन्त्रालयहरू
१.	श्री अवनीन्द्र कुमार श्रेष्ठ	सूचना तथा सञ्चार मन्त्रालय
२.	श्री आत्मारामपाण्डे	रक्षा मन्त्रालय
३.	श्री कुमार प्रसाद पौड्याल	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय
४.	ई. किशोर थापा	सहरी विकास मन्त्रालय
५.	श्री गणेश कुमार के.सी.	कृषि विकास मन्त्रालय
६.	श्री जनार्दन नेपाल	गृह मन्त्रालय
७.	श्री दिनेशहरि अधिकारी	श्रम तथा रोजगार मन्त्रालय
८.	श्री दुर्गानिधि शर्मा	सिँचाइ मन्त्रालय
९.	श्री तिलकराम शर्मा	सामान्य प्रशासन मन्त्रालय
१०.	श्री नरेन्द्र दाहाल	विज्ञान तथा प्रविधि मन्त्रालय
११.	श्री नाथु प्रसाद चौधरी	पशुपंक्षी विकास मन्त्रालय
१२.	श्री पुरूषोत्तम ओझा	उद्योग मन्त्रालय
१३.	श्री प्रताप कुमार पाठक	युवातथा खेलकुद मन्त्रालय
१४.	श्री बालकृष्ण प्रसाईं	जनसंख्या तथा वातावरण मन्त्रालय
१५.	श्री बालानन्द पौडेल	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
१६.	डा. मदनकुमार भट्टराई	परराष्ट्र मन्त्रालय
१७.	श्री माधव पौडेल	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
१८.	श्री यज्ञप्रसाद गौतम	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
१९.	श्री राजुमान सिंह मल्ल	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२०.	श्री रामचन्द्रमान सिंह	स्वास्थ्य मन्त्रालय
२१.	श्री लालमणि जोशी	आपूर्ति मन्त्रालय
२२.	श्री लालमणि जोशी	बाणिज्य मन्त्रालय

२३.	श्री विमल वाग्ले	सहकारी तथा गरिबी निवारण मन्त्रालय
२४.	श्री विमला सुवेदी	खानेपानी तथा सरसफाइ मन्त्रालय
२५.	श्री विद्याधर मल्लिक	अर्थ मन्त्रालय
२६.	श्री स्वयम्भूमान अमात्य	वन तथा भूसंरक्षण मन्त्रालय
२७.	श्री शशीशेखर श्रेष्ठ	शान्ति तथा पुनर्निर्माण मन्त्रालय
२८.	श्री शीतल बाबु रेग्मी	ऊर्जा मन्त्रालय
२९.	श्री शंकर प्रसाद पाण्डे	शिक्षा मन्त्रालय
३०.	श्री हरिप्रसाद नेपाल	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
३१.	श्री ज्ञानदर्शन उदास	भूमिसुधार तथा व्यवस्था मन्त्रालय

अनुसूची ५

सूचनाको हकको कार्यान्वयनको मन्त्रालयगत तुलनात्मक अवस्था

| क्र. स. | मन्त्रालयको नाम | सूचकहरु | | |

| क्र. स. | मन्त्रालयको नाम | सूचकहरु | | |